# शिक्षा क्षेत्र योजना (Education Sector Plan)

(२०८१/२०८२-२०८५/२०८६)




भेरीगंगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय ,सुर्खेत

**शिक्षा ,युवा तथा खेलकुद शाखा**

कर्णाली प्रदेश, नेपाल

# शिक्षा क्षेत्र योजना (Education Sector Plan)

(२०८१/२०८२-२०८५/२०८६)

भेरीगंगा नगर कार्यपालिकाको मिति २०८१।०५।०७ को निर्णय न २ वाट पारित भएको

भेरीगंगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,सुर्खेत

**शिक्षा ,युवा तथा खेलकुद शाखा**

कर्णाली प्रदेश, नेपाल

भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
छिन्चु, सुर्खेत


प्रकाशक : **भेरीगंगा नगरपालिका**
शिक्षा, युवा तथा खेलकुद शाखा
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश
फोन नं. ०८३–५४०१६९
वेवसाईट :www.bherigangamun.gov.np



सर्वाधिकारः प्रकाशकमा सुरक्षित



प्रकाशन मिति : २०८१ भाद्र

ले-आउट तथा मुद्रण :

# भनाई



शिक्षा प्राप्त गर्न पाउनु नागरिकको संविधानप्रद्धत मौलिक अधिकार हो । संविधानले माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको सन्दर्भमा गुणस्तरीय शिक्षाको प्रवन्ध गर्नु  स्थानीय सरकारको दायित्व हुन गएको छ । समाज परिवर्तनको रुपमा रहेको शिक्षालाई समयसापेक्ष, बैज्ञानिक, व्यवसायिक, सीप र रोजगारमूलक बनाउदै समाजवादउन्मूख राष्ट्र निर्माणको लागि बलियो आधारको रुपमा तयार गर्नुपर्ने आजको आवश्यकता छ । नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धता दिगो विकासको लक्ष्य, नेपालको संविधान, सोहौं योजना, कर्णाली प्रदेशको पञ्चबर्षिय योजनाको आधारपत्र, विद्यालय क्षेत्र विकास योजना आदिलाई मार्गदर्शकको रुपमा लिई यो पांच बर्षे शिक्षा क्षेत्र योजना तयार पारिएको छ ।

सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकाले विद्यालय उमेर समुहका सवै वालवालिकाहरुलाई शिक्षाको  पहुँच पुऱ्याउन, सक्षमता र सेवाप्रवाहको अवस्थालाई प्रभावकारी बनाई सबै अवसरहरू प्रत्याभूति दिनका लागि दोश्रो पांच बर्षे शिक्षा क्षेत्र योजना निर्माण गरिएको छ । सम्पूर्ण बालबालिका, युवा तथा जेष्ठ नागरिकहरूको समेत मौलिक अधिकारको संरक्षण गर्दै उनीहरूलाई सहज सुलभ, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्नका लागि यो योजना तयार पारिएको हो ।

विद्यालयतहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षालय, शिक्षाका अन्तरसम्वन्धित मुद्दाहरूसँगै समग्र शिक्षाको सुशासन र व्यवस्थापनका पाटोलाई समेटेर तयार पारिएको यस योजनाले भेरीगंगा नगरपालिकाको शैक्षिक मार्गदर्शन गर्ने कुरामा म विश्वास्त छु । यसका साथै योजना निर्माण कार्यमा प्राविधिक सहयोग गर्ने केयर नेपाल,आवाज संस्था, सबै कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास समितिका पदाधिकारीहरु,शिक्षा,युवा तथा खेलकुद शाखाका प्रमुखलगायत सम्पूर्ण सरोकारवाहरूलाई स्मरण गर्न चाहन्छु । यस योजनाको कार्यान्वयनको लागि सम्पूर्ण विकास साझेदार संस्थाहरुसंग सहकार्य गर्दै भेरीगंगा नगरपालिकाको शैक्षिक गुणस्तरलाई उच्च प्राथमिकतादिँदै शैक्षिक व्यवस्थापन, अनुगमन, मूल्याङ्कनद्वारा यसको लक्ष्य र उद्देश्यहरू पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्द योजना कार्यान्वयनमा लाग्न सबै सरोकारवाला निकाय तथा व्यक्तिहरुलाई हार्दिक अनुरोध गर्दछु ।

भाद्र, २०८१

**यज्ञ प्रसाद ढकाल**

**नगर प्रमुख, भेरीगंगा  नगरपालिका, सुर्खेत**



# भनाई

संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन, विकास र समृद्धिको आकाङ्क्षा गरे अनुसार शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगार मूलक एवम् जनमुखि बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवंम् राष्ट्र प्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्यवनाई क्रमश निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि सो तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था गरिएको छ ।

भेरीगंगा नगरपालिकाभित्रका शैक्षिक मुद्दा तथा चुनौतिहरूलाई प्राथमिकताका आधारमा समाधान गर्नका निमित्त यस नगरपालिका सम्बद्ध जनप्रतिनिधि, नगर शिक्षा समिति, विद्यालयहरू, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र अन्य सम्बद्ध शैक्षिक संस्था तथा विज्ञहरूको सहयोगमा योजनाको निर्माण कार्य सम्पन्न गरिएको छ ।

यस योजना कार्यान्वयन पश्चात भेरीगंगा नगरपालिकाको वालवालिकाहरुको जीवनोपयोगी सीपहरू, भेरीगंगा क्षेत्रका परम्परागत, मौलिक ज्ञान, सीप, सस्कृति र सभ्यताका असल पक्षहरूलाई संरक्षण र सर्म्वद्धन गर्दै नयाँ पुस्तामा हस्तान्तरणका माध्यमले शिक्षित, सुसंस्कृत र समृद्ध भेरीगंगा  नगरपालिका बनाउने अभियानमा जुटन र योजनाको कार्यान्वयमा सहयोग गर्न सवैमा हार्दिक अनुरोध गर्दछु ।

भाद्र, २०८१

**धनसरा वोहोरा**

**नगर उपप्रमुख, भेरीगंगा  नगरपालिका, सुर्खेत**



# भनाई

नेपालमा योजनावद्ध विकासको अभ्यास शुरुवात गरेको करीव सात दशक भएको छ । सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने सोचका साथ यस वर्षदेखि शुरु भएको साह्रौ योजनालाई आत्मसाथ गर्दै यस नगरपालिकाले पांच वर्षे शिक्षा योजना तयार गरी समृद्ध र सम्पन्न नगरपालिका वनाउनका लागि शिक्षामा व्यापक सुधार, पर्याप्त लगानी, गुणस्तरीय सार्वजनिक शिक्षा, दक्षजनशक्ति उत्पादन र समग्र पक्षको विकास गर्नु पर्ने अवस्था छ । नेपालको संविधानले माध्यमिकतह सम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीयतह लाई सुम्पिएको छ । संविधानले आधारभूततह सम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिकतह सम्मको शिक्षा निःशुल्क हुने भनेर मौलिकहकककारूपमा राखी सबै बालबालिकालाई शिक्षा सुनिश्चित गर्न खोजेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले आधारभूत तथा माध्यमिक शिक्षाको समग्र व्यवस्थापनकालागि स्थानीयतहलाई दिएको अधिकारको सन्दर्भमा शिक्षासम्बन्धी आवश्यक पर्ने कानुन निर्माण देखि कार्यान्वयनमा थुप्रै प्रयासहरु भइरहेका छन् । तीन तहको सरकारसंग एकआपसमा समन्वय र सहकार्य गर्दै राखिएका योजनाहरुमा कार्यक्रमगतरुपमा सहकार्य हुने आसाका साथ यो पांच बर्षे शिक्षा क्षेत्र योजनाको निर्माण कार्य सम्पन्न भएको छ । यस नगरपालिकाको शैक्षिक क्षेत्रमा देखिएका विभिन्न समस्या तथा चुनौतिहरुलाई सही ढंगबाट समाधान गरी सिंगो नगरपालिकाको शैक्षिक उन्नयनमा यस योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्नेमा म पूर्ण विश्वस्त छु ।

अन्त्यमा, नगरपालिकाले पांच बर्षसम्मका लागि अगाडि सारेका सोंच एवम् परिकल्पनालाई समेटेर बनाइएको विस्तृत शैक्षिक योजनाको प्रभावकारी कार्यान्वयनकालागि सम्पूर्ण सरोकारवालहरुमा अनुरोध गर्दै योजना निर्माणमा सहभागी हुनु भएका सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

भाद्र, २०८१

**कृष्ण प्रसाद पोखेल**
**प्रमुख प्रशासकीय अधिकृत**



# भनाई

नेपालको संविधानको अनुसुची ८ ले आधारभूत र माध्यमिकशिक्षा स्थानीयतहको अधिकार क्षेत्रभित्र परेको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको २३ वटा आधिकार स्थानीयतहलाई प्रदान गरेको सन्दर्भमा संविधान र कानुनले अङ्गिकार गरेको व्यवहारलाई आत्मसात गर्दै समतामूलक, गुणस्तरीय तथा सिपमूलक शिक्षामा वृद्धि; भेरीगंगा नगरको शैक्षिक सम्वृद्धि को परिकल्पनालाई साकार पार्न शैक्षिक पहुँच र व्यवस्थालाई अग्रस्थानमा राख्न जरूरी देखिएको छ।

वि.सं. २०१३ सालदेखि नेपालमा योजनावद्ध विकास भए पनि वि.सं. २०५७ सालदेखि शिक्षालाई विकेन्द्रीत योजनाको रूपमा निमार्ण गर्न शुरूवात गरेसंगै स्थानीयतहमा जनसमुदाय र सरोकारवालापक्षको संलग्नतामा जिल्ला शिक्षा योजना र गाउँ तथा नगर शिक्षा योजनानिर्माण तथा कार्यान्वयनको गर्ने गरेको पाइन्छ। संघीयता स्थापनापछिको समयमा राज्यको पुनर्संरचनासंगै संघ, प्रदेश र स्थानीयतह गरी तीनवटै तहका सरकारहरुले शिक्षालाई साझा र एकल दुबै अधिकारको रुपमा बोध गरी कार्य गर्ने सन्दर्भमा नयाँ शिक्षा क्षेत्र योजनाको आवश्यकता परेको देखिन्छ। विद्यालय क्षेत्र विकास योजनाको समाप्ति पछि तीन वटै तहमा एउटै कार्यढाँचामा निर्माण भएको यस योजनाले भेरीगंगा नगरपालिकालाई पांच बर्ष पछि शैक्षिक गन्तव्य बन्ने कुरामा आशाबादी रहेको छु।

यो योजना निर्माणमा योजना निर्माण प्राविधिक समितिको काम अत्यन्तै प्रंशंसनीय रहेको छ। आदरणीय नगरप्रमुख, उपप्रमुख, सामाजिक विकास समिति, कार्यपालिका र शिक्षा समितिका पदाधिकारीहरु, प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरु एवं वालक्लवका विद्यार्थी भाइ वहिनीहरु तथा योजनालाई निखार ल्याउनका लागि आआफ्नो ठाउँबाट अमूल्य सहयोग, सुझाव र पृष्ठपोषण प्रदान गर्नुहुने सम्पूर्ण शैक्षिक सराकारवालाहरुमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु। योजना निमार्णमा समन्वय र सहकार्य गर्ने केयर नेपालको आर्थिक सहयोग र आवाज संस्थाको सहकार्यमा सहजिकरण गर्नुहुने शिक्षाविद श्री जीत वहादुर शाह र उपप्राध्यापक श्री ललितजंग शाही लाई हार्दिक धन्यवाद दिन चाहन्छु। योजना निर्माणका क्रममा शुरुदेखि नै सहयोग गर्ने आवाज संस्थाका कार्यक्रम अधिकृत श्री तपेन्द्र सावद लगायत लाई सम्झन चाहन्छु। अन्त्यमा यस योजनाको प्रभावकारी कार्यान्वयनको लागि सरकारी तथा विकास साझेदारहरुवाट पूर्ण रुपमा सहयोगको अपेक्षा गरेको छु।

भाद्र, २०८१



**गजेन्द्र कुमार जि सी**
**शाखा अधिकृत (आठौं),भेरीगंगा नगरपालिका**

# विषय-सूची

*विषय-सूची* *8*

## परिच्छेदः१ःपरिचय 1

१.१ पृष्ठभूमि 1
१.१.१अवधारणा 1
१.१.२ सन्दर्भ 2
१.१.३ शिक्षा क्षेत्र योजना निर्माणका आधारहरू 3
१.२ शिक्षा क्षेत्र योजना तर्जुमा विधि तथा प्रक्रिया 3
१.३ भेरीगंगा नगरपालिकाको परिचय 4
१.५ शिक्षा क्षेत्रको समष्टिगत प्रमुख समस्या, चुनौति तथा अवसरहरु 7

## परिच्छेदः२ः नयाँ शिक्षा क्षेत्र योजना 10

२.१ सन्दर्भ र औचित्य 10
२.२ दीर्घकालीन राष्ट्रिय सोच 12
२.३ स्थानीय तहको दीर्घकालीन सोच तथा गन्तव्य 12
२.४ लक्ष्य 12
२.५ उद्देश्यहरू 12
२.६ रणनीतिहरू 13
२.७ प्रमुख उपलब्धि सूचकहरू (KPI) 15
२.८ उपलब्धि 17

## परिच्छेदः३ः शिक्षाका उप-क्षेत्रहरू 19

३.१ प्रारम्भिक बालविकास र शिक्षा 19
*३.१.१ वर्तमान अवस्था 19*
*३.१.२ लक्ष्य 21*
*३.१.३ उद्देश्य 21*
*३.१.४ रणनीतिहरू 21*
*३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 22*
*३.१.६.१ उपलब्धिः 22*
*३.१.६.२ प्रमुख नतिजाः 22*
*३.१.६.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः 22*
३.२ आधारभतू शिक्षा 24
*३.२.१ वर्तमानअवस्था 24*
*३.२.२ लक्ष्य 26*
*३.२.३ उद्देश्य 26*
*३.२.५उपलब्धि, नतिजा, प्रमुखक्रियाकलाप र लक्ष्य 28*
*३.२.५.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः 29*
३.३ माध्यमिक शिक्षा 31

*३.३.१ वर्तमान अवस्था* 31
*३.३.२ लक्ष्य* 33
*३.३.३ उद्देश्य* 33
*३.३.४ रणनीतिहरू* 34
*३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* 35
*३.१.५.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः* 35
३.४ पाठ्यक्रम र मूल्यांकन 38
*३.४.१ वर्तमान अवस्था* 38
*३.४.२ लक्ष्य* 39
*३.४.३ उद्देश्य* 39
*३.४.४ रणनीतिहरू* 39
*३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* 40
३.५ शिक्षक व्यवस्थापन र विकास 42
*३.५.१ वर्तमान अवस्था* 42
*३.५.२ लक्ष्य* 43
*३.५.३ उद्देश्य* 43
*३.५.४ रणनीतिहरू* 43
*३.५.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* 44
३.६अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ 46
*३.६.१ वर्तमान अवस्था* 46
*३.६.२ लक्ष्य* 47
*३.६.३ उद्देश्य* 47
*३.६.५ रणनीतिहरू* 47
*३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* 48
३.७ प्राविधिक तथा व्यावसायिक शिक्षा 50
*३.७.१ वर्तमान अवस्था* 50
*३.७.२ लक्ष्य* 51
*३.७.३ उद्देश्य* 51
*३.७.४ रणनीतिहरू* 51
*३.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* 52
**परिच्छेदः४ः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु 54**
४.१ शैक्षिक समता र समावेशीकरण 54
*४.१.१ वर्तमान अवस्था* 54
*४.१.२ लक्ष्य* 55
*४.१.३ उद्देश्य* 55
*४.१.४ रणनीतिहरू* 56
*४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* 56
४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम 58
*४.२.१ वर्तमान अवस्था* 58
*४.२.२ लक्ष्य* 59
*४.२.३ उद्देश्य* 59

*४.२.४ रणनीतिहरू* *59*
*४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* *60*
४.३ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा 62
*४.३.१ वर्तमान अवस्था* *62*
*४.३.२ लक्ष्य* *63*
*४.३.३ उद्देश्य* *63*
*४.३.४ रणनीतिहरू* *63*
*४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* *64*
४.४ विद्यालय भौतिक पूर्वाधार विकास 65
*४.४.१ वर्तमान अवस्था* *65*
*४.४.२ लक्ष्य* *66*
*४.४.३ उद्देश्य* *66*
*४.४.४ रणनीतिहरू* *66*
*४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* *67*
४.५ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि 68
*४.५.१ वर्तमान अवस्था* *68*
*४.५.२ लक्ष्य* *69*
*४.५.३ उद्देश्य* *69*
*४.५.४ रणनीतिहरू* *69*

**परिच्छेद:५:सुशासन तथा व्यवस्थापन** **73**

५.१संस्थागत क्षमता विकास 73
*५.१.१ वर्तमान अवस्था* *73*
*५.१.२ लक्ष्य* *75*
*५.१.३ उद्देश्य* *75*
*५.१.४ रणनीतिहरू* *75*
*५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* *75*
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध 77
*५.२.१ वर्तमान अवस्था* *77*
*५.२.३ लक्ष्य* *78*
*५.२.४ उद्देश्य* *79*
*५.२.५ रणनीतिहरू* *79*
*५.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* *80*
५.३ अनुगमन तथा मूल्यांकन 81
*५.३.१ वर्तमान अवस्था* *81*
*५.३.३ लक्ष्य* *82*
*५.३.४ उद्देश्य* *82*
*५.३.५ रणनीतिहरू* *82*
*५.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* *82*

**परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन** **84**

*६.१ वर्तमान अवस्था* *84*
*६.३ लक्ष्य* *86*
*६.४ उद्देश्य* *86*
*६.५ रणनीतिहरू* *86*
*६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* *87*
६.७ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान 88
**परिच्छेद ७: मुख्य उपलब्धी सूचकहरु** **90**
७.१ मुख्य मुख्य कार्यसम्पादनका सूचकहरु 90
**(APPENDICES)** **92**
**अनुसूची १** **92**
**भेरीगंगा नगरपालिकाका जनप्रतिनिधिहरूको विवरण** **92**
**अनुसूची २** **94**
**अनुसूची ३** **96**
**अनुसूची ४** **97**
**अनुसूची ५** **98**

# परिच्छेदः१ःपरिचय

## १.१ पृष्ठभूमि

### १.१.१अवधारणा

नेपालको संघिय संरचनाको कार्यान्वयको मान्यता र सिद्धान्त अनुरुप नेपालको संविधानमा उल्लिखित अधिकार र दायित्वहरुको अधीनमा रहेर स्थानीय तहहरुले आफ्ना क्षेत्रभित्रका लागि आफैं कानून बनाउनुपर्ने व्यवस्था रहेकोछ । संविधानमा उल्लेखित अधिकारको प्रयोग अन्तर्गत स्थानीय तह सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ - ज मा स्थानीय तहले शिक्षासम्बन्धी गर्नु पर्ने काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। यस दफालेसंविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीमा राखेको आधारभूत र माध्यमिक शिक्षासम्बन्धी व्यवस्थालाई कार्यान्वयनमा ल्याउने प्रयासको निरन्तरताको लागि यो योजना तर्जुमा गरिएको छ। नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच र आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ। जस अन्तर्गत, प्रारम्भिक बालविकास तथा शिक्षा,आधारभूत शिक्षा,अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड,योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने,नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक संविधानले प्रदान गरेको छ। यसै संबैधानिक व्यवस्था अनुरुप यस भेरीगंगा नगरपालिकाको समग्र शिक्षाक्षेत्र विकासको लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गरी माध्यामिक र आधारभूत विद्यालय तहसम्मको शिक्षाको मार्गचित्र तयार गर्नका लागि यो शिक्षा क्षेत्र योजना तर्जुमा गरिएको हो ।राष्ट्रिय शिक्षा नीति-२०७६ ले नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षासम्बन्धी मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी,प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो शिक्षा क्षेत्र योजना आवश्यक रहेकोछ। सङ्घीय ढाँचा अनुरूप स्थानीय तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढङ्गले सञ्चालन गरी सबै नागरीकको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकुल शिक्षा नीतिगरुरत हुने भएकोले यो शिक्षा क्षेत्र योजना तर्जुमा गरिएको छ। शिक्षा क्षेत्रका नीतिहरूलाई एकीकृत र संहिताबद्ध गरी एकीकृत राष्ट्रिय शिक्षा नीतिको खाँचो पूरा गर्ने ध्येयले यो शिक्षा क्षेत्र योजना तर्जुमा गरिएको हो ।

### १.१.२ सन्दर्भ

शिक्षा ऐन २०२८ ले कानुनी रुपमा विद्यालय क्षेत्रको संरचनालाई प्रारम्भिक बाल विकास शिक्षा अन्तर्गत ४ वर्ष उमेर समूहका बालबालिकाहरु १ वर्षको लागि सहभागी हुने व्यवस्था गरेको छ । यसै गरी (५-१२) वर्षका बालबालिकाका लागि ८ वर्षे अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र (१३—१६) वर्ष उमेर समूहका लागि ४ वर्षे निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहने व्यबस्था उल्लेख गरेको छ । सोही दायित्वलाई मनन् गरी संविधान बमोजिम राष्ट्रिय शिक्षा नीति २०७६ र शिक्षा क्षेत्रको १० वर्षे विकास योजना (२०२१—२०३०) कार्यान्वयको क्रममा रहेको हुदा यी उल्लिखित राष्ट्रियस्तरका शैक्षिक दस्तावेजहरुको आधारमा यस भेरीगंगा नगरपालिका क्षेत्र भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका आधारभूत तथा माध्यामिक विद्यालयकोव्यवस्थापन सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न आवश्यक भएकोले यस भेरीगंगा नगरपालिकाको शिक्षा क्षेत्र योजना तर्जुमा गरि कार्यान्वयन गर्न लागिएको हो।नेपालको संविधान-२०७२ बमोजिम स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकारलाई कार्यान्वयन गरि यस भेरीगंगा नगरपालिकामा शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी,प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको अधिकारलाई सुनिश्चित गर्ने उदेश्य सहित यो योजना तर्जुमा गरिएको छ। नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामुलक पहुँच सुनिश्चित गर्नुका साथै गुणस्तर सुधारका निमित्त विगतमा कार्यान्वयनमा ल्याएको सात वर्षे विद्यालय क्षेत्र सुधार योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन यस भेरीगंगा नगरपालिकाको शिक्षा क्षेत्र योजनाले महत्वपूर्ण भूमिका खेल्ने भएको हुदा यो शिक्षा योजना तर्जुमा गरि कार्यान्वयमा ल्याईएको छ।

यस भेरीगंगा नगरपालिकाको शिक्षा क्षेत्र विकासका अन्तर्गत नि:शुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता हर्ने;गुणस्तरीय प्रारम्भिक बालविकासहेरचाह र पूर्वप्राथमिक शिक्षामा पहुँचको सुनिश्चित गर्ने; गुणस्तरीय प्राविधिक, व्यावसायिक शिक्षामा सबै समान पहुँचको सुनिश्चितता गर्ने; रोजगारी,मर्यादित जागिर र उद्यमशीलताको निम्ति सान्दर्भिक सिप र दक्षताको विकास गर्ने; र शिक्षामा लैङ्गिक समानताको पहुँच सुनिश्चितता गर्ने लक्ष्यसहित यो योजना तर्जुमा गरिएको हुदा यस नगरपालिकाको शिक्षा क्षेत्रको समग्र विकासका लागि विभिन्न क्षेत्रसँग सहकार्य गर्दे स्थानीय तहको जनशक्ती र आवश्यकतालाइ समेटी कार्यन्वयन गर्दा अझ प्रभावकारी हुने देखिन्छ । यो योजना निर्माणको सन्दर्भ अन्तर्गत दिगो विकासको लक्ष्य २०३० ले निर्दिस्ट गरेको समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवद्र्धन गर्नु रहेको छ ।

मूलतः यो शिक्षा योजना  भेरीगंगा नगरपालिकाकोविशेषताहरुमा आधारित शिक्षा क्षेत्रको एकीकृत तथा बहुविषयक योजना हो। यसले यस नगरपालिकाको शिक्षा क्षेत्रकोको दर्घिकालिन सोच, शिक्षा क्षेत्रविकासको समष्टिगत लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गरी नगरपालिकाको समग्र शिक्षा विकासको भविष्यको मार्गचित्रण

तयार गर्दछ । यस प्रक्रियामा स्थानीय विकासका साझेदार एवं सरोकारवालाको पहिचान भई प्रभावकारी परिचालनको आधार तयार गरेको छ ।

### १.१.३ शिक्षा क्षेत्र योजना निर्माणका आधारहरू

नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पांच वर्षे विद्यालय शिक्षा क्षेत्र योजना तयार गरेको छ। त्यसै गरी कर्णाली प्रदेशको शिक्षा क्षेत्रको पांच वर्षे शिक्षा योजना निर्माणभैसकेको अवस्थामा सङ्घीय सरकार, प्रदेश सरकार एवम् स्थानीय सरकारबीच समन्वय र सहकार्य गरी सामुहिक लक्ष्य र उद्देश्य प्राप्त गर्नको लागि शिक्षा योजनाको आवश्यकता महसुष गरी विद्यालय शिक्षा क्षेत्र योजनामा आधारित रहेर यो शिक्षा योजना तयार पारिएको हो। यो शिक्षा योजना तर्जमा गर्नुका मुख्य आधार निम्नानुसार रहेका छन्;

- क) नेपालको संविधान
- ख) विद्यमान ऐन नियम नीतिहरु
- ग) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच
- घ) राष्ट्रिय/प्रादेशिक आवधिक योजना
- ङ) दीगो विकास लक्ष्य
- च) नेपाल सरकार तथा प्रदेश सरकारको मार्गदर्शन
- छ) विभिन्न राजनीतिक दलको घोषणापत्रयोजना निर्माणका आधारहरु

## १.२ शिक्षा क्षेत्र योजना तर्जुमा विधि तथा प्रक्रिया

भेरीगंगा नगरपालिकाको नेतृत्वमा केयर नेपालर आवाज संस्थाको प्राविधिक सहयोगमा र स्थानीय शिक्षा क्षेत्रका सरोकारवालाहरुको सक्रियतामा सहभागितामूलक तरिकाबाट राष्ट्रिय तथा प्रादेशिक शिक्षा क्षेत्र विकासका लक्ष्य र भेरीगंगा नगरपालिकाको समग्र शिक्षा क्षेत्र विकासको अवधारणामा आधारित भएर यो शिक्षा योजना तर्जुमा गरिएको छ । यो आवधिक शिक्षा योजना तर्जुमा गर्दा स्थानीय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शन २०७८को अतिरिक्त सम्बन्धित प्राप्त सबै नीति निर्देशन समेतलाई ध्यान दिइएकोछ।भेरीगंगा नगरपालिका क्षेत्रभित्रका विद्यालयका अभिभावक,शिक्षाप्रेमी,समाजसेवी,बुद्धिजीवी लगायतका शिक्षासरोकारवालाहरूसँगको प्रत्यक्ष सहभागितामा क्षेत्रगत/ समूहगत छलफल, सामुदायिक अंक पत्र, समस्या वृक्ष, तथा सन्दर्भ सामग्रीको पुनरावलोकन विधिको प्रयोगवाट शिक्षा क्षेत्रको अवस्था विश्लेषण गरि यो योजना निर्माणको आधार तयार गरिएको छ। शिक्षाको विगतको अनुभव,वर्तमान अवस्थाको पहिचान र भावी कार्यक्रमको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई कार्यन्वयन तहसम्म पुर्याइ प्रतिफल दिन आफैंमा कठिन र चुनौतिपूर्ण छ । यसको कार्यान्वयनमा थप सफलता हासिल गर्नका लागि सहभागितामुलक तरिकाले योजना निर्माणलाई मूख्य जोड दिइएको छ। यो आवधिक शिक्षा योजना ऐन, नियम र निर्देशिकामा भएका व्यवस्थाको समेत उपयोग गरी निम्न विधि र प्रक्रिया पुरा गरी तर्जुमा गरिएको छ।

- शिक्षा क्षेत्र संग सम्बन्धित ऐन,नियम,निर्देशिका तथा प्रतिवेदन अध्ययन(नेपालको संविधान,शिक्षा ऐन २०२८ तथा नियमावली२०५९, भेरीगंगा शिक्षा ऐन,स्थानीय सरकार सञ्चालन ऐन-२०७४, विद्यालय क्षेत्र विकास योजना,प्रदेश सरकारको वस्तुस्थिति र अन्य आधारपत्रहरूको समेत) पुनरावलोकन,
- योजना तयारी कार्यशाला गोष्ठी तथा योजना निर्माण समिति तथा कार्यदल गठन,
- तथ्यांक/सूचना संकलन तथा विश्लेषण,
- योजना तर्जुमा कार्यशाला गोष्ठी तथा शिक्षाका उपक्षेत्र अनुसारका विषयगत जिम्मेवारी बाडफाडः योजनामा सम्बन्धित निकाय र विशेषज्ञको  सहभागिता,
- विद्यालयका प्रधानाध्यापक, वि.व्य.स.अध्यक्ष, शिक्षक अभिभावक सङ्घका अध्यक्ष/ प्रतिनिधि, शिक्षाप्रेमी र सरोकारवालासँगको छलफल,योजना दस्तावेजीकरण तथा योजनाको रुपरेखा तयारी
- मस्यौदा योजना माथि छलफल तथा प्रमाणीकरण कार्यशाला गोष्ठीः योजनोको स्थानीय अपनत्व र साझेदारको स्वामित्व, विशिष्ठ व्यक्तिहरुको सल्लाह सुझाव तथा पृष्ठपोषण
- तयार भएको योजना खाकालाई पुनः एकपटक सरोकारवालाहरूसँग प्रस्तुत-थप सुझाव र पृष्ठपोषण सङ्कलन गरिएको योजनालाई मूर्तरुप दिन छलफल तथा कार्ययोजना निर्माण
- विज्ञहरूको सुझाव र पृष्ठपोषणका आधारमा योजना निर्माण गरी कार्यपालिकाबाट स्वीकृतः आवधिक शिक्षा योजनाको वैधानिक आधार

## १.३ भेरीगंगा नगरपालिकाको परिचय

### १.३.१ ऐतिहासिक पृष्ठभूमी

सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिकासँगै जोडिएको पूर्वि क्षेत्रमा अवस्थित यो नगरपालिका जिल्लाको दोश्रो नगरपालिकाको रुपमा रहेको छ। यो नगरपालिका वि.सं. २०७१ साल मंसीर १६ को नेपाल सरकारको निर्णयअनुसार साविक छिन्चु, रामघाट र मैनतडा गाविसहरु मिलेर बनेको हो। हाल साविकको लेखपराजुल गाविससमेत थप गरिएको छ। पूर्वमा बबई नदी, पश्चिममा भेरी नदीसम्म फैलिएको छ। नगरपालिकाको नाम भेरीगंगा नामाकरण गर्नुमा यस क्षेत्रमा बग्ने भेरीनदी र स्थानिय गंगामाला देउतीबज्यै मन्दिरको उत्पती स्थल रहेको पाइन्छ । यी दुबैको समिश्रणबाट भेरीगंगा राखिएको हो ।

### १.३.२ भौगोलिक अवस्थितिः

भेरीगंगा नगरपालिकाको अक्षांश २८० २२' ११" उत्तरदेखि २८० ३४' ०८" उत्तरसम्म र देशान्तर ८१० ३१' ५१" पूर्वदेखि ८१० ५०' १६" पूर्वसम्म फैलिएको छ । क्षेत्रफलको हिसाबले सुर्खेतका ५ नगरपालिकामध्ये यो नगरपालिका तेश्रो ठूलो नगरपालिका हो, जसको क्षेत्रफल २५६.२ वर्ग कि.मी. रहेको छ । यो नगरपालिका विरेन्द्रनगर देखि २७ कि.मि को दुरीमा समुद्र सतह देखि ५००मिटर देखि १४०० मिटरको उचाइमा रहेको यो नगरपालिकामा समशितोष्ण हावापानी पाइन्छ ।

### १.३.३ जनसाङ्ख्यिक संरचनाः

२०७८ सालको जनगणनाअनुसार कुल जनसंख्या ४८ हजार २ सय ३ जना, पुरुष २२ हजार ५ सय ३८ जना र महिला २५ हजार ६ सय ६५ जना रहेका छन्। सबै जातजातिहरुको मिश्रीत बसोबास रहेको यस नगरपालिकामा विशेष गरी क्षेत्री, ब्राह्मण, दलित तथा मगर जातीहरुको बसोबास रहेको छ भने आदीबासी लोपोन्मुख राजी समुदायको पनि बसोबास रहेको छ ।

### १.३.४ सामाजिक तथा साँस्कृतिक अवस्थाः

भेरीगंगा नगरपालिकामा जातिय रुपमा मिश्रित बसोबास रहेको छ। बिशेषगरी ब्राह्मण, क्षेत्री, मगर, दलित, राजीहरुको बसोबास रहेको छ । यस क्षेत्रका समुदायले नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेको पाईन्छ ।

### १.३.५ आर्थिक अवस्थाः

यस क्षेत्रमा उद्योग, व्यापार, पर्यटन, व्यावसायिककृषिपशुपालनको माध्यमबाट यस क्षेत्रका मानिसहरुको जिविकोपार्जन भएको देखिन्छ। सुर्खेतको पूर्व पश्चिम राजमार्गसम्म जोड्ने रत्न राजमार्गको अधिकतम खण्ड यसै नगरपालिका अन्त्तगत पर्ने र सुर्खेत जाजरकोट सडक पनि यसै नगरपालिका हुँदै जाने दुरत आर्थिक विवकासको प्रवल सम्भावना यस नगरपालिकाले बोकेको छ।यो क्षेत्रमा खेतीयोग्य जमीनभएपनि सिंचाई अभाव तथा उच्च आधुनिक प्रविधिको अभावमा यहाँका मानिसहरू जिविकोपार्जनकालागि व्यावसाय, कृषि,पशुपालन, ज्यालामजदुरीका अतिरिक्त अन्य बैकल्पीक रोजगारीका अवसरहरु खोजी गरेको पाइन्छ।

### १.४ शिक्षा क्षेत्रको समग्र विश्लेषण

प्रारम्भिक बालिविकास तथा शिक्षा, ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व नगरपालिकाको रहेको छ । नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, २०७६, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ आदि जस्ता शिक्षासम्बन्धी संघीय कानुनहरूले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेका छन्। शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका साथै गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य शिक्षाका संघीय नीति तथा योजनाहरूमा उल्लेख भएको देखिन्छ ।

यस नगरपालिकाको शैक्षिक सत्र २०८० को सूचकगत तथ्याङ्क निम्नानुसार रहेको देखिन्छ;

| सूचकहरू | प्रारम्भिकबाल विकास तथा शिक्षा | आधारभूतशिक्षा (कक्षा १-८) | माध्यमिकशिक्षा (कक्षा ९-१२) |
|---|---|---|---|
| कुल भर्ना दर (GER) | ९७.५० | ११६ | ७३.३६ |
| खुद भर्ना दर(NER) | ७८ | ९५.४९ | ६०.९६ |
| विद्यार्थी टिकाउ दर | ७५ | ८६.९९ | ७६.०० |
| औसाद विद्यार्थी उतीर्ण दर | | ८९.५ | ८९.३४ |
| कक्षादोहो-याउने दर | १५ | ४.७५ | ४.५ |
| विद्यालय छाड्ने दर कक्षा | ५ | ३.२५ | १.९ |

भेरीगंगा नगरपालिकामा शिक्षाको वर्तमान अवस्थालाई तल उल्लेख गरिएको छ ।

**सञ्चालित तहका आधारमा विद्यालयको विवरण**

| क्र. सं. | प्रकार | बालविकास/ पूर्वप्राथमिक | आधारभूत तह (कक्षा १-५) | आधारभूत तह (कक्षा १-८) | माध्यमिक तह (कक्षा १-१०) | माध्यमिक तह (कक्षा १-१२) |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक | ५८ | २७ | ९ | ५ | १० |
| २ | संस्थागत | १६ | ७ | ५ | १ | २ |
| जम्मा | | ७४ | ३४ | १४ | ६ | १२ |

**नगरपालिकाको शिक्षक दरबन्दी विवरणः**

| प्राथमिक तह | | निम्न माध्यमिक तह | | माध्यमिक तह | | उच्च माध्यमिक तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| दरबन्दी | राहत | दरबन्दी | राहत | दरबन्दी | राहत | दरबन्दी | राहत | दरबन्दी | राहत |
| १२८ | ४२ | २१ | २४ | ९ | ९ | ४ | २ | १६२ | ७७ |

**शैक्षिक सत्र २०८०अन्तर्गत सबै विद्यार्थीको विवरण**

| क्रसं | तह | कुल विद्यार्थी संख्या | | | कुल दलित विद्यार्थी संख्या | | | कुल जनजाती विद्यार्थी संख्या | | | कुल मदेशी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | प्रारम्भिक बाल विकास | १००३ | १२५६ | २२५९ | ३८४ | ४३५ | ८१९ | १६९ | १९९ | ३६८ | ७ | ९ | १६ |
| २ | आधारभूत तह (१-५) | २८१२ | ३२२७ | ६०३९ | १०६४ | १३११ | २३७५ | ३९० | ४१० | ८०० | २० | १८ | ३८ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | आधारभूत तह (६-८) | १८७७ | १९०३ | ३७८० | ७८५ | ७११ | १४९६ | २६७ | ३२३ | ५९० | ११ | ११ | २२ |
| ४ | माध्यमिक तह (९-१०) | ११३५ | १०६३ | २१९८ | ४१० | ३७६ | ७८६ | १७० | १४४ | ३१४ | ९ | ८ | १७ |
| ५ | माध्यमिक तह (११-१२) | ७१५ | ५९६ | १३११ | २३४ | २०७ | ४४१ | ११३ | ६० | १७३ | ९ | १ | १० |
| **जम्मा** | | ७५४२ | ८०४५ | १५५८७ | २८७७ | ३०४० | ५९१७ | ११०९ | ११३६ | २२४५ | ५६ | ४७ | १०३ |

**शैक्षिक सत्र २०८०अन्तर्गत सबै विद्यार्थीको अपाङ्गता अनुसारको विवरण**

| क्रसं | तह | सबै विद्यालय | | | सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | प्रारम्भिक बाल विकास | २ | ० | २ | २ | ० | २ | | | |
| २ | आधारभूत तह (१-५) | ३ | २० | २३ | ३ | २० | २३ | ० | ० | ० |
| ३ | आधारभूत तह (६-८) | ७ | ४ | ११ | ७ | ४ | ११ | ० | ० | ० |
| ४ | माध्यमिक तह (९-१०) | ४ | ८ | १२ | ४ | ८ | १२ | ० | ० | ० |
| ५ | माध्यमिक तह (११-१२) | १ | २ | ३ | १ | २ | ३ | ० | ० | ० |
| जम्मा | | १७ | ३४ | ५१ | १७ | ३४ | ५१ | ० | ० | ० |

## १.५ शिक्षा क्षेत्रको समष्टिगत प्रमुख समस्या, चुनौति तथा अवसरहरु

### १.५.१ शिक्षा क्षेत्रका प्रमुख समस्याहरू

- विषयगतरुपमा र कक्षागत रुपमा शिक्षकहरुको दरवन्दी नहुनु ,
- बाल विकासका केन्द्रलाई व्यवस्थापन गर्न नसक्नु,विद्यालय शिक्षाको अवसरको नक्शांकन हुन नसक्नु
- बालबालिकामा पठन सीप तथा संस्कृतिको विकास गर्न नसक्नु, अनुगमन तथा सुपेरीवेक्षण नियमित गर्न नसक्नु
- सिकाइ उपलब्धि वृद्धि गर्न नसक्नु,सीमान्तकृत तथा विपन्न समुदायका लगायत अन्य बालबालिकाहरूलाई विद्यालय शिक्षामा सहभागितामूलक पहुँच र गुणस्तरको सुनिश्चितता गर्ननसक्नु
- विद्यालयहरु बालमैत्री निर्देशिका अनुरुप वालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार नहुनु तथा संचालन हुन नसक्नु
- बालबालिकाहरुलाई विद्यालयमा टिकाइ राख्न नसक्नु, विद्यालय शिक्षा लैंगिकमैत्री, अपांगमैत्री हुन नसक्नु, प्रारम्भिक बाल विकास तथा विद्यालय शिक्षामा न्यूनतम शैक्षिक तथा भौतिक मापदण्ड पुरा हुन नसक्नु
- शिक्षकहरुलाई समयानुकुल ज्ञान, सिप र सुचना तथा संचार प्रविधिमैत्री बनाउन नसक्नु र प्राप्त तालिम गोष्ठि तथा कार्यशालाबाट प्राप्त ज्ञान र सिपलाइ शैक्षिणि कृयाकलापमा प्रयोगमा नल्याउनु
- प्राविधिक तथा व्यवसायिक शिक्षा प्राप्त गरेका जनशक्तिको बजार व्यवस्थापन गर्न नसक्नु,

- सबै विद्यालयमा सूचना प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन गर्न नसक्नु,
- सबै बालबालिकालाई विद्यालयमा ल्याउन, टिकाउन र ती बालबालिकाको शैक्षिक गुणस्तर वृद्धि गर्न नसक्नु,
- विद्यालयमा सुशासन, पारदर्शिता कायम राख्न नसक्नु, उपर्युक्त भौतिक पुर्वाधारको विकास गर्न नसक्नु, विद्यालयहरु भौतिक रुपले सुरक्षित, मनोवैज्ञानिक रुपले भयरहित र विद्यालय शान्ति क्षेत्र हुन नसक्नु,
- आसातित शैक्षिक उपलव्धी हासिल गर्न नसक्नु ।

## १.५.२ शिक्षा क्षेत्रका चुनौतीहरू

- यस भेरीगंगा नगरपालिका अन्तर्गतका असहाय, अभिभावकविहिन तथा आर्थिक रुपमा अति विपन्न परिवारका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन र टिकाउन चुनौतीपूर्ण रहेको छ,
- अपाङ्गता भएका बालबालिकाहरुलाई स्रोतकक्षामा व्यवस्थापन गर्न र शिक्षा प्रदान गर्न नसक्नु,
- विद्यालय शिक्षक दरवन्दी व्यवस्थापन, निःशुल्क तथा अनिवार्य शिक्षाको कार्यान्वयन, पाठ्यक्रम पाठ्यपुस्तक तथा मुल्यांकन प्रणालीमा उल्लेख्यरुपमा सुधार गर्न नसक्नु,
- शिक्षा नीतिगत व्यवस्थामा एकरुपता ल्याउनुका  साथै नियमानुसार दक्ष जनशक्ति (प्रविधिमैत्री) व्यवस्थापन तथा स्रोत व्यवस्थापन गर्न चुनौतीपूर्ण रहेको छ;
- शिक्षाको निःशुल्क, सर्वसुलभता र समन्यायिकता कायमका साथै सार्वजनिक विद्यालयप्रति सबै नागरिकको अपनत्व र बुझाइमा एकरुपता ल्याउन चुनौतीपूर्ण रहेको छ;
- शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रयोग, विपत व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरणका क्षेत्रमा आवश्यकता अनुरुप सुधार हुनु नसक्नु,
- सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्र कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु नसक्नु अर्को चुनौतीको विषयको रुपमा रहेको छ;
- बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत
  स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत प्रदान गर्नु नसक्नु;
- गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ शैक्षिक संरचना, पर्याप्त, सक्षम र प्रतिबद्ध जनशक्ति एवम् जीवन पर्यन्त सिकाइका अवसरहरुको सुनिश्चितताका साथै उपर्युक्त भौतिक पुर्वाधारको निर्माण हुनु नसक्नु
- विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिगत सुधारका लागि शिक्षक र अभिभावक लगायतका सरोकारवालाहरूलाईशिक्षामा अपेक्षाकृत योगदान गर्नका लागि अभिप्रेरित गर्नु नसक्नु;

- जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित गरी सिकाइलाई निरन्तरता दिनु यस नगरपालिकाको शिक्षा क्षेत्रको एक चुनौतीको रुपमा रहेको छ ।

### १.५.३ शिक्षा क्षेत्रका अवसरहरू

- विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन सहित यो योजनाको कार्यान्वयनमा उपयोग गर्न सकिने अवस्था हुनु;
- संवैधानिक तथा कानुनी आधारहरु सहित आधारभुत तह सम्मको शिक्षा अनिवार्य तथा निशुल्क, र माध्यमिक तह सम्मको शिक्षा निःशुल्क गरि सबै वालवालिकाहरूको शिक्षामा पहुँचको अवसर नेपाल सरकारद्वारा प्रदान गरिनु,
- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भइ कार्यान्वयन प्रारम्भ भएको र सोही अनुसार नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिरहेको अवस्था हुनु,
- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने अवस्था रहनु;
- माध्यमिक तह सम्मको शिक्षा क्षेत्रको व्यवस्थापनको अधिकार स्थानीय तहको काम र कर्तव्य अन्तर्गत भएको हुदा आफ्नो स्थानीय तह भित्रका विद्यालयको अनुगमन मूल्याङ्कन तथा पृष्ठपोषण गर्ने, शिक्षक व्यवस्थापन, सिकाइ उपलव्धि संगै अन्य थुप्रै गतिविधी संचालन गरेर समय सापक्ष शैक्षिक उपलब्धि वृद्धि गर्न सक्ने अवसर स्थानीय तहलाई हुनु,
- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत हुनु;
- सरकारी एवम् निजी क्षेत्रबाट सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा लगानी र सहकार्यमा विकास र विस्तार हुनु;
- विभिन्न साझेदारी संस्थाको लगानी तथा सहभागितावाट शिक्षा क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गर्न सकिने वातावरण हुनुका साथै सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गरि विद्यालय शिक्षामा सुशासन प्रणालीमा सुधार गर्न सकिने वातावरण हुनु,
- विभिन्न क्रियाशिल संघ संस्थाहरुको सहकार्य हुनु, तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य हुनु,
- यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा योगदान पुग्नु ।

# परिच्छेदः२ः नयाँ शिक्षा क्षेत्र योजना

## २.१ सन्दर्भ र औचित्य

भेरीगंगा नगरपालिकालाई कर्णाली प्रदेशको प्रवेशद्वारको रुपमा चिनिएको छ । यस नगरपालिकाका शैक्षिक संस्थाहरूलाई गुणस्तरीय शिक्षा प्रदायक संस्थाका रूपमा विकास गरी नगर भित्र तथा बाहिरका विद्यार्थी र अभिभावकहरूको पहिलो रोजाईको केन्द्र बनाउने अभियानसँग प्रस्तुत शिक्षा क्षेत्र योजना केन्द्रित छ।यो योजना मार्फत नगरपालिकाको समृद्धि र समुन्नतिका लागि आवश्यक पर्ने सबै किसिमका दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा शैक्षिक सुशासन कायम गर्ने ध्येयले योजना बनाइएको छ । साधारण शिक्षा, प्राविधिक शिक्षा र सिपमूलक तालिमलाई एकिकृत र समन्वयात्मक ढङ्गले अघि बढाउदै भेरीगंगा नगरपालिकाको शिक्षा विकासका लागि सबैको आकर्षणको केन्द्र बनाउन, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा प्राविधिक तथा जीवनोपयोगी शिक्षा प्रदान गर्ने योजनाको प्रमुख उद्धेश्य रहनेछ ।

योजनाले भविष्यमा गर्नुपर्ने क्रियाकलापहरुलाई मार्गनिर्देश गर्दछ।योजनाको यही विशेषताको आधारमा यस परिछेदमा भेरीगंगा नगरपालिकाको अबको पांच वर्ष पछि पुग्न सकिने गन्तब्य अनुमान गर्ने प्रयत्न गरिएको छ।यस शिक्षा योजनाको माध्यमबाट यस भेरीगंगा नगरपालिकाले अबको पांच वर्ष सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यो योजनाको दूरदृष्टि, उद्देश्यहरू र रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचकहरू निर्धारण गरीएको छ ।

यसै सन्दर्भमा यस नगरपालिकाको यो शिक्षा क्षेत्र योजनाले समेटेका पक्षहरू निम्म्नानुसर रहेकाछन् ।

**तालिकाः नयाँ शिक्षा योजनाले समेटेका पक्षहरूः**

| पक्ष | विश्लेषण |
|---|---|
| **पहुँच** | • समुदायमा भएका सबै बालबालिकालाई विद्यालय शिक्षामा ल्याउने,<br>• विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरूका लागि भवन, कक्षाकोठा,डेस्क, बेन्च,पाठ्यपुस्तक,सन्दर्भसामग्री पुस्तकालय,विज्ञान प्रयोगशाला,उपलब्ध गराउने ,<br>• छात्राहरूका लागि छुट्टै शौचालयको व्यवस्था गर्ने र सेनिटरी प्याड उपलब्ध गराउने,<br>• अपाङ्ता भएका बालबालिकाहरूका लागि आवश्यकतानुसारको पठन सामग्री, भौतिक संरचना र व्यक्तिगत सहायता सामग्री उपलब्ध गराउने,<br>• युवा तथा प्रौढहरूकालागि अपेक्षित व्यवसायिक तथा प्राविधिक शिक्षाको व्यवस्था मिलाउने, |

| पक्ष | विश्लेषण |
| --- | --- |
| | • सामुदायिक सिकाइ केन्द्र मार्फत अनौपचारिक शिक्षा (द्रुत सिकाई कार्यक्रम) सञ्चालन गराई अनौपचारिक शिक्षा मार्फत आधारभूत तहमा भर्ना गराउने |
| **गुणस्तर** | • बालबालिकाहरूलाई कक्षाकोठामा क्रियाशील गराई काम गरेर सिक्ने वातावरण मिलाउने,<br>• एकीकृत पाठ्यक्रमका अवयवहरू हुबहु कार्यान्वयन गर्ने ,<br>• स्मरण गराउने भन्दा व्यवहारिक र दिगो सिकाई गर्ने ढाँचामा शिक्षण सिकाइ क्रियाकलाप गराउने,<br>• कक्षाकोठामा समूह सिकाइको वातावरण सिर्जना गर्ने,<br>• कक्षा शिक्षणमा व्यवहार कुशल सीपलाई एकीकृत गर्ने,<br>• शिक्षक विद्यार्थीको अनुपात सवै तहमा १:४५ गराउने तर विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्ने,<br>• कक्षा १ मा शतप्रतिशत बालविकास तथा शिक्षाको अनुभव लिएर आएका बालबालिका भर्ना गराउने,<br>• बाल विकास तथा शिक्षालाई तोकिएको मापदण्डअनुसार सर्वाङ्गीण विकास, पोषण तथा स्वास्थ्य र शिक्षाको व्यवस्था मिलाउने,<br>• विद्यार्थी मूल्याङ्कनलाई सिकाइसँग जोड्ने, |
| **व्यवस्थापन** | • सबै विद्यालयमा वि.व्य.स. र शि.अ.सं. गठन गर्ने,<br>• सबै विद्यालयहरूमाविषय शिक्षण तालिका (रुटिङ), वार्षिक कार्यपात्रो, School Improvement Plan (**SIP**), Annual Strategic Implementation Plan (**ASIP**), निर्माण र कार्यान्वयन गराउने,<br>• सबै विद्यालयमा बालक्लबको व्यवस्था गरी क्रियाशिल गराउने,गुनासो सुनुवाईलाई अभिलेखिकरण गर्ने व्यवस्था मिलाउने ,<br>• नगरपालिकाबाट विद्यालयहरूको सबै पक्ष (भौतिक, शैक्षिक र व्यवस्थापकीय) नियमित अनुगमन गर्ने, |
| **क्षमता विकास** | • सबै शिक्षकलाई एकीकृत पाठ्यक्रम कार्यान्वयनसम्बन्धी तालिम दिने,<br>• कक्षा १-५ मा कक्षाकोठामा शिक्षण सिकाइमा सहयोग गर्न सहजकर्ताको व्यवस्था गर्ने,<br>• शिक्षकहरूलाई सूचना प्रविधि सम्वन्धी तालिम व्यवस्था गर्ने,<br>• शिक्षकहरुलाई शिक्षक डायरी उपलब्ध गराई कार्यान्वयन गराउने,<br>• नयाँ शिक्षकहरुलाई कम्तिमा ५ दिने सेवा प्रवेश तालिम संचालन गर्ने, |
| **मूल्याङ्कन** | • कक्षा १-३ मा सिकाइ उपलब्धिमा आधारित निरन्तर मूल्याङ्कन गराउने यसैलाई |

| पक्ष | विश्लेषण |
|---|---|
| | आवधिक मूल्याङ्कनको साधनका रुपमा प्रयोगमा ल्याउने,<br>• माथिल्ला कक्षाहरूमा निरन्तर मूल्याङ्कन र आवधिक मूल्याङ्कन दुबै प्रकारका मूल्याङ्कन प्रयोगमा ल्याउने ।<br>• प्रयोगात्मक विषयहरूमा तोकिएबमोजिम मूल्याङ्कन गर्ने ।<br>• परियोजनाहरू लागु गर्दा आधार मूल्याङ्कन,मध्यावधि मूल्याङ्कन र अन्तिम मूल्याङ्कन गराउने । |
| **सुशासन** | • सबै विद्यालयमा आवधिक सामाजिक परीक्षण र लेखा परीक्षण गराउने ,<br>• विद्यालयमा गुनासो सुनुवाई संयन्त्र लागु गरी सुझाव पेटिकाको व्यवस्था गर्ने ,<br>• शिक्षक र विद्यार्थी पोशाकको अनिवार्य कार्यान्वयन गर्ने ,<br>• वर्षमा एक पटक विद्यालयगत स्वमूल्याङ्कन गराउने । |

## २.२ दीर्घकालीन राष्ट्रिय सोच

आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने ।

## २.३ स्थानीय तहको दीर्घकालीन सोच तथा गन्तव्य

**दूरदृष्टिः**

समतामूलक, गुणस्तरीय तथा सिपमूलक शिक्षामा वृद्धि; भेरीगंगा नगरको शैक्षिक सम्वृद्धि ।

## २.४ लक्ष्य

यो योजनाको लक्ष्य शिक्षालाई अधिकारका रुपमा स्थापित गरी मानव मूल्यमा आधारित गुणस्तरीय विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता हुनसक्ने बनाउनुका साथै उच्च तथा प्राविधिक शिक्षालाई नगरको विकास निर्माणका लागि आावश्यक पर्ने जनशक्ति उत्पादनमा जोड दिने ।

## २.५ उद्देश्यहरू

लक्ष्यलाई पुरा गर्नका लागि देहाय अनुसारका उद्धेश्यहरू निर्धारण गरिएको छः

१. अनिवार्य तथा निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षा, अपेक्षित व्यवसायिक तथा प्राविधिक शिक्षाका साथै अनौपचारिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई सिकाइमैत्री, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।

२. बाल विकास तथा शिक्षाको मापदण्डअनुसार सर्वाङ्गीण विकास, व्यवहारिक तथा दिगो सिकाई, एकीकृत पाठ्यक्रमका अवयवहरूको कार्यान्वयनमा केन्द्रित गुणस्तरीय र समतामूलक शिक्षाको अवसरलाई सुनिश्चित गर्नु ।
३. शिक्षाका सबै निकाय तथा शैक्षिक संस्थाहरूमा सुशासन प्रबद्र्धन गरी सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् शिक्षा प्रणालीको रूपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु ।
४. शिक्षक र शिक्षा प्रदायक संस्थाहरूको संरचनागत तथा कार्यात्मक क्षमताको विकास गरि शैक्षिक सुशासन,पारदर्शिता र सेवा प्रवाहमासुधारका साथै शैक्षिक व्यवस्थापनमा सूचना प्रणालीकोविकास गर्नु ।
५. विद्यालयलाई भय, विभेद र दुव्र्यवहार मुक्त तथा विविधता अनुकूल शैक्षिक वातावरण निर्माण गरि शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न नगरपालिकाको प्राथमिकताका आधारमा पर्याप्तता, समन्यायिकता र परिणाममुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु ।

## २.६ रणनीतिहरू

उल्लेखित उद्धेश्यहरु प्राप्तिका लागि योजनाका केही रणनीतिक प्राथमिकताहरु रहेका छन् । विद्यालय शिक्षामा सबै बालबालिकाको सहज पहुँच र सहभागिता सुनिश्चित गर्न, विद्यालय शिक्षाको गुणस्तर सुधार्न, विद्यालय शिक्षालाई समतामूलक र समावेशी बनाउन, समुन्नत नगरपालिका बनाउन र शिक्षामा सुशाशन र जवाफदेहीता बहन गर्न ती रणनीतिक प्राथमिकताहरु तय गरिएको हो । रणनीतिक प्राथमिकतामा आधारित भई योजना कार्यान्वयनका लागि निम्न लिखित रणनीतिहरु तय गरिएको छ ।

१) प्रारम्भिक बालविकास तथा शिक्षासंग सम्बन्धित कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरी यसलाई सबै बालबालिकाहरुका लागि अनिवार्य गरिनेछ ।

२) नक्साङ्कनका आधारमा नगरपालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको विद्यालय शिक्षाको पहुँच र सहभागिताको सुनिश्चितता गरिनेछ ।

३) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न नगरपालिकाका सबै बालबालिकालाई विद्यालय भर्ना गराउने तथा भर्ना भएका सबैलाई अध्ययनमा निरन्तरता दिने र शिक्षाको गुणस्तर अभिबृद्धिका लागि उत्प्रेरणामूलक उपायहरू खोजी गरी अवलम्बन गरिनेछ ।

४) निःशुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न सङ्घ र प्रदेश सरकारसँगको समन्वयात्मक कार्यढाँचाको आधारमा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिनेछ ।

५) सरोकारवाला सबैको अपनत्व सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रबद्र्धन र लगानी अभिबृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गरिनेछ ।

६) अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध हुने वातावरण सिर्जना गरिनेछ ।

७) बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाई तथा स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण सेवा शिक्षा विद्यालयमार्फत् प्रदान गरिनेछ ।

८) नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब, अवसरबाट बन्चित रहेका तथा अपाङ्ग बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, पठनपाठन कार्यलाई निरन्तरता दिन र सिकाइमा सहभागी गरी उपलब्धि सुधारमा सहयोग गर्न आवश्यक वातावरण तयार गरिनेछ ।

९) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा, व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आबद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सबलीकरण गरिनेछ ।

१०) विद्यालय शिक्षामा सुशासन प्रवद्र्धन गर्नकालागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व बोध गर्न सकिने प्रणालीको विकास गरिनेछ ।

११) सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै विद्यालय शिक्षालाई प्रविधिमैत्री, सिपमूलक, व्यवहारिक र नतिजामूलक बनाइनेछ ।

१२) शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षण संस्थाहरूको प्रभावकारी अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गरी सो अनुसार पृष्ठपोषणको व्यवस्था गरिनेछ ।

१३) आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि विद्यालयको शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत एवम् मानवीय स्रोत व्यवस्थापन गरिनेछ ।

१४) स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको निर्माण तथा विकास गरी प्रभावकारी गरिनेछ ।

१५) प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा नगरपालिकाले स्रोतपरिचालन तथा व्यवस्थापन गरिनेछ ।

१६) शिक्षा, युवा तथा खेलकुद शाखाको सुदृढीकरण र सबलीकरण गरी शिक्षासँग सम्बन्धित संरचनाहरूलाई दक्षतापूर्ण, प्रभावकारी र नतिजामूलक बनाइनेछ ।

१७) सङ्घीय सरकार र कर्णाली प्रदेशको प्रदेशस्तरीय कानुनसँग नबाँझिने गरी शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुन तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

१८) विविध कारणले विद्यालय भर्ना नभएका, बीचैमा कक्षा छोडेका र प्रौढ अवस्थामा पनि विभिन्न तहका शिक्षा लिन चाहनेहरुका लागि सामुदायिक सिकाई केन्द्र मार्फत विभिन्न शैक्षिक कार्यक्रमहरु सन्चालन गरी प्रमाणीकरण गर्ने व्यवस्था मिलाईनेछ ।

## २.७ प्रमुख उपलब्धि सूचकहरू (KPI)

| क.सं. | सूचकहरू | भेरीगंगा ण.पा.कोवर्तमानअवस्था / आधार वर्ष | | | | ५ वर्षे अपेक्षित लक्ष्यसूचक | | १० वर्षको |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | राष्ट्रिय | कर्णाली प्रदेश | सुर्खेत | भेरीगंगा न.पा | पहिलो ३ वर्ष | अन्तिम २ वर्ष | अपेक्षित लक्ष्यसूचक |
| १.१ | कुल भर्ना दर (GER) | ९९.९० | ८६.८५ | १०४.७१ | ९७.५० | ९८.५० | १०० | १०० |
| १.२ | खुद भर्ना दर (NER) | ७०.५६ | ६७.२४ | ७५.९८ | ७८ | ८७.२२ | ९०.८५ | १०० |
| १.३ | लैङ्गिक समता सूचक (GPI) | ०.८२ | ०.८७ | ०.८० | ०.८१ | ०.९३ | ०.९८ | १०० |
| १.४ | प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा भर्नाहुने बालबालिकाको प्रतिशत | ७६.८९ | ८१.९१ | ७१.०४ | ७२.१० | ९०.१३ | ९६.४४ | १०० |
| १.५ | निर्धारित योग्यता पुगेका शिक्षक प्रतिशत | | | | १०० | १०० | १०० | १०० |
| १.६ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | | | | १०० | १०० | १०० | १०० |
| २ | आधारभूत शिक्षा (कक्षा १-८) | | | | | | | |
| २.१ | कुल प्रवेश दर/ (GIR) (कक्षा १) | ११५.८९ | १२०.९९ | १२८.५८ | १०९ | १०५.५८ | १०२ | १०० |
| २.२ | खुद प्रवेश दर (NIR) (कक्षा १) | ९५.६७ | ९५.९५ | ९५.७० | ९६ | ९७.८६ | ९९.८२ | १०० |
| २.३ | कुल भर्ना दर/ (GER) (कक्षा १-५) | १२४.८३ | १२६.३९ | १३०.१२ | ११७.६४ | १०८.२३ | १०२ | १०० |
| २.४ | खुद भर्ना दर (NER)(कक्षा १-५) | ९५.६७ | ९५.८५ | ९५.४८ | ९५.१३ | ९९.०० | १०० | १०० |
| २.५ | कुल भर्ना दर(GER) (कक्षा ६-८) | ११६.१० | ११७.५१ | १२७.४८ | ११७ | ११०.०० | १०० | १०० |
| २.६ | खुद भर्ना दर (NER) (कक्षा ६-८) | ९४.४५ | ९४.५७ | ९५.६३ | ९६.०८ | ९८.०० | १०० | १०० |
| २.७ | कुल भर्ना दर(GER) (कक्षा १-८) | १२१.६० | १२३.०८ | १२९.०९ | ११६ | १११.०० | १०८ | १०५ |
| २.८ | खुद भर्ना दर (NER) (कक्षा १-८) | ९५.१८ | ९५.३७ | ९५.५४ | ९५.४९ | ९८.०० | ९९ | १०० |
| २.९ | खुद भर्ना दरमा लैङ्गिक समता सूचक (GPI)(कक्षा १-८) | ०.९३ | ०.९९ | ०.८९ | ०.९१ | १०० | १०० | १०० |
| २.१ | विद्यार्थी टिकाउ दर (कक्षा ८) | ८६.२७ | ८६.४३ | ८७.०० | ८६.९९ | ९३.५ | ९९ | १०० |

| क्र.सं. | सूचकहरू | भेरीगंगा ण.पा.कोवर्तमानअवस्था / आधार वर्ष | | | | ५ वर्षे अपेक्षित लक्ष्यसूचक | | १० वर्षको |
|---|---|---|---|---|---|---|---|---|
| १ | **प्रारम्भिक बाल विकास तथा शिक्षा** | राष्ट्रिय | कर्णाली प्रदेश | सुर्खेत | भेरीगंगा न.पा | पहिलो ३ वर्ष | अन्तिम २ वर्ष | अपेक्षित लक्ष्यसूचक |
| २.११ | आधारभूत तह पुरा गर्ने दर | ९५.०० | ९४.७० | ९४.७० | ७८ | ८० | ८५ | ९५ |
| २.१२ | विद्यार्थी उतीर्ण दर (कक्षा १-५) | ८३.८३ | ७९.१५ | ७७.७७ | ९४ | ९६ | ९८ | १०० |
| २.१३ | विद्यार्थी उतीर्ण दर (कक्षा ६-८) | ८८.२० | ८५.८१ | ८६.४९ | ८५ | ९४ | १०० | १०० |
| २.१४ | कक्षादोहो-याउने दर (१-५) | ८.४९ | १२.२५ | १३.४७ | ४ | २.५ | २.०० | 0 |
| २.१५ | कक्षादोहो-याउने दर (६-८) | ५.१९ | ६.५६ | ६.५४ | ५.५ | ४.५ | ३.० | 0 |
| २.१६ | विद्यालय छाड्ने दर कक्षा (१-५) | ३.२३ | ४.०० | ४.२२ | २.०० | १.८० | १.२६ | 0 |
| २.१७ | विद्यालय छाड्ने दर कक्षा (६-८) | २.८० | ३.०३ | ३.४० | २.५० | १.१३ | ०.७९ | 0 |
| ३ | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | |
| ३.१ | कुल भर्ना दर (कक्षा ९-१०) | ९८.७३ | ९५.४५ | ९६.४५ | ११३ | ११० | १०५ | १०२ |
| ३.२ | खुद भर्ना दर (कक्षा ९-१०) | ७६.४६ | ७७.७२ | ८०.१३ | ७८.४८ | ८६.३२ | ९५ | ९८ |
| ३.३ | कुल भर्ना दर (कक्षा ९-१२) | ८३.२१ | ८२.७१ | ८५.१४ | ७३.३६ | ८०.७० | ९०.३८ | १०० |
| ३.४ | खुद भर्ना दर (कक्षा ९-१२) | ५६.८० | ५९.५५ | ६२.३२ | ६०.९६ | ७९.२४ | ८८.७५ | ९७ |
| ३.५ | कुल भर्ना दर (कक्षा ११-१२) | ६७.७१ | ७०.०८ | ७४.४४ | ५६.६० | ७९.२३ | ८१ | ९० |
| ३.६ | खुद भर्ना दर (कक्षा ११-१२) | ३७.१३ | ४१.५१ | ४५.४९ | ४२.१४ | ४६.३६ | ४७.२८ | |
| ३.७ | खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (कक्षा ९-१२) | ०.९९ | १.०४ | ०.९७ | १.१४ | १००.०० | १०२.५० | १०० |
| ३.८ | उतीर्ण दर (कक्षा ९-१०) | ९३.४२ | ९१.५२ | ९२.५५ | ८८.२६ | ९७.०५ | ९९.०३ | १०० |
| ३.९ | कक्षा दोहो-याउने दर (९-१०) | २.१८ | २.५७ | २.३९ | ६.३३ | १.५ | १ | ० |
| ३.१ | विद्यालय छाड्ने दर (कक्षा ९-१०) | १.९४ | २.३५ | २.६१ | २.१० | १ | ०.५ | ० |
| ३.११ | उतीर्ण दर (कक्षा ११-१२) | ९१.२७ | ९१.११ | ९०.२७ | ९०.४२ | ९९.४६ | ९९.९६ | १०० |
| ३.१२ | कक्षा दोहो-याउने दर (कक्षा ११-१२) | ०.७८ | २.८० | ०.०२ | १.७८ | १.५ | १ | ० |
| ३.१३ | विद्यालय छाड्ने दर (कक्षा११-१२) | ०.८९ | १.११ | १.२३ | १.०७ | ०.५१ | ०.५ | ० |
| ४ | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | | | | ८४ | ९३.०० | ९५.०० | १०० |
| ४.२ | १५-२४ को साक्षरता दर | | | | ९४ | ९६.०० | ९८.०० | १०० |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | | | | ९२ | ९७.०० | ९९.०० | १०० |
| ५ | **न्यूनतम सक्षमता अवस्था (PMEC) पूरा गरेका विद्यालय प्रतिशत** | | | | | | | |
| ५.१ | प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्र प्रतिशत | | | | १२ | ५० | ८० | ९५ |
| ५.२ | आधारभूत विद्यालय प्रतिशत (कक्षा १-८) | | | | २५ | ५० | ७० | ९० |
| ५.३ | माध्यमिक विद्यालय प्रतिशत (कक्षा ९-१२) | | | | १५ | ६० | ८० | १०० |

| क्र.सं. | सूचकहरू | भेरीगंगा ण.पा.कोवर्तमानअवस्था / आधार वर्ष | | | | ५ वर्षे अपेक्षित लक्ष्यसूचक | | १० वर्षको |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | राष्ट्रिय | कर्णाली प्रदेश | सुर्खेत | भेरीगंगा न.पा | पहिलो ३ वर्ष | अन्तिम २ वर्ष | अपेक्षित लक्ष्यसूचक |
| ६ | कुल बजेटमा शिक्षा क्षेत्रमा बजेठ | | | | | | | |
| ६.१ | नगरपालिका बजेटमा शिक्षामा बिनियोजित बजेट प्रतिशत | | | | १२ | १५ | १८ | २० |

## २.८ उपलब्धि

योजनाको अन्त्यसम्म निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छः

- सबै बालबालिकाहरूको सर्वाङ्गीण विकासमा केन्द्रित गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित भएको हुनेछ ।
- नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका बनाई अनौपचारिक तथा आजीवन शिक्षा, बैकल्पिक र खुला शिक्षाका माध्यमबाट जीवनपर्यन्त निरन्तर शिक्षाको अवसरहरूको सुनिश्चितता भएको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरलाई विस्तार गरी इच्छुक नागरिकका लागि समावेशी र समतामूलक पहुच स्थापित गर्दै नगरपालिकाको विकासको निम्ति योग्य, सिपयुक्त र उद्यमशील जनशक्ति तयार भएको हुनेछ ।
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट गुणस्तरीय जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार भएका हुनेछन् ।
- सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रक्रियामा सबलीकरण भएको हुनेछ ।
- शिक्षाका सबै निकाय तथा शैक्षिक संस्थाहरूमा सुशासन प्रबद्र्धन गरी बालबालिकाहरुको सिकाइ प्रति उत्तरदायी भावनाको विकास भएको हुनेछ ।
- शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न नगरपालिकाको प्राथमिकताका आधारमा पर्याप्तता, समन्यायिकता र परिणाममुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित भएको हुनेछ ।
- विद्यालयलाई भय, विभेद र दुव्र्यवहार मुक्त तथा विविधता अनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरणमा सुधार भएको हुनेछ ।
- आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित भएको हुनेछ।

- शिक्षा प्रदायक संस्थाहरूको संरचनागत तथा कार्यात्मक क्षमता विकास गर्न आवश्यक सहयोग पुगेको हुनेछ ।
- पाठ्यक्रमलाई समयानुकुल तथा मूल्याङ्कन प्रणलीलाई प्रभावकारी बनाई दैनिक जीवनका लागि आवश्यक आधारभुत सक्षमता सहित सकरात्मक सोच, सिर्जनशील, सिकाई प्रति प्रतिवद्ध र रोजगार उन्मुख नागरिक तयार भएको हुनेछ।

# परिच्छेदः३ः शिक्षाका उप-क्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

विद्यालय क्षेत्र विकास योजनाले विद्यालय प्रवेशको तयारीका लागि १ वर्षे प्रारम्भिकबालशिक्षा तथा दुई बर्षे पूर्व प्राथमिक शिक्षालाई आधारभूतशिक्षामा समाहित गरेको छ । यस भेरीगंगा नगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका सूचकहरूको विवरण निम्नानुसार रहेको छ;

| सूचक /सूचाङ्क | सामुदायिक विद्यालयमा आधारित | | | संस्थागत विद्यालयमा आधारित | | | विद्यालयमा आधारित जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बालविकास केन्द्रहरूको संख्या | ५६ | | | १३ | | | ६९ | | |
| बालबालिका संख्या | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | ४७० | ५४६ | १०१६ | ५३३ | ७१० | १२४३ | १००३ | १२५६ | २२५९ |
| Children-ECED/PPC ratio | १७.८ | | | ९६.३ | | | ३२.६ | | |
| लैङ्गिक समता दर (GPI) | ०.९ | | | ०.८ | | | ०.८ | | |

**श्रोतः**शैक्षिक सत्र २०८०को फल्यास रिपोर्ट

| कुल भर्ना दर (GER) | | | खुद भर्ना दर (NER) | | | ECEDको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको % | | |
|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ९६.५ | ९८.३ | ९७.५ | ७२.५ | ७२.९ | ७२.७ | ६९.५ | ७४.३ | ७२.१ |

**श्रोतः** शैक्षिक सत्र २०८०को फल्यास रिपोर्ट

**शैक्षिक सत्र २०८०अन्तर्गत सबै विद्यार्थीको विवरण**

| क्र सं | तह | कुल विद्यार्थी संख्या | | | कुल दलित विद्यार्थी संख्या | | | कुल जनजाती विद्यार्थी संख्या | | | कुल मदेशी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रारम्भिक बाल विकास | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | (सबै) विद्यालय | १००३ | १२५६ | २२५९ | ३८४ | ४३५ | ८१९ | १६९ | १९९ | ३६८ | ७ | ९ | १६ |
| २ | सामुदायिक विद्यालय | ४७० | ५४६ | १०१६ | २०४ | २०८ | ४१२ | ९० | ८९ | १७९ | ० | १ | १ |
| ३ | संस्थागत विद्यालय | ५३३ | ७१० | १२६३ | १८० | २२७ | ४०७ | ७९ | ११० | १८९ | ७ | ८ | १५ |

### सान्दर्भिक सामग्रीको उपलब्धता

| विद्यालय र समुदायमा आधारित ECED को संख्या | पाठ्यपुस्तकहरू उपलब्ध भएका ECED को संख्या | शिक्षक गाइड उपलब्ध भएका ECED को संख्या | बाल अध्ययन सामग्री भएका ECED को संख्या | बुक कर्नर भएका ECED को संख्या | सन्दर्भ सामग्री उपलब्ध भएका ECED को संख्या |
|---|---|---|---|---|---|
| ५८ | १७ | १३ | २२ | १७ | १४ |

**श्रोतः** शैक्षिक सत्र २०८०को फल्यास रिपोर्ट

माथि प्रस्तुत तथ्यांक अनुसार लक्षित उमेर समूहका सबै बालबालिकाहरू विशेष गरी सीमान्तकृत तथा भौगोलिक विकटता भएका क्षेत्र र अपाङ्गता भएकाहरूलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच पु-याउनु, सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूमा संस्थागत र संरचनागत संयन्त्र निर्माण तथा व्यवस्थापन गरी न्यूनतम मापदण्ड पूरा गर्नु र प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकहरूको न्यूनतम पारिश्रमिकको व्यवस्थापन तथा उनीहरूको पेसागत क्षमता विकास गर्नु प्रारम्भिक बाल विकास तथा शिक्षाका प्रमुख चुनौतिहरू हुन्। पर्याप्त लगानी तथा स्रोत व्यवस्थापन गर्नु, अनुगमन तथा मुल्याङ्कनको चुस्त संयन्त्र विकास गर्नु, बालबालिकाका अभिभावकहरूलाई अभिभावक शिक्षा प्रदान गर्नु र बालबालिकाको स्वास्थ्य, सुरक्षा र पोषणको उचित व्यवस्थापन सहायक चुनौतिको रुपमा रहेका छन्।

सुनौला हजार दिन, बहुक्षेत्रीय पोषण कार्यक्रम, अभिभावक शिक्षा, दिवा शिशु स्याहार केन्द्र, शिशु स्याहारकेन्द्र, नर्सरी विद्यालय, किण्डर गार्टेन विद्यालय, विद्यालय तथा समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र र पूर्व प्राथमिक कक्षा आदि नामबाट विभिन्न कार्यक्रमहरू, विभिन्न सरकारी निकाय, गैर सरकारी सघंसंस्थाहरू र निजी क्षेत्रको संलग्नतामा सञ्चालन हुनु, नेपालको संविधानले प्रारम्भिक बालविकास र सहभागिताको हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको र प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हकको प्रत्याभूत गर्नु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९, विद्यालय क्षेत्र विकास योजना (२०७३-२०८०), बहुक्षेत्रीय पोषण योजना, दोस्रो (२०७५/७६-२०७९/८०) र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी कानुनी प्रावधानहरू समेटिनु, नेपालमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत गर्भवती महिला, नवजात शिशु तथा बालबालिकाको स्वास्थ्य स्थितिमा आवश्यक सुधार ल्याउन स्वास्थ्य तथा पोषणसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन हुनु, बालबालिकाको सुरक्षा र संरक्षणका लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु आदि प्रारम्भिक बाल विकास तथा शिक्षाका अवसरहरू हुन् ।

### ३.१.२ लक्ष्य

यस नगरपालिकाको सेवा क्षेत्र भित्रका ३ देखि ४ वर्ष उम्मेरका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरि कक्षा एकमा पढ्नका लागि तयारी गर्ने ।

### ३.१.३ उद्देश्य

यस योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको मुख्य उद्देश्य सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ । यसका लागि योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्यहरू राखेको छ

- चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु

### ३.१.४ रणनीतिहरू

यस योजनाका प्रारम्भिक बालविकास तथा शिक्षासँग सम्बन्धित उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ ,सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

- सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड, मान्यता र ढाँचा अनुसार निश्चित अनुदान र प्रदेश सरकारसँगको समन्वय र सहजीकरणका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यक भएमा नयाँ स्थानमा केन्द्र स्थापना गरी प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सेवा उपलब्ध गराइनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारीता बृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ ।
- स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागि बहुक्षेत्रीय प्रारम्भिक बाल विकासकार्यक्रम संचालन गरिनेछ ।

## ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### ३.१.६.१ उपलब्धिः

योजना अवधिमा नगरपालिका क्षेत्रमा बसोबास गर्ने चार वर्ष उमेर समूहका सबै बालबालिकाले प्रारम्भिक बाल विकास शिक्षाको अनुभव हासिल गरेका हुनेछन् । विद्यालय तथा समुदायमा सञ्चालन हुने बाल विकास केन्द्रहरूमा प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम मापदण्ड हासिल भएको हुनेछ। सबै विद्यालयहरूमा न्यूनतम मापदण्डसहितको कम्तिमा एउटा प्रारम्भिक बाल विकास केन्द्र वा पूर्व प्राथमिक कक्षा सञ्चालन भएको हुनेछ ।

### ३.१.६.२ प्रमुख नतिजाः

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने,
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने,
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुने,
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने,
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने ।

### ३.१.६.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | प्रारम्भिक बालविकास तथा कक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि नगरपालिकास्तरको न्यूनतम मापदण्डहरू विकास, प्रबोधीकरण तथा कार्यान्वयन गरिने | पटक | ३ | १ | १ | १ | | | १५० | संघ,प्रदेश, पालिका, अन्य साझेदार निकाय |
| २ | समयानुकुल प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण, स्थापना तथा विस्तार गरिने | पटक | २ | १ | १ | | | | ५०० | शिक्षा समिति |

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| ३ | सुरक्षित तथा अपाङ्गमैत्री शौचालय सहितको कम्तिमा एउटा अलग्गै कक्षाकोठाको व्यवस्था गरिने । | प्रतिशत | १०० | २० | २० | २० | २० | २० | २५०० | नगरपालिका गै.स.स.र विद्यालय |
| ४ | मापदण्डले तोकेअनुसार पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री आदिको व्यवस्थापन गरिने | प्रतिशत | १०० | २० | २० | २० | २० | २० | १५०० | नगरपालिका |
| ५ | बालबालिकाको मासिक रूपमा स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, बृद्धि अनुगमन गरी कुपोषण भएका बालबालिकाका लागि आवश्यक प्रबन्ध गरिने | प्रतिशत | १०० | ३० | ३० | १०० | १०० | १०० | ५०० | नगरपालिका र विद्यालय |
| ६ | विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, वर्तमान तथा भावी अभिभावक तथा सरोकारवालाहरूका लागि प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी नियमित अभिमुखीकरण गरिने | प्रतिशत | १०० | ५० | ५० | | | | ५०० | नगरपालिका |
| ७ | शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षाको व्यवस्था गर्ने र आवश्यकताको आधारमा मनोसामाजिक परामर्शदाता वा संस्थासँग समन्वय गरिने | प्रतिशत | १०० | २० | २० | २० | २० | २० | ७५० | नगरपालिका |
| ८ | प्रत्येक वडामा कम्तिमा एक वटा नमुना प्रारम्भिक बालविकास तथा कक्षा स्थापना तथा सञ्चालन गरिने | पटक | १ | | | १ | | | २६० | नगरपालिका |
| ९ | नगरपालिकास्तरमा प्रारम्भिक बालविकास केन्द्रका लागि आवश्यक पर्ने सामग्रीको प्रदर्शन केन्द्र स्थापना गरिने | पटक | १ | | | | | १ | ५०० | नगरपालिका |
| १० | उत्कृष्ट प्रारम्भिक बालविकास कक्षालाई प्रोत्साहन अनुदान कार्यक्रम व्यवस्थापन गरिने | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | नगरपालिका |
| | **अनुमानित बजेट** | | | | | | | | ७६६० | |

# ३.२ आधारभतू शिक्षा

## ३.२.१ वर्तमानअवस्था

शैक्षिक फ्ल्यास प्रतिवेदन २०८० अनुसार भेरीगङ्गा नगरपालिकामा आधारभूत शिक्षा सम्बन्धि विवरण निम्नानुसार रहेको छ;

| क्रसं | सूचक /सूचाङ्क | कुल विद्यार्थी संख्या | | | कुल दलित विद्यार्थी संख्या | | | कुल जनजाती विद्यार्थी संख्या | | | कुल मदेशी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | कक्षा (१-५) | २८१२ | ३२२७ | ६०३९ | १०६४ | १३११ | २३७५ | ३९० | ४१० | ८०० | २० | १८ | ३८ |
| | कक्षा (६-८) | १८७७ | १९०३ | ३७८० | ७८५ | ७११ | १४९६ | २६७ | ३२३ | ५९० | ११ | ११ | २२ |
| **जम्मा** | | ४६८९ | ५१३० | ९८१९ | १८४९ | २०२२ | ३८७१ | ६५७ | ७३३ | १३९० | ३१ | २९ | ६० |

*श्रोतः शैक्षिक सत्र २०८०को EMIS रिपोर्ट*

यस भेरीगंगा नगरपालिकामा आधारभूत शिक्षामा शैक्षिक सत्र २०८०मा देखिएका सूचकहरूको विवरण निम्नानुसार रहेको छ;

| क्रसं | सूचक /सूचाङ्क | कुल भर्ना दर (GER) | | | खुद भर्ना दर (NER) | | | विद्यार्थी टिकाउ दर (कक्षा ८ सम्म) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | कक्षा (१-५) | ११५ | १२० | ११७.५ | ९५.२ | ९५.१ | ९५.१ | | | |
| | कक्षा (६-८) | ११४ | १२० | ११७ | ९४.९ | ९७.२ | ९६.१ | ८७.३ | ८६.७ | ८७.० |

*श्रोतः शैक्षिक सत्र २०८०को EMIS रिपोर्ट*

| क्रसं | सूचक /सूचाङ्क | विद्यार्थी उतीर्ण दर | | | कक्षा दोहो-याउने दर | | | विद्यालय छाड्ने दर | | | नयाँ भर्ना दर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | कक्षा (१-५) | ९४ | ९४ | ९४ | ३.५ | ४.५ | ४ | १.८ | २.२ | २ | ४.५ | ४.५ | ४.५ |
| | कक्षा (६-८) | ८३ | ८७ | ८५ | ४.३ | ६.७ | ५.५ | २.२ | २.८ | २.५ | ३.७ | ४.० | ३.८ |

*श्रोतः शैक्षिक सत्र २०८०को EMIS रिपोर्ट*

### लैङ्गिक समता दर (GPI)

| सूचक /सूचाङ्क | GPI कक्षा (१-५) | GPI कक्षा (६-८) | GPIकक्षा (१-८) |
|---|---|---|---|
| आधारभूत तहका सबै विद्यार्थी | ०.८७ | ०.९८ | ०.९१ |
| कुल दलित विद्यार्थी संख्या | ०.८१ | १.१० | ०.९१ |
| कुल जनजाती विद्यार्थी संख्या | ०.९५ | ०.८३ | ०.९० |
| कुल मदेशी विद्यार्थी संख्या | १.११ | १.०० | १.०७ |

*श्रोतः शैक्षिक सत्र २०८०को EMIS रिपोर्ट*

### शैक्षिक सत्र २०८०अन्तर्गत सबै विद्यार्थीको विवरण

| क्रसं | आधारभूत तह तह | कुल विद्यार्थी संख्या | | | कुल दलित विद्यार्थी संख्या | | | कुल जनजाती विद्यार्थी संख्या | | | कुल मदेशी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सबै विद्यालायक विद्यार्थी | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | कक्षा (१-५) | २८१२ | ३२२७ | ६०३९ | १०६४ | १३११ | २३७५ | ३९० | ४१० | ८०० | २० | १८ | ३८ |
| २ | कक्षा (६-८) | १८७७ | १९०३ | ३७८१ | ७८५ | ७११ | १४९६ | २६७ | ३२३ | ५९० | ११ | ११ | २२ |
| | **सामुदायिक विद्यालय** | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | कक्षा (१-५) | २१३५ | २२७४ | ४४०९ | ९०० | १०३० | १९३० | २९९ | २९६ | ५९५ | १२ | ७ | १९ |
| २ | कक्षा (६-८) | १६९२ | १६४९ | ३३४१ | ७२९ | ६७० | १३९९ | २४० | २७७ | ५१७ | ६ | ७ | १३ |
| | **संस्थागत विद्यालय** | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | कक्षा (१-५) | ६७७ | ९५३ | १६३० | ५७८ | ८२८ | १४०६ | ९१ | ११४ | २०५ | ८ | ११ | १९ |
| २ | कक्षा (६-८) | १८५ | २५४ | ४४० | १५३ | २०५ | ३५८ | २७ | ४६ | ७३ | ५ | ४ | ९ |

*श्रोतः शैक्षिक सत्र २०८०को EMIS रिपोर्ट*

निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदान गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिबृद्धि गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाई सहज पहुँचको व्यवस्था गर्नु, विद्यालय शिक्षालाई प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउनुका साथै समग्र शिक्षा प्रद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नु, सामुदायिक तथा निजी विद्यालय बिचको खाडल कम गर्नु, शैक्षिक सरोकारवालाहरूको क्षमता अभिबृद्धि गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाइ उपलब्धि अभिबृद्धि गर्नु, गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिबृद्धि गर्नु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रूपमा विकास गर्नु आधारभूत शिक्षासँग सम्बन्धित प्रमुख चुनौतिहरू हुन् ।

शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले शिक्षामा सहभागिता र पहुँचमा बृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु,देशमा सङ्घीयताको कार्यान्वयनसँगै सरोकारवालाहरूमा सार्वजनिक विद्यालयहरूप्रतिको चासो र चिन्ता बढ्नु, शिक्षकका पेशागत संघ संस्था, राजनीतिक दल, नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त हुनु र निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता प्रदान गर्नु, शिक्षामा पहुँच र गुणस्तर अभिबृद्धिमा गैर सरकारी र निजी क्षेत्रको भूमिका पनि महत्वपूर्ण बन्दै जानु, विद्यालयमा आधारभूत तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा प्रगति देखिएको हुनु र शिक्षा तीनवटै तहका सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी साझेदारीमा आधारभूत शिक्षामा पर्याप्त लगानी अभिबृद्धि गर्न सक्नु यस तहको शिक्षाका अवसरहरु हुन् ।

### ३.२.२ लक्ष्य

सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने,

### ३.२.३ उद्देश्य

- सबै बालबालिकालाई आधारभूत शिक्षामा अनिवार्य तथा निःशुल्क रूपमा पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।
- आधारभूत शिक्षा प्रदायक विद्यालयहरूमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित गर्न स्थानीय तहहरूसँग साझेदारी गर्नु ।
- आधारभूत तहमा अध्ययन गर्ने बालबालिकामा जीवनोपयोगी सीप तथा मूल्यमा आधारित शिक्षा हासिल गराउनु ।
- बैकल्पिक तथा लचिला मोडका शिक्षा कार्यक्रम मार्फत औपचारिक शिक्षालाई सहयोग पु¥याउनु ।
- विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा क्रमिक सुधार गरी विद्यालय सञ्चालन पद्धतिलाई विविधता अनुकूल उत्थानशील र जवाफदेही बनाउनु ।

### ३.२.४ रणनीतिहरू

- नगरपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी उनीहरूको आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाई भेरीगङ्गा नगरपालिकालाई पूर्णरूपमा निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता भएको घोषणा गरिनेछ ।
- सङ्घीय मापदण्ड अनुसार नगरपालिकाले विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित हुने गरी विद्यालयहरूलाई पुनर्वितरण तथा समायोजन गर्ने कामलाई निरन्तरता दिइनेछ ।

- आधारभूत तहमा विद्यार्थीहरूलाई न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन निरन्तर रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई नगरपालिकाप्रति जवाफदेही हुने प्रणाली विकास गरिनेछ ।
- शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिनेछ । यसका लागि आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समिति र सामाजिक परीक्षण समितिका पदाधिकारीको क्षमता विकास गरिनेछ ।
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न सामाजिक विकास शाखा तथा नगरपालिकामा कार्यरत संघसंस्थाहरूसँगको सहकार्यमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।
- कक्षा ८ सम्म स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक तयार गरी लागु गरिनेछ ।
- सबै विद्यालयहरूमा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाई स्थानीय स्रोतसाधन परिचालन गरी कार्यान्वयन गर्न सहजीकरण गरिनेछ ।
- शिक्षण संस्था र विद्यालयहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई निश्चित मापदण्डका आधारमा प्रोत्साहित गरिनेछ ।
- आधारभूत तहको प्रारम्भिक कक्षामा लागु भइरहेको प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहजीकरण गरिनेछ ।
- आधारभूत तह सञ्चालन भएका विद्यालयको नतिजामूलक सूचक निर्धारण गरी अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- संस्थागत विद्यालयहरूको नियमनलाई प्रभावकारी बनाउँदै संस्थागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई सेवामूलक बनाउदै लगिनेछ ।
- सबै विद्यालयमा कार्यसम्पादनको सुधार सहित सुशासन कायम गराउने कार्यलाई जोड दिइनेछ ।
- विद्यालयको शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीको समय र आवश्यकतानुसार अद्यावधिक र प्रयोग गर्ने कार्यलाई अनुमानयोग्य र वैज्ञानिक गराइनेछ ।
- नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने आधारभूत तहको लक्षित उमेर समूहका गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न आवश्यक पर्ने सहयोग प्रणाली लागु गरिनेछ ।
- सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रधानाध्यापकलाई उत्तरदायी बनाइनेछ ।
- सङ्घीय सरकार र कर्णाली प्रदेशको कानुनसँग नबाँझिने गरी आधारभूत शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

- नगरपालिकास्तरमा विद्यार्थी कल्याणकारी कोष र विभिन्न संघसंस्था, अभिभावक र चन्दादाताहरूको सहयोगमा विद्यालयस्तरमा विद्यालय छात्रवृत्ती कोषको स्थापना र व्यवस्थापन गर्न प्रोत्साहित गरिनेछ ।
- आधारभूत तहको खेलकुद तथा अतिरिक्त क्रियाकलाप व्यवस्थापन र सञ्चालनका लागि नगरपालिकास्तरिय कार्यक्रम बनाई कार्यान्वयनमा ल्याइनेछ । विद्यालय नक्साङ्कन गरि विद्यालयहरूकोपुनर्वितरणतथा समायोजन गर्ने,
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि कानून तर्जुमागरि प्रारम्भिक कक्षा पढाइ सम्बन्धि क्रियाकलापहरूको लागी स्रोत व्यवस्थापन र क्रियाकलापहरूको कार्यान्वयन गर्ने
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्य कव्यवस्था मिलाउने,
- शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुखक्रियाकलाप र लक्ष्य

#### ३.२.५.१ उपलब्धिः

अनिवार्यतथानिःशुल्कआधारभूतशिक्षामासबैकोपहुँचरसहभागितासुनिश्चितभईगुणस्तरअभिवृद्धिहुने।

#### ३.२.५.२ प्रमुख नतिजाः

- नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै बालबालिकाहरू आधारभूत शिक्षाको पहुँचमा आएको हुने ।
- आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि ७० प्रतिशत भन्दा माथि पुगेको हुने ।
- सबै विद्यालयहरूमा न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ भएको हुने ।
- विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको हुने ।
- आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
- विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील भएका हुने ।

- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग पुगेको हुने ।
- शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूततहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने ।

### ३.२.५.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गरिने | पटक | २ | १ | १ | | | | ५०० | सङ्घ, प्रदेश र न.पा.को समन्वय र सहकार्यमा |
| २ | शिक्षक र विद्यार्थी सङ्ख्याको अनुपातमा दरवन्दी मिलान, शिक्षक व्यवस्थापन र कार्यान्वयन गरिने | पटक | १ | १ | | | | | ७५० | सङ्घीय सरकारसँगको समन्वय र सहकार्यमा |
| ३ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गरिने | प्रतिशत | ९९ | ९५ | ९६ | ९७ | ९८ | ९९ | ५०० | सङ्घ, प्रदेश र न.पा |
| ४ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास(भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर आदि) गरिने | विद्यालय | ५१ | १० | ११ | १० | १० | १० | ३०००० | सङ्घ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा |
| ५ | उत्कृष्ट विद्यालय अनुदान कार्यक्रम सञ्चालन गरिने | विद्यालय | ९ | १ | २ | २ | २ | २ | १५०० | सङ्घ र प्रदेश को समन्वय र सहकार्यमा |
| ६ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिने | योजना तयारी पटक | १ | १ | | | | | १५०० | सङ्घ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा |
| ७ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा बृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गरिने | विद्यालय प्रतिशत | ५० | ३० | ३५ | ४० | ४५ | ५० | ४०००० | सङ्घ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा |
| ८ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध गरिने | विद्यार्थी प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | ७५००० | सङ्घीय सरकारसँगको साझेदारीमा |
| ९ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक उपलब्ध गराइने | विद्यार्थी प्रतिशत | १०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०००० | सङ्घीय सरकारसँगको साझेदारीमा |
| १० | आधारभूत तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाइने | पटक | ५ | १ | १ | १ | १ | १ | १५०० | न.पा, शिक्षा, युवा तथा खेलकुद शाखा |

| क स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| ११ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समितिका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिने | विद्यालय प्रतिशत | १०० | ५० | १०० | १०० | १०० | १०० | १००० | भेरीगङ्गा न.पा, शिक्षा, युवा तथा खेलकुद शाखा |
| १२ | प्रत्येक वडामा कम्तिमा एक वटा नमुना आधारभूत विद्यालय स्थापना तथा सञ्चालन गरिने | विद्यालय | ४ | | १ | १ | १ | १ | ६५००० | नगर शिक्षा समिति |
| १३ | पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने प्रक्रियालाई प्रोत्साहित गर्न विद्यालयमा उचित प्रयोगशाला र पुस्तकालय तथा सिकाई कुनाको व्यवस्था गरिने | विद्यालय प्रतिशत | १०० | २५ | २५ | २५ | २५ | | १००० | सङ्घ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा |
| १४ | सिकाई आदानप्रदान कार्यक्रम | पट क | ५ | १ | १ | १ | १ | १ | १५०० | नागर्पालिका |
| १५ | शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत पढाई सीप प्रवर्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसाम्रगी, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थापन लगायतको व्यवस्थागरिने | विद्यालय सङ्ख्या | ४ | | १ | १ | १ | १ | २००० | सङ्घ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा भेरीगङ्गा नगरपालिका |
| १६ | प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन करार गर्ने र निर्धारित लक्ष्य हासिल गर्न व्यवस्थापनमा स्वायत्तता दिँदै अनुगमनलाई नतिजामूलक बनाउदै लगिने । | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | सङ्घ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा |
| १७ | विपद्का वेला समेत उपयोगी हुने गरी नियमित विद्यालय सञ्चालनका अतिरिक्त वैकल्पिक सिकाइका उपायहरूको प्रयोग सम्बन्धि क्षमता विकास | विद्यालय प्रतिशत | १०० | २० | २० | २० | २० | २० | ५००० | सङ्घ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा |
| १८ | विभिन्न सघं संस्था, अभिभावक र चन्दादाताहरूको सहयोगमा विद्यालयस्तरमा विद्यालय प्रोत्सहान कार्यक्रम | विद्यालय प्रतिशत | १०० | १० | ३० | ५० | १० | | ५०० | सङ्घ र प्रदेशको समन्वय र सहकार्यमा भे.न.पा |

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १९ | शिक्षकहरूको कक्षा प्रवेश पूर्वको योजना तयारी र सामग्री प्रयोग अनिवार्य गर्दै शिक्षकले कक्षाकोठामा शिक्षणमा खर्च गर्ने समयलाई अभिवृद्धि | शिक्षक प्रतिशत | १०० | ३० | ३० | ४० | | | ५०० | शिक्षा, युवा तथा खेलकुद शाखा |
| २० | विद्यार्थी प्रतिभा पहिचानका लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | १००० | शिक्षा, युवा तथा खेलकुद शाखा |
| २१ | पढाइ उत्सव सञ्चालन | विद्यालय प्रतिशत | १०० | ३५ | ३५ | १०० | १०० | १०० | १००० | शिक्षा, युवा तथा खेलकुद शाखा |
| | **अनुमानित बजेट** | | | | | | | | २६०२५० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

शैक्षिक फ्ल्यास प्रतिवेदन२०८० अनुसार भेरीगङ्गा नगरपालिकामा माध्यमिक शिक्षा सम्बन्धि विवरण निम्नानुसार रहेको छ;

| क्रसं | सूचक /सूचाङ्क | कुल विद्यार्थी संख्या | | | कुल दलित विद्यार्थी संख्या | | | कुल जनजाती विद्यार्थी संख्या | | | कुल मदेशी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तह | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | कक्षा (९-१०) | ११३५ | १०६३ | २१९८ | ४१० | ३७६ | ७८६ | १७० | १४४ | ३१४ | ९ | ८ | १७ |
| २ | कक्षा (११-१२) | ७१५ | ५९६ | १३११ | २३४ | २०७ | ४४१ | ११३ | ६० | १७३ | ९ | १ | १० |
| **जम्मा** | | १८५० | १६५९ | ३५०९ | ६४४ | ५८३ | १२२७ | २८३ | २०४ | ४८७ | १८ | ९ | २७ |

*श्रोतः शैक्षिक सत्र २०८०को EMIS रिपोर्ट*

यस भेरीगंगा नगरपालिकामा माध्यमिक शिक्षामा शैक्षिक सत्र २०८०मा देखिएका सूचकहरूको विवरण निम्नानुसार रहेको छ;

| क्रसं | सूचक /सूचाङ्क | कुल भर्ना दर (GER) | | | खुद भर्ना दर (NER) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तह | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| | कक्षा (९-१०) | ९१.५ | ८६.४ | ८९.० | ७५.६ | ८१.४ | ७८.५ | |
| | कक्षा (११-१२) | ६१.० | ५१.८ | ५६.६ | ५१.० | ३२.५ | ४२.१ | |

| क्रसं | सूचक /सूचाङ्क | विद्यार्थी उतीर्ण दर | | | कक्षा दोहो-याउने दर | | | विद्यालय छाड्ने दर | | | नयाँ भर्ना दर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तह | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | कक्षा (९-१०) | ८९.६ | ८६.८ | ८८.३ | ५.२ | ७.५ | ६.३ | १.९ | २.३ | २.१ | ३.३ | ३.३ | ३.३ |
| | कक्षा (११-१२) | ९१.० | ८९.८ | ९०.४ | १.७ | १.९ | १.८ | ०.९ | १.३ | १.१ | ८.२ | ८.९ | ८.५ |

*श्रोतः शैक्षिक सत्र २०८०को EMIS रिपोर्ट*

### लैङ्गिक समता दर (GPI)

| सूचक /सूचाङ्क | GPI कक्षा कक्षा (९-१०) | GPI कक्षा कक्षा (११-१२) | GPIकक्षा (९-१२) |
|---|---|---|---|
| माध्यमिक तहका सबै विद्यार्थी | १.०७ | १.२८ | १.१४ |
| कुल दलित विद्यार्थी संख्या | १.०९ | १.१३ | १.१० |
| कुल जनजाती विद्यार्थी संख्या | १.१८ | १.८८ | १.३९ |
| कुल मदेशी विद्यार्थी संख्या | १.१३ | ९.०० | २.०० |

*श्रोतः शैक्षिक सत्र २०८०को EMIS रिपोर्ट*

### शैक्षिक सत्र २०८०अन्तर्गत सबै विद्यार्थीको विवरण

| क्रसं | माध्यमिक तह | कुल विद्यार्थी संख्या | | | कुल दलित विद्यार्थी संख्या | | | कुल जनजाती विद्यार्थी संख्या | | | कुल मदेशी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सबै विद्यालायका विद्यार्थी | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | कक्षा (९-१०) | ११३५ | १०६३ | २१९८ | ४१० | ३७६ | ७८६ | १७० | १४४ | ३१४ | ९ | ८ | १७ |
| २ | कक्षा (११-१२) | ७१५ | ५९६ | १३११ | २३४ | २०७ | ४४१ | ११३ | ६० | १७३ | ९ | १ | १० |
| | **सामुदायिक विद्यालय** | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | कक्षा (९-१०) | १०३७ | ९५५ | १९९२ | ३८८ | ३५५ | ७४३ | १५२ | १३३ | २८५ | ५ | ८ | १३ |
| २ | कक्षा (११-१२) | ७०८ | ५७८ | १२८६ | २३४ | २०७ | ४४१ | ११३ | ६० | १७३ | ९ | १ | १० |
| | **संस्थागत विद्यालय** | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | कक्षा (९-१०) | ९८ | १०८ | २०६ | ७६ | ९६ | १७२ | १८ | ११ | २९ | ४ | ० | ४ |
| २ | कक्षा (११-१२) | ७ | १८ | २५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

*श्रोतः शैक्षिक सत्र २०८०को EMIS रिपोर्ट*

संबैधानिक व्यवस्था भए बमोजिम सबै बालबालिकाहरूका लागि निःशुल्कमाध्यमिक शिक्षा सुनिश्चित गर्नु, माध्यमिकतहमा गुणस्तरीय रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्नु, शिक्षक विद्यार्थी अनुपात तथा विषयगतरूपमा शिक्षक दरवन्दीको व्यवस्था गर्नु, विद्यालयमा न्यूनतम सक्षमताको अवस्था सुनिश्चित गर्नु, सूचना तथा

सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु, शिक्षकको दक्षतामा बृद्धि र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गरी सिकाइ सुधार तथा डिजिटल डिभाईडलाई कम गरी भौतिक रूपमा सञ्चालन गरिने शिक्षणसिकाइको विकल्पस्वरूप अनलाईन/ खुलासिकाइको अवसर सिर्जना गर्नु, माध्यमिक शिक्षालाई व्यावहारिक, प्रयोगात्मक, रचनात्मक, सिर्जनशील, स्वावलम्बी र रोजगार मूलक बनाउनु तथा संविधानले स्थानीय तहलाई माध्यमिक तह सम्मको शिक्षाको समग्र व्यवस्थापनको अधिकार प्रदान गरेको सन्दर्भमा स्थानीय तहलाई उक्त अधिकार वा जिम्मेवारीलाई प्रभावकारी रूपमा सम्पादन गर्न सक्षम बनाउनु आदि प्रमुखचुनौतिका रूपमा रहेको देखिन्छ। निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्नु र माध्यमिक शिक्षाको पहुँच बाट बाहिर रहेको ठूलो सङ्ख्यालाई विद्यालयमा ल्याउनु, विपन्नबालबालिका, विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका, दुर्गम क्षेत्रका महिला, दलित, पिछडिएका वर्ग र लोपोन्मुख समुदायका बालबालिका, कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चितगर्नु, माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित गर्नु, सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु र विद्यालय शिक्षापद्धतिलाई विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउनु पनि यस तहको शिक्षामा देखिएका चुनौतिका विषयहरू हुन्। नेपालको संविधानले माध्यमिक तह सम्मको निःशुल्क शिक्षाको व्यवस्था गरी यस तहसम्मको शैक्षिक अधिकार स्थानीय तहलाई प्रदानगर्नु, स्थानीय तहसम्म शिक्षासेवाका कर्मचारीहरू समायोजन भई कार्यसम्पादनमा संलग्न रहनु, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाक्रमशःकार्यान्वयनमा आउनु, प्रत्यक वर्ष शिक्षातर्फको बजेटमा बृद्धि हुदैजानु, शिक्षामा सूचनार प्रविधिको प्रयोगमा वृद्धि हुदै जानु, शैक्षिक विकासमा ३ तहका सरकार बिच समन्वय र सहकार्य हुनु र विद्यार्थी तथा अभिभावकमा शैक्षिक जागरण वृद्धि हुनगई शिक्षालाई अधिकारको रूपमा आत्मसाथ गर्नु आदिलाई प्रमुख अवसरका रूपमा लिन सकिन्छ।

### ३.३.२ लक्ष्य

स्तरयुक्त जीवनोपयोगी माध्यमिक शिक्षामा सबै बालवालिकाको निःशुल्क पहुँच सुनिश्चित गर्दै प्रयोगात्मकता, सिर्जनशीलता, रोजगारमूलकता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणयुक्त स्वावलम्बी, प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनमुखी जनशक्ति तयार गर्नु।

### ३.३.३ उद्देश्य

- सबै बालबालिकाको गुणस्तरीय माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, अन्वेषणात्मकता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको सीपयुक्त, उत्पादनशील/ प्रतिस्पर्धी जनशक्ति तयार गर्नु।
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु।
- विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु।

- माध्यमिक शिक्षा प्राप्तिको संवैधानिक र कानुनीदायित्व पूरा गर्नका लागि शिक्षासरोकारवाला निकाय र व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्नु ।
- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत विद्यार्थीको आधारभूत सीपप्राप्तिको सुनिश्चित गरी किशोरकिशोरीहरूलाई विभिन्न सीप हासिल गर्न सहयोग गर्नु ।

### ३.३.४ रणनीतिहरू

- सबैकालागि निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितताका साथै गुणस्तरीयता वृद्धि गर्न नगरपालिका स्तरमा नमुनामाध्यमिक विद्यालय छनौट तथा विकास गरी सञ्चालन गरिने छ ।
- आर्थिक, सामाजिक हिसाबले कमजोर पृष्ठभूमिभएका विद्यार्थीहरूलाई लक्षित गरी आवश्यकतामा आधारित शैक्षिक कार्यक्रम संचालन गरी माध्यमिक शिक्षाको पहुँचमा सुनिश्चितता गरिने छ ।
- सुरक्षित विद्यालय, सुरक्षित समुदायको अवधारणा र मापदण्ड तयार गरी सबै सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरूले सोको अनिवार्य रूपमा कार्यान्वयन गरी भूकम्प प्रतिरोधी तथा विभिन्न प्रकारका प्रकोपबाट पूर्ण सुरक्षित विद्यालय पूर्वाधारको विकास गरिने छ ।
- माध्यमिक शिक्षालाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउन विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) विषयको शिक्षणसिकाइमा विशेष जोड दिनका लागि विद्यालयमा आवश्यक पर्ने पूर्वाधार विकास गरिने छ ।
- अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेषशिक्षा र समावेशीशिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराई भौतिक पूर्वाधार, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षणसिकाइ प्रक्रिया र मूल्याङ्कन प्रणालीलाई समावेशी एवम् अपाङ्गमैत्री बनाउन सहजीकरण गरिने छ ।
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिने छ ।
- सबै विद्यालयमा कार्यसम्पादनको सुधार सहित सुशासन कायम गराउनेकार्यलाई जोड दिइने छ ।
- विद्यालयको शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीको समय र आवश्यकतानुसार अद्यावधिक र प्रयोग गर्ने कार्यलाई अनुमानयोग्य र वैज्ञानिक गराइने छ ।
- आवश्यकता र औचित्यताका आधारमा विद्यार्थी शिक्षक अनुपातमा शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्न आवश्यक समन्वय र सहजीकरण गरिने छ । शिक्षक व्यवस्थापनको कार्यलाई प्राथमिकतामा राखिनुका साथै शिक्षकको पेसागत विकास र भरपर्दो सहयोग प्रणालीको सुनिश्चितता हुने आवश्यक संयन्त्रको निर्माण र परिचालन गरिने छ ।

- सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्नअङ्गको रूपमा एकीकृत गर्दै माध्यमिक शिक्षालाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाइने छ ।
- आर्थिक रुपले विपन्न र भौगोलिक रुपमा विकट क्षेत्रका बालबालिकाहरुलाई माध्यमिकशिक्षाको सुनिश्चितता प्रदान गर्नका लागि आवासीय विद्यालयको स्थापना तथा सञ्चालन गरिने छ ।

## ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### ३.३.५.१ उपलब्धिः

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

### ३.३.५.२ प्रमुख नतिजाः

- सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिकतहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुनेछ ।
- सबै माध्यमिक विद्यालयले पूर्वाधारका आधारभूत मापदण्ड पूरा गरेको हुनेछन्।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा परिमार्जन, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोगर उचित सिकाइवातावरणको निर्माण भएको हुने छ ।
- माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन्।
- माध्यमिक शिक्षा प्रणाली प्रकोप, सङ्कट र महामारीलगायतका परिस्थिति प्रति उत्थानशील भएको हुनेछ ।
- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्र योगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग पुगेको हुनेछ।
- शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमताविकासभई माध्यमिकतहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुनेछ।
- तीन वटै तहको आपसी सहकार्य र समन्वयमा प्रत्येकविद्यालयमा आवश्यकपर्ने न्यूनतम विषयगत शिक्षकहरूको व्यवस्थापन भएको हुनेछ।
- आवश्यकता अनुरुप विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याबको प्रबन्ध मिलाइएको हुने छ।

### ३.१.५.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गरिने | पटक | २ | १ | १ | १ | १ | १ | १०५० | सङ्घ, प्रदेशरस्थानीयसरकार |

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| २ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयार गरिने | पटक | १ | १ | १ | | | | ५०० | सङ्घ, प्रदेशरस्थानीयसरकार |
| ३ | शिक्षक र विद्यार्थी सङ्ख्याको अनुपातमा दरवन्दी मिलान, शिक्षक व्यवस्थापन र कार्यान्वयन गरिने | पटक | २ | १ | १ | १ | १ | १ | ७०० | सङ्घकोसमन्वयर सहकार्यमा |
| ४ | माध्यमिक तहका बालबालिकालाई विद्यालयमा भर्ना गरिने | प्रतिशत | ८० | ५० | ५५ | ६० | ७० | ८० | ५०० | नगरपालिकारविद्यालयहरु |
| ५ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसारको प्रबन्ध गरिने | पटक | १ | १ | १ | १ | १ | १ | ५०० | सङ्घरप्रदेशकोसमन्वयरसहकार्यमा |
| ६ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास(भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर आदि)गरिने | विद्यालय प्रतिशत | १०० | २० | २० | २० | २० | २० | ४०००० | "संघ प्रदेश नपा |
| ७ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरिने | योजना तयारी | १ | १ | १ | १ | १ | १ | १५०० | " |
| ८ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गरिने | विद्यालय प्रतिशत | ५० | ३० | ३५ | ४० | ४५ | ५० | १५०० | " |
| ९ | निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक वितरणगरिने | विद्यार्थी प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | २५००० | " |
| १० | माध्यमिक तहका विभिन्न कक्षामा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउन सहजीकरण गरिने | पटक | ५ | १ | १ | १ | १ | १ | ७०० | विद्दालय, न.पा., संघ |
| ११ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समितिका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिने | विद्यालय प्रतिशत | १०० | ५० | १०० | १०० | १०० | १०० | १५०० | " |
| १२ | कम्तिमा एउटा नमुना माध्यमिक विद्यालयको विकास गरिने | विद्यालय सङ्ख्या | १ | | १ | | | | १५००० | न.पा., संघ |

| क स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १३ | सबै माध्यमिक विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला र सूचना प्रविधि प्रयोगशाला स्थापनागरिने | विद्यालय प्रतिशत | १०० | ५० | १० | १० | १० | २० | ६५०० | " |
| १४ | विद्यार्थी कल्याणकारी कोष स्थापना गरिने | विद्या लय | ५१ | | ५१ | | | | ३००० | न.पा |
| १५ | आर्थिक रुपमा विपन्न र भौगोलिक रुपमा विकटमा रहेका विद्यार्थीहरूका लागि नगरपालिका र जनज्योति मावि झिङ्नीको साझेदारीमा विद्यालय आवासको स्थापना तथा सञ्चालन गरिने | विद्यालय | १ | १ | | | | | ३००० | सङ्घ र प्रदेशसरकारसँग कोसमन्वय र सहकार्यमा |
| १६ | प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन करार गर्ने र निर्धारित लक्ष्य हासिल गर्न व्यवस्थापनमा स्वयत्तता दिँदै अनुगमनलाई नतिजामूलक बनाउदै लगिने । | विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | २५० | नगरशिक्षासमिति तथाशिक्षा, युवातथाखेलकुद शाखा |
| १७ | समग्र विद्यालय सञ्चालन तथा व्यवस्थापनको क्षेत्रमा सुशासन कायम गरिने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५०० | सङ्घरप्रदेशकोसम न्वयरसहकार्यमा |
| १८ | शिक्षकहरूको कक्षा प्रवेश पूर्वको योजना तयारी र सामग्री प्रयोग अनिवार्य गर्दै शिक्षकले कक्षामा शिक्षणमा विताउने समयको प्रभावकारीता अभिवृद्धि गरिने । | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००० | सङ्घरप्रदेशसरका रसँगकोसमन्वय रसहकार्यमा |
| १९ | नतिजाप्रति शिक्षकलाई जिम्मेवार बनाई कार्यसम्पादन र प्राप्त नतिजाका आधारमा प्रोत्साहन अनुदानको व्यवस्था गरिने । | विद्यालय | ५ | १ | १ | १ | १ | १ | २५०० | नगरशिक्षासमिति |
| २० | उत्कृष्ट नतिजा हासिल गराउने शिक्षक र विद्यालयहरूलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने । | शिक्षक | २५ | ५ | ५ | ५ | ५ | ५ | ५०० | नगरशिक्षासमिति |
| २१ | हालको अपुग शिक्षक दरबन्दीलाई क्रमशः स्वयम्सेवक शिक्षक परिचालन मार्फत व्यवस्थापन गरिने । | विद्यालय | ५६ | ७ | ७ | १४ | १४ | १४ | ५०००० | नगरशिक्षासमिति |
| २२ | सबै माध्यमिक विद्यालयहरूमा गणित ल्याब स्थापना गरिने । | विद्याल य | १३ | २ | २ | ३ | ३ | ३ | १५०० | नगरशिक्षासमिति |
| | | अनुमानित बजेट | | | | | | | १५९२०० | |

# ३.४ पाठ्यक्रम र मूल्यांकन

### ३.४.१ वर्तमान अवस्था

परीक्षा विद्यार्थीहरूले सिकेका ज्ञान, सीपहरूको मापनगर्ने साधनहो । हामी अझै पनि परम्परागत रूपमा चलिआएको Paper Pencil Test को माध्यमले विद्यार्थीहरूको सिकाइ उपलव्धि परीक्षणगर्दै आइरहेको अवस्था छ । परीक्षणका साधनहरूमा जती विविधता अपनाउन सक्यो मूल्याङ्कन त्यति नैविश्वसनीय र वैध हुन्छ । कक्षा १ देखि ३ सम्म १०० प्रतिशत निरन्तरविद्यार्थीमूल्याङ्कन, कक्षा ४ देखि ८ सम्म ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक परीक्षाका माध्यमले मूल्याङ्कन गर्ने व्यवस्था पाठ्यक्रमले गरेकोछ। आधारभूततहको परीक्षा सञ्चालन र व्यवस्थापनको अधिकार स्थानीयतहको कार्यक्षेत्रभित्रर हेकोछ । परीक्षा व्यवस्थापनका समग्र पक्षहरूमा विश्वसनीयता र वैधता कायमगर्दै सिकाइको मूल्याङ्कनवाट सिकाइका लागि मूल्याङ्कनतर्फको सुरुवातीगर्नु आवश्यकता छ।भेरीगंगा नगरपालिकाको सन्दर्भमा कक्षा आठको आधारभूत शिक्षा परीक्षा सञ्चालन गर्नकालागि नगरपालिकाले आधारभूत शिक्षा परीक्षा सञ्चालन कार्यविधि-२०७६ निर्माणगरी कार्यान्वयनमा ल्याएको छ । अन्य विद्यालयतहका परीक्षा सञ्चालन र व्यवस्थापनको लागि समेत समन्वय र सहजीकरण गर्दै आएको छ। शैक्षिक सत्र २०७६ मा कोभिड१९को कारणले विद्यार्थी मूल्याङ्कन कार्य प्रभावित नभए पनि शैक्षिक सत्र २०७७ मा कक्षा ६ देखि माथिको विद्यार्थीमूल्याङ्कनको अन्तिमकार्य केही प्रभावित बन्यो।पाठ्यक्रममा गरिएको परिमार्जनले विगतमा प्रयोग गरिएको निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणालीका समस्या तथा कठिनाइहरूको अनुभवका आधारमा मूल्याङ्कन साधनहरूलाई सहज र व्यावहारिक बनाई नतिजालाई अक्षराङ्कन पद्धतिमा अभिलेखीकरण गर्ने प्रावधान शुरुवात गरिएको छ।

नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धतिस्थापना र सञ्चालन गर्नु, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि सरोकारववालाको क्षमता विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण गर्नु तथा अपाङ्गता भएका बालबालिकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृति अनुसार लचकता प्रदान गर्नु पाठ्यक्रम तथा पाठ्यसामग्री सँगसम्बन्धित प्रमुख चुनौतिहरू रहेका छन्।पाठ्यपुस्तकलाई शैक्षिक सत्रको शुरुमानै विद्यार्थीको हातमा प्रदान गर्नु, शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्री प्रदान गर्नु, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, परीक्षापद्धतिलाई उच्चतहको संज्ञान तथा सिप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउनु, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग गर्नुपाठ्यक्रम तथा पाठ्य सामग्रीसँग सम्बन्धि तथा चुनौतिका विषयहरू रहेका छन्।सङ्घीय स्तरमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा गर्दर्शन २०७६ को निर्माण, विद्यालय शिक्षाको सम्पूर्ण कक्षाको पाठ्यक्रम तथा मूल्याङ्कनको क्षेत्रमा परिमार्जन र कार्यान्वयन गर्दै जानु, परिमार्जित पाठ्यक्रममा

कक्षा ८ सम्म स्थानीय विषयको रुपमा स्थानीय पाठ्यक्रमलाई अध्यापन गराइने ढाँचाको विकास गरिनु, आधारभूत र माध्यमिक तहका सबै बालबालिकाहरूलाई निःशुल्क पाठ्यपुस्तक प्रदान गरिनु, पाठ्यक्रम विकासकेन्द्रले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र अन्य सन्दर्भसामग्रीको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्नु आदि यस सँग सम्बन्धित अवसरहरू हुन्।

### ३.४.२ लक्ष्य

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार हुने ।

### ३.४.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम, पाठ्यसामग्री तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखितउद्देश्यहरू राखेको छः

- पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी रूपमा कार्यान्वयन गरी सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ।
- खोज, अनुसन्धान र व्यावहारिक जीवनमा आधारित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न सहयोग गर्नु ।
- पाठ्यक्रम,पाठ्य सामग्री तथा अतिरिक्त क्रियाकलाप कार्यान्वयन गर्दा विपत्जोखिम न्यूनीकरण तथा व्यवस्थापनका पक्षलाई समावेश गर्नु ।
- शिक्षालाई दैनिक जीवनका आयामहरूसँग जोडी सम्बन्धित विषयवस्तुलाई अन्तर्सम्वन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहयोग गर्नु ।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइ द्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारुमा ज्ञान,सीप तथा व्यवहार विकासमा सहजीकरण गर्नु ।
- सिकारुको सिकाइलाई समस्या समाधान उन्मुख गराई निरन्तर, आवधिक, स्तरीकृत र प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्न सहयोग गर्नु ।

### ३.४.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छः

- राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरे अनुसार विद्यालयतहको पाठ्यक्रम कार्यान्वयन गर्न शिक्षकको सक्षता विकास गरी जिम्मेवार बनाईने छ ।
- राष्ट्रिय र स्थानीय दुबै प्रकारका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने संरचनागत तथा नीतिगत प्रबन्धगरी कार्यान्वयनमा ल्याइने छ ।

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्न सहभागिता मूलक, खोज मूलक तथा समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोग गर्नका लागि आवश्यक सहजीकरण गरिने छ ।
- सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक पूर्वाधार विकास तथा उचित प्रयोग गर्न सक्ने क्षमता विकास गरी कक्षागत वा तहगत रूपमा प्रविधिमा आधारित शिक्षक सिकाइलाई प्राथमिकता दिइने छ ।
- सबै माध्यमिक विद्यालयहरूमा पुस्तकालय र सूचना तथा सञ्चार प्रविधि ल्याब तथा आधारभूत विद्यालयमा सिकाइ कुना र सूचना तथा सञ्चार प्रविधि ल्याबको व्यवस्थापन गरी सोको प्रयोगको लागि शिक्षकहरूको क्षमता विकास गरिने छ । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि समन्वयात्मक अनुगमन तथा पृष्ठपोषण कार्यलाई व्यवस्थित गरिने छ ।
- अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर वृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेललिपी, साङ्केतिक भाषा, श्रव्य दृष्य सामग्रीको विकास तथा प्रयोगलाई उच्च प्राथमिकता दिई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चितता गरिने छ ।
- सिकाइ उपलब्धि प्रतिशिक्षक लाई जिम्मेवार तथा जबाफदेही बनाई शिक्षकको वृत्तिविकाससँग पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्ने व्यवस्था मिलाइने छ ।

## ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### ३.४.५.१ उपलब्धिः

विद्यालयतहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई आवश्यक आधारभुत सक्षमता सहित सकारात्मकसोच, सृजनशील, निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

### ३.४.५.२ प्रमुख नतिजाः

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन भएको हुनेछ ।
- कक्षा १ देखि ३ मा व्यवहार कुशलसीप सहित अन्तरविषयक तथा बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम कार्यान्वयन भएको हुनेछ ।
- विद्यालय तहको स्थानीय पाठ्यक्रम एवं पाठ्यपुस्तक विकास र कार्यान्वयन भएकोहुनेछ ।
- पाठ्यक्रम विकासकेन्द्रले विकास गरेको बहुपाठ्यपुस्तक प्रणाली कार्यान्वयन भएको हुने छ ।
- विद्यालय तहको सार्वजनिक परीक्षाले विद्यार्थीको क्षमताको सही व्याख्या गरेको हुनेछ ।

- पाठ्यक्रम विकास केन्द्र द्वारा निर्माण गरिएका सामग्रीहरू अपाङ्गमैत्री तथा भौगोलिक सापेक्षतामा प्रयोग भएको हुनेछ ।
- सिकाइ क्रियाकलाप बालमैत्री, सान्दर्भिक तथा प्रभावकारी भएको हुनेछ ।

### ३.४.६.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | विद्यालय तहका पाठ्यक्रम तथा पाठ्यसामग्री अभिमुखीकरण गरिने । | पटक | निरन्त र | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५०० | " |
| २ | परम्परागत ज्ञान, सीप र प्रविधिलाई स्थानीय पाठ्यक्रममा समायोजन, परिमार्जन र विकास गरिने । | पटक | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५०० | नगर शिक्षा समिति |
| ३ | निर्देशिका, कार्य विधि तथा मार्गदर्शन अभिमुखीकरण तथा प्रबोधीकरण गरिने | पटक | ५ | १ | १ | १ | १ | १ | १५०० | संघ,प्रदेशकोसहयोग रसमन्वयमा न.पा |
| ४ | सबै तहका विद्यार्थीका लागि समावेशीडिजिटल पाठ्यसामग्री निर्माण गरिने । | कक्षा | सबै | सबै | सबै | सबै | सबै | सबै | १५०० | " |
| ५ | विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरूका लागि उपयुक्त समावेशी पाठ्यसामग्रीको विकास र वितरण गरिने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ७५० | " |
| ६ | स्थानीय पाठ्यक्रम अन्तरगत पाठ्यपुस्तक विकास गरिने । | पटक | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३००० | न.पा., गै.स.स |
| ७ | अभिभावक शिक्षाको पाठयक्रमको विकास र कार्यान्वयन गरिने । | पटक | १ | | १ | निरन्तर | निरन्तर | निरन्तर | १५०० | " |
| ८ | स्टेम शिक्षासम्बन्धी अभिमुखीकरण गरिने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ६०० | संघ,प्रदेशकोसहयोग रसमन्वयमा न.पा |
| ९ | स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्री निर्माण तथा प्रयोग गरिने | पटक/विद्यालय | १/निरन्तर | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५०० | न.पा.रविद्यालय |
| १० | विपत्को र सङकटको समयमा विद्यालय तहमा प्रयोग गर्न सकिने सामग्रीको विकास | पटक | १/निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५०० | संघरप्रदेशकोसहयोग रसमन्वयमा |
| ११ | शाखामा सानोई-पुस्तकालयको स्थापना | पटक | १ | १ | | | | | ५०० | शिक्षा, युवातथाखेलकुदशाखा |
| | | अनुमानित बजेट | | | | | | | १५३५० | |

## ३.५ शिक्षक व्यवस्थापन र विकास

### ३.५.१ वर्तमान अवस्था

नेपालमा आधुनिक शिक्षा पद्धतिको विकास भएसँगै शिक्षक व्यवस्थापनका विविध पक्षमा विभिन्न कार्यहरू गरिँदै आएको भएता पनि यस भेरीगङ्गा नगरपालिकाको वर्तमान अवस्था र समसामयिक सवालहरूलाई समाधान गर्न सकिएको छैन ।हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र सुधार योजनाले शिक्षक नियुक्ति, वृत्ति विकास, न्यूनतम् योग्यता, शिक्षक तयारी कोर्स र तालिम सम्बन्धमा गरिने कार्यहरू उल्लेख भएअनुरुप श्रोतको अभाबका कारणयस पालिकामा कार्यन्वयन गर्न सकियको छैन ।

शिक्षकको गुणस्तरभन्दा माथि शिक्षाको गुणस्तर नहुने भएकाले यस पालिकाको ध्यान शिक्षक तयारी, विकास तथा व्यवस्थापनमा केन्द्रित हुनु पर्ने देखिन्छ । शिक्षक तयारी तथा विकासका वर्तमान अभ्यासले आजको आवश्यकता, अन्तरराष्ट्रिय परिवेशमा प्रतिस्पर्धा गर्न सक्ने अवस्था नदेखिएकाले आमूल परिवर्तनका लागि यस योजना मार्फत कार्यहरु गर्नुपर्ने देखिन्छ । तसर्थः यो शिक्षा योजनाले यस नगर अन्तर्गत शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति, आवश्यकता अनुरुपका विषयगत शिक्षकको तयारी, शिक्षण सिकाइका क्रियाकलाप, शिक्षक पेसागत सहयोग पद्धति, शिक्षक क्षमता विकास कार्यक्रम, शिक्षक उत्तरदायित्वका क्षेत्रहरू, शिक्षकको आपूर्ति र वितरण जस्ता विषयलाई उठान गरि समाधानका क्रियाकलापहरुको तर्जुमा गरि कार्यन्वयनको लागि सबै सरोकार वालाहरूलाई दिशा निर्देश गरेको छ ।

शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु एवम् शिक्षण पेसालाई रोजाइको पेशा बनाएकालाई शिक्षण पेशामा प्रवेश गराउनु, कक्षा कोठाको आवश्यक्ता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाको रुचि अनुसारको शिक्षकको आपूर्तिका निम्ति शिक्षकसेवा आयोगको परीक्षा र पाठ्यक्रमलाई समसामयिक बनाउनु, कक्षा कोठालाई पेशागत विकास र सिकाइको थलोको रूपमा विकास गर्नु, पुरष्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गरिनु, विद्यालयहरूमा तहगत रूपमा न्यूनतम विषयगत शिक्षक दरबन्दिको व्यवस्थापन गर्नु, नपुगशिक्षकको आपूर्ति नगरपालिकाले आफ्नै लगानीबाट गर्ने गरी स्रोतको व्यवस्थापन गर्नु र शिक्षकको सरुवा र वृत्तिविकासलाई पारदर्शी निष्पक्ष न्यायोचित र विद्यार्थीकोसिकाइ उपलब्धिमा आधारित बनाउनु शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका मुख्यचुनौतिहरू हुन्।पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षणसिकाइ क्रियाकलापमा विविधता ल्याउनु, शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु, शिक्षकलाई राजनीतिक गन्ध आउने थरिथरिका पेशागत संस्थातिर नभई बिशुद्ध पेशाकोउन्नयनमा सहयोग पु-याउने सबैको साझा पेशागत संस्थाप्रति प्रतिबद्ध बनाउनु, शिक्षकको पेसागत विकासको अवसर विस्तार र प्रभावकारीतामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्नु, विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा उपलब्ध शिक्षकहरूको औचित्य पूर्ण वितरण गर्नुका साथै आवश्यक विषयगत विशिष्टता सहित आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका सहायक चुनौतिहरु हुन्।

शिक्षक सेवा आयोगले निरन्तर रूपमा स्थायी शिक्षकको पदपूर्ति गर्नु, बढुवाका नियमित कार्यहरू प्रभावकारी रूपमा अगाडि बढाउनु, नेपाल सरकारले शिक्षक दरबन्दी मिलान गर्नका लागि कार्य दल निर्माण गरी प्राप्त प्रतिवेदन अनुसार दरबन्दी मिलानका कार्यहरू शिक्षा तथा मानवस्रोत विकासकेन्द्रबाट तदारूकताका साथ अगाडि बढ्नु, शिक्षकको पेशागत विकास प्रारूप अनुसार पेसागत विकासका तीन वटै तरिकाहरू कार्यान्वयनमा आउनु, प्रदेश र स्थानीय तहले समेत शिक्षक व्यवस्थापनमा लगानी गर्दै आउनु आदि यसक्षेत्रका अवसरहरू रहेका छन्।

### ३.५.२ लक्ष्य

गुणस्तरिय शिक्षाका लागि योग्य ,व्यावसायिक रुपमा दक्ष ,पेसाप्रति उत्प्रेरित ,प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने ।

### ३.५.३ उद्देश्य

- शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु,
- विषयवस्तुमा निपुर्ण शिक्षकको सुनिश्चितता गर्नु,
- सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु।

### ३.५.४ रणनीतिहरू

- नगरपालिका स्तरमा शिक्षक तथा विद्यालय कर्मचारीको सक्षमता प्रारूप विकास गरी कार्यान्वयनमा ल्याइने छ।
- वर्तमान शिक्षक शिक्षा कार्यक्रमलाई पर्याप्त विषयवस्तुको ज्ञान र शिक्षणसीपमा केन्द्रित हुँदै पुनरावलोकन गर्नेकार्यमा सङ्घ र प्रदेशसरकार सँग सहकार्य र समन्वय गरिनेछ।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगतरूपमा शिक्षक दरबन्दी मिलान/दरबन्दी पुनर्वितरण तथा थप गर्ने कार्यमा सहजीकरण गरिनेछ।
- शिक्षानीति अनुसार नपुग शिक्षक दरबन्दी मध्ये नगरपालिकाले आर्थिक भार व्यहोर्ने गरी कानूनबमोजिम सिर्जना गरिएका शिक्षक दरबन्दीहरूको न्यायोचित किसिमले वितरण गरी शिक्षकहरूको नियुक्ति र पदस्थापन गरिनेछ।
- प्रत्येक वर्ष नगरपालिकामा कार्यरत सम्पूर्ण शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सीपविकास सम्बन्धी नगरपालिका स्तरीय छोटा अवधिको तालिमलाई सञ्चालन गरिनेछ।
- नगरपालिकामा शिक्षक पेसागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ। यसकालागि नगरपालिकामा विषयगत शिक्षक सञ्जाल बनाइ वा अनुभवी निवृत्त शिक्षकहरूबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।

- शिक्षकहरूको साझा सङ्गठनकोरूपमा नगरपालिका स्तरमा एउटा मात्र संस्थाको व्यवस्था गरी उक्तसंस्थालाई शिक्षकको पेशागत सहयोग र विकासका निम्ति क्रियाशील बनाइनेछ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजा प्रति जवाफ देही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरिनेछ।
- शिक्षकहरुको शैक्षिक योग्यता र कार्यकुलता एवं आवश्यकतालाई आधार वनाई दरवन्दी मिलान एवं सरुवा गरिनेछ ।
- शिक्षक नियुक्ति, सरुवा तथा तालिम तथा पेसागत विकासमा सहभागी गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोधन हुनेगरी पद्धतिको विकास गरिने छ।
- शिक्षक पुरस्कार प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित शिक्षकको सामाजिक आचरण, पेशाप्रतिको निष्ठा र समर्पणभाव, विद्यार्थीको सिकाइ उपलब्धि र उनीहरूको अभिमत जस्ता मापदण्ड निर्माण गरी लागू गरिने छ।

### ३.५.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ३.५.५.१ उपलब्धिः

पर्याप्त मात्रामा सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सक्षमतामा सुधार हुने।

#### ३.५.५.२ प्रमुख नतिजाः

- नगरपालिका स्तरमा शिक्षक सक्षमता प्रारूपको विकास भई कार्यान्वयन भएको हुने।
- शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइ सम्बन्धी सक्षमता विकास हुने गरी पुन संरचना तथा सुधार गर्ने कार्यमा संघ र कर्णाली प्रदेश सरकारसँग सहकार्य र समन्वय गएिको हुने।
- कक्षाकोठाको आवश्यक्ता र पाठ्यक्रमको मर्म एवम्बालबालिकाको रुचि अनुसारको शिक्षकको आपूर्तिका निम्ति शिक्षक सेवा आयोगको परीक्षा र पाठ्यक्रम निर्माण भई लागु गर्न आवश्यक पर्ने सहयोग भएको हुने।
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित भएको हुने।
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरणभई नगरपालिका स्तरमा शिक्षक पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त भएको हुने।
- शिक्षककोउपस्थिति, शिक्षण सिकाइ विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार भएको हुने।
- विद्यालयमा हुनुपर्ने न्यूनतम शिक्षकका साथै शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा उपयुक्त सङ्कायमा शिक्षक दरबन्दीको मिलान/ पुनर्वितरण हुने र शिक्षकको आपूर्ति नियमितरूपमा भएको हुने।

- शिक्षकको सरुवा र वृत्तिविकासका लागि पारदर्शी र पूर्वानुमान योग्य र वस्तुनिष्ठ आधार सहितको पद्धति स्थापित भएको हुने।
- नगरपालिका स्तरमा पारदर्शी, वस्तुनिष्ठ र न्यायोचित आधारमा शिक्षकको प्रोत्साहन र पुरस्कार पद्धति स्थापित भई कार्यान्वयन भएको हुने।

### ३.५.५.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क्र.स | नतिजा अनुसारप्रमुख कार्यक्रम | ५बर्षको लक्ष्य | | क्रियाकलापकोकार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | १ | | १ | | | | ७०० | नगरपालिक |
| २ | शिक्षक अभाव पूर्तिको लागि स्वयंसेवक शिक्षक परिचालन | जना | ५० | १० | १० | १० | १० | १० | १५००० | नपा,प्रदेश,संघ |
| ३ | पाठ्यक्रम सम्बन्धी अभिमुखीकरण नवनियुक्त शिक्षकको लागि सेवा प्रवेश तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | १००० | संघ, प्रदेश, नपा |
| ४ | शिक्षकले शिक्षण सिकाइमा विताउने समयको कार्यविधि तर्जुमा तथा कार्यान्वयन | पटक | १/निरन्तर | १/ निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | नगरपालिका |
| ५ | कार्यसम्पादनमा सुधार गर्न नियमित अनुगमन तथापृष्ठपोषण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | संघ, नपा |
| ६ | प्रति विद्यार्थी लागतका आधारमा आवश्यक शिक्षण सिकाइ सामग्रीको व्यवस्था | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५००० | संघ, नपा |
| ७ | विषयगत शिक्षक समूह गठन र परिचालन अनुभवी शिक्षक वा समकक्षी शिक्षकबाट सुपरिवेक्षण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | संघ, नपा |
| ८ | प्रत्येक महिना प्रत्येक शिक्षकको कम्तीमा एक पटक कक्षा अवलोकन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | विद्यालय,संघ, नपा |
| ९ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको संजाल बनाउने | वटा | | | १ | | | | १०० | संघ, नपा |
| १० | आवश्यकताका आधारमा शिक्षक पेसागत सहयोग तालिम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | २५०० | संघ, नपा |
| ११ | पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाइ शिक्षण सिकाइ समुह वैठक सञ्चालन गर्ने | पटक | १० | २ | २ | २ | २ | २ | ५०० | संघ, नपा |
| १२ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि तालिम | पटक | ३ | १ | | १ | | १ | १००० | संघ, नपा |
| | **अनुमानित बजेट** | | | | | | | | ३७८०० | |

# ३.६अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ

### ३.६.१ वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा, सामुदायिक सिकाइ केन्द्र सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसै सन्दर्भमा भेरीगंगा नगरपालिकाले समेत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी वहन गर्दै आएको छ । यस नगरपालिका अन्तर्गत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा सम्बन्धी कार्य गर्न विगतदेखि नै लेखपराजुल, छिन्चु, रामघाट र मैनतडा गरी चारवटा स्थानमा सामुदायिक सिकाइ केन्द्रहरु स्थापना भएका छन् । सिकाइ केन्द्रहरूले सामुदायिक पुस्तकालय तथा वाचनालय, लक्षित वर्गलाई निशुल्क इन्टरनेट तथा टेलिफोन सेवा, नयाँ प्रविधिको प्रसार तथा महिला समूह निर्माण गरी विभिन्न तालिमहरू तथा आय आर्जनका कार्यक्रमहरू समेत सञ्चालन गरिरहेका छन्।यसले जीवनपर्यन्त सिकाइलाई समेत सहयोग पुगेको छ।यसका अतिरिक्त नगरपालिकामा विभिन्न संघ, संस्था तथा सहकारी संस्थाहरूले पनि साक्षरता कक्षा, वित्तीय साक्षरता, व्यावसायिक साक्षरता, कानुनी साक्षरता लगायतका अनौपचारिक कक्षाहरू सञ्चालन गरिरहेकाछन्। नेपाल सरकारले आर्थिक वर्ष २०६९/०७० देखि सञ्चालन गरेको साक्षर नेपाल अभियान अन्तर्गत भेरीगङ्गा नगरपालिकामा रहेका सामुदायिक सिकाइ केन्द्र र विद्यालयहरू परिचालन गरी १५ वर्षदेखि माथिका कम्तिमा ९५ प्रतिशत नागरिकहरूलाई साक्षर गराएर वि.सं. २०७० सालमा साविकका छिञ्चु, रामघाट, लेखपराजुल र मैनतडा गाउँ विकास समितिहरू साक्षर गा.बि.स. घोषणा समेत भैसकेका छन् । भेरीगंगा नगरपालिकामा वशोवास गर्ने नागरिकहरुलाई कार्यमूलक साक्षर वनाउनु,साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, पूर्णसाक्षर भेरीगंगा नगर निर्माणगर्नु, अनौपचारिक माध्यमबाट साक्षरता सीप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँगजोड्नु, समाजमा पठन संस्कृतिलाई जीवनकोअभिन्न अङ्ग बनाउनु र औपचारिक शिक्षाबाट बञ्चितहरूका लागि भरपर्दो र सुलभ औपचारिक, खुला तथा वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता दिनु मुख्य चुनौति रहेका छन्।अनौपचारिक शिक्षा प्रति अभिरुचिको कमी, सहभागीहरूको अनियमितता, साक्षरोत्त र शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरू बिच समन्वयको अभाव, सबै वडाहरूमा सामुदायिक सिकाइ केन्द्रहरू व्यवस्थापन गर्न नसक्नु, पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यावहारिकता र स्रोतपरिचालनमा कमी जस्ता कुरा पनि चुनौतिका रूपमा रहेका छन्।वर्तमान सन्दर्भमा बहुशासकीय साझेदारहरूको स्रोत सहितको प्रतिबद्धता र प्राथमिकताका साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षासम्बन्धी प्रतिबद्धता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल सुखी नेपाली बनाउने सरकारको दीर्घकालिन सोच, साक्षरता अभियान, राष्ट्रिय शिक्षा नीतिमा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन, सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन जस्ता कुराको यथोचित उपयोगलाई अवसरका रूपमा लिन

सकिन्छ।शिक्षाकेन्द्रबाट मात्रै सञ्चालन हुँदै रहेको स्थितिको अन्त्य गरी माध्यमिक शिक्षा सम्मको व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तीनै तहका सरकारको साझाअधिकार रहनु पनि अनौपचारिक तथा खुला शिक्षा विकासका लागि सुअवसर हो।

### ३.६.२ लक्ष्य

अनौपचारिक शिक्षालाई साक्षरताको मूलआधारकोरूपमा विकास गर्दै समुन्नत समाज निर्माण गर्ने।

### ३.६.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्न लिखितउद्देश्यहरू राखेको छः

- सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु।
- शिक्षाको अवसरबाट वञ्चित भएका वा बिचैमा पढाइ छाडेका नवसाक्षर र निरक्षर व्यक्तिहरूको पहिचान गरी साक्षरता अभियान, जीवनपर्यन्त शिक्षा, खुलाशिक्षा र वैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षासरहको शिक्षा प्रदान गर्नु।
- अनौपचारिक तथा खुला शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री निर्माण र वितरण तथा अनुगमन, निरीक्षण र कार्यान्वयन प्रक्रियालाई तीन तहका सरकारबिचको साझेदारी र समन्वयमा सञ्चालन गर्नु।
- अनौपचारिक, खुला र वैकल्पिक माध्यमबाट प्राप्त ज्ञानसीपलाई दैनिकजीवनर आयआर्जनका पेसा व्यवसायसँग आबद्ध गरी जीवन पर्यन्त सिकाइ सुनिश्चित गर्नु।
- पठन संस्कृतिलाई जीवनकोअभिन्न अङ्ग बनाउन सार्वजनिक पुस्तकालय, थप सामुदायिक सिकाइ केन्द्र र वाचनालयहरूको स्थापना, विकास र विस्तारगर्नु ।

### ३.६.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

- मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- नगरपालिकाको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरू परिचालन गरी आवश्यक पर्ने स्थानमा साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिनेछ ।
- संघीय र कर्णाली प्रदेश सरकारको समन्वयमा सिकारुका आवश्यकताअनुसार पाठ्यक्रम र सिकाइ मोडुलका डिजिटल सिकाइ सामग्री विकास गरी निरन्तर शिक्षाका कक्षाहरू सञ्चालन गरिनेछ ।

- राष्ट्रिय योग्यता प्रारूपअनुसार अरितिक, अनौपचारिक तथा औपचारिक शिक्षाबिच समकक्षताको लागि नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्डको विकास र कार्यान्वयनमा सहजीकरण गरिनेछ ।
- विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइ र सिकाइ संस्कृतिको नगर अवधारणापत्र तयार गरिनेछ ।
- अनौपचारिक एवम्आजीवन सिकाइका लागि सङ्घ र कर्णाली प्रदेश सरकारबिच स्रोत साझेदारी प्रारूप विकास गर्न समन्वय र सहजीकरण गरिनेछ ।
- सरोकारवालाहरूको क्षमता र अपनत्व विकासका लागि सङ्घीय र प्रदेश सरकार र अन्य सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुदृढीकरण गरिनेछ ।
- जीवनपर्यन्त सिकाइलाई प्रभावपूर्ण बनाउन नगरपालिकामा योजना, अनुगमन र कार्यान्वयन संयन्त्र बनाइनेछ ।
- निरन्तर र जीवनपर्यन्त सिकाइलाई अभौतिक साँस्कृतिक सम्पदाको संरक्षण र सम्बद्र्धनसंग जोडेर अगाडि बढाइनेछ ।

### ३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ३.६.५.१ उपलब्धिः

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइको अवसर प्राप्त हुने।

#### ३.६.५.२ प्रमुख नतिजाः

- नवसाक्षरहरूका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षाका कार्यक्रमहरूको प्रबन्ध भएको हुने।
- आजीवन सिकाइका लागि परिभाषित ढाँचा र स्तरीकरणका आधारमा सिकाइ अवसरहरूको सिर्जना गरिएको हुने।
- सङ्घीय तथा प्रदेश सरकारसँगको समन्वय मासिकारुको आवश्यकता अनुसार आजीवन सिकाइका नमुना मोडयुल तथा सिकाइ सामग्रीहरू विकास र कार्यान्वयन भएको हुने।
- नगरपालिकामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत संयन्त्र एव सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइको केन्द्रको रूपमा विकास भएको हुने।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्यसञ्चालन भएको हुने।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एव प्रमाणीकरण गर्ननीति/ नियमावली/ कार्यविधि तयार गरी राष्ट्रिय योग्यता प्रारूप अनुरूप समकक्षता प्रदानका लागि समन्वय र सहजीकरण भएको हुने।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी खण्डीकृत डाटावेस तयार भएको हुने।

- सङ्घ र प्रदेश सरकारसँगको समन्वयमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारीताको प्रारूप तयार भएको हुने।
- निरन्तर र जीवन पर्यन्त सिकाइ कार्यक्रम अभौतिक साँस्कृतिक सम्पदाको संरक्षण र सम्वर्धनसंग जोडिएको हुने।

### ३.६.५.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | अनौपचारिक तथा आजीवन सिकाइ र यसको आगामी मार्ग सम्बन्धमा अवधारणागत स्पष्टताका लागि विज्ञ समूहबाट अवधारणा पत्र तयार गराई अभिमुखीकरण गरिने। | पटक | २ | १ | | | १ | | १०० | संघ र प्रदेश र न.पा.को समन्वयमा गै.स.स.समेत |
| २ | सङ्घीय तथा कर्णाली प्रदेश सरकारको समन्वय र सहकार्यमा लागत सहभागिताको प्रारूप तयार गरिने। | पटक | १ | १ | | | | | २०० | " |
| ३ | निरक्षरहरूको विवरण सङ्कलन र आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कको डाटाबेस तयार गरिने। | पटक | १ | १ | | | | | १५०० | " |
| ४ | सार्वजनिक पुस्तकालय तथा वाचनालयहरू स्थापना गरी सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध गरिने। | वटा | १३ | १ | ३ | ३ | ३ | ३ | ३९०० | " |
| ५ | सामुदायिक सिकाइ केन्द्रमा सुचना तथा सञ्चार प्रविधि सम्बन्धी आवश्यक उपकरणको व्यवस्था गरिने। | वटा | १३ | १ | ३ | ३ | ३ | ३ | ३९०० | " |
| ७ | सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (रेडियो, टेलिभिजन, अनलाईन तथा अफलाइन डिजिटल सामग्री, डिजिटल प्लेटफर्म विकास र सन्चालन) गरिने। | पटक | ५ | १ | १ | १ | १ | १ | ४०० | संघ र प्रदेश र न.पा.को समन्वयमा गै.स.स.समेत |
| ८ | राष्ट्रिय योग्यता प्रारूप अनुसार योग्यता प्रमाणिकरण तथा समकक्षता सम्बन्धी कार्यविधि तयार तथा कार्यान्वयन गर्ने कार्यमा सहजीकरण गरिने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० | " |
| १० | जेष्ठ नागरिक, श्रमिक, अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइको प्रबन्ध गरिने। | पटक | निरन्तर | | १ | १ | १ | १ | ७०० | " |

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| ११ | नवसाक्षरहरू र विपन्नमहिलाहरूलाई समावेश गरी समूहहरू निर्माण गर्ने र आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्दै बचत गर्ने बानीको विकास गर्ने संयन्त्र निर्माण र त्यसको परिचाल नगर्ने। | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ७०० | " |
| १२ | स्थानीय भाषा, कला र संस्कृतिको संरक्षण, प्रवर्धन र विकास गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने। | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००० | " |
| | **जम्मा अनुमानित बजेट** | | | | | | | | **१२५००** | |

## ३.७ प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.७.१ वर्तमान अवस्था

सङ्घीय संरचनामा विद्यालयको शिक्षासँग सँगै प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका लागि स्थानीय तहमा नीति, कार्यक्रम, समन्वय, सहयोग तथा व्यवस्थापन गर्ने संरचना र जिम्मेवारीको संयन्त्र विकास गर्नु, सार्वजनिक निजी साझेदारीको माध्यमबाट प्राविधिक तथा व्यावसायिक शिक्षाको, बजारको माग र तालिम प्राप्त जनशक्तिको मेल हुने प्रणाली स्थापित गर्नु आदि प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका मुख्य चुनौतिहरु हुन्। त्यसैगरी कर्णाली प्रदेशमा बहुव्यावसायिक प्रशिक्षण केन्द्र, उच्च तहको प्राविधिक शिक्षा प्रदान गर्ने संस्था, प्राविधिक तथा व्यावसायिक शिक्षामा दीगो, प्रभावकारी एवम् उपयुक्त स्रोत व्यवस्थापन, ५० देखि ६० प्रतिशत सम्मको शिक्षा प्राविधिक तथा व्यावसायिक शिक्षा हुनुपर्ने, प्रशिक्षकहरूको विकास र उत्प्रेरणा, प्रयोगशाला, पाठ्यसामग्री, कक्षा ९ देखि नै प्राविधिक तथा व्यावसायिक शिक्षा दिने विद्यालयहरू सञ्चालन हुनुपनि  यस क्षेत्रका चुनौतिका विषयहरू हुन्।
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ऐन र नियमका साथै माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको संरचना, कार्यक्रम र कार्यान्वयन हुनु, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरूको पुहँच विस्तार, छात्र वृत्ति लगायतका सहायता प्रणालीको व्यवस्थापन, निजी क्षेत्रको संलग्नतामा बढ्नु, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई समेटिनु, नगरपालिकामा कृषि, पशुजस्ता पूर्वाधार विकास शाखाहरूको सक्रियता हुनु यस सँगसम्बन्धित अवसरहरू हुन्।

### ३.७.२ लक्ष्य

गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई पहुँच पुर्याई सीपयुक्त एवम् उत्पादनशील जनशक्ति विकास गरी उत्पादन बढाउने।

### ३.७.३ उद्देश्य

- नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको नियमन, व्यवस्थापन र दिगो स्रोत व्यवस्थापनका लागि संयन्त्र विकास गर्ने।
- लक्षित समूह तथा युवाहरूलाई समतामूलक, समावेशी र समन्यायिकरूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिममा पहुँच पु-याउने।
- बजारमुखी प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको प्रत्यक्ष अवसर प्रदान गर्ने।
- विद्यालयलाई प्राविधिक तथा व्यासायिक तालिम संचालन गर्न प्रोत्साहित गर्ने।

### ३.७.४ रणनीतिहरू

- नगरपालिका स्तरमा लक्षित समूह तथा युवालाई छात्रवृत्ति लगायतका सहायता प्रणालीबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा आकर्षित गरिने छ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई समतामूलक, समावेशी र समन्यायिकरूपमा विस्तारका लागि नगरपालिकाको कुनै एउटा सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम लागु गरिने छ।
- नगरपालिका अन्तर्गत एउटा बहुप्राविधिक शिक्षालय स्थापना र विकास गरिने छ।
- माग तथा आवश्यकतामा आधारित सीप विकासका तालिम कार्यक्रमहरू नियमित रूपमा सञ्चालन र विस्तार गरिने छ।
- इन्जिनियरिङ, नर्सिङ्ग, स्वास्थ्यसहायक (एच. ए.) जस्ता कार्यक्रमहरू सञ्चालन गर्नका लागि प्राविधिक शिक्षा सम्बद्ध शिक्षण संस्थाहरूलाई प्रोत्सा हित गरिने छ।
- तालिम प्राप्तप्र शिक्षकहरूलाई आकर्षण गर्नका लागि विभिन्न सेवा सुविधामा बढोत्तरी तथा पेशामा स्थायित्वको नियमनकारी व्यवस्थापन गरिनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई गुणस्तरीय र प्रभावकारी विकास र विस्तारका लागि नगरपालिका स्तरमा नीति र योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ।

- सञ्चालनमा रहेका प्राविधिक शिक्षालय तथा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रमलाई प्रभावकारी, गुणस्तरीय साधन स्रोतसम्पन्न किसिमबाट व्यवस्थापन गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिने छ।

### ३.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ३.७.५.१ उपलब्धिः

लक्षित समूह तथा युवाहरूलाई समतामूलक, समावेशी र समन्यायिकरूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिममा पहुँच पु-याउने।

#### ३.७.५.२ प्रमुख नतिजाः

- छात्रवृत्ति लगायतका सहायता प्रणालीबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा लक्षित तथा युवावर्गको भर्ना तथा चक्रपूरा गर्ने दरमा बृद्धि भएको हुने।
- सञ्चालनमा रहेका प्राविधिक शिक्षालय तथा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रमहरु प्रभावकारी, गुणस्तरीय र साधन स्रोत सम्पन्न भएका हुने।
- नगरपालिकामा कम्तिमा एउटा सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सञ्चालन भएको हुने।
- माग तथा आवश्यकतामा आधारित सीपविकासका तालिम कार्यक्रमहरू नियमितरूपमा सञ्चालन र विस्तार भएको हुने।
- तालिम प्राप्त प्रशिक्षकहरूलाई आकर्षण गर्नका लागि विभिन्न सेवा सुविधामा बढोत्तरी तथा पेशामा स्थायित्वको नियमनकारी व्यवस्थापन भएको हुने।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई गुणस्तरीय र प्रभावकारी विकास र विस्तारका लागि एक संयन्त्रको व्यवस्थापन गरी नीति र योजना कार्यान्वयनमा आएको हुने।
- स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग तथा आवश्यकता अनुसार विभिन्न सीपविकासका तालिमहरू नियमितरूपमा सञ्चालन भएको हुने।
- छोटो अवधिका प्राविधिक तथा व्यावसायिक तालिमहरू सञ्चालनका लागि सरकारी निजी साझेदारी अनुसार सञ्चालन भएका हुने।
- स्थानीय प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम नीति तथा योजना विकास र कार्यान्वयन भएको हुने।

### ३.७.५.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | प्रयोगशाला व्यवस्थापनमा सहयोग गरिने। | विद्यालय | २ | | २ | | | | १००० | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| २ | श्री शारदा मावि छिञ्चुमा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरिने। | विद्यालय | १ | | | १ | | | १००० | " |
| ३ | श्री शिखर मावि रामघाटमा बहुप्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन गरिने। | वटा | १ | | | १ | | | १००० | " |
| ४ | छोटो अवधिका सीप मूलक तालिमहरू सञ्चालन गरिने। | वटा | ५ | १ | १ | १ | १ | १ | १५० | " |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी नगरस्तरीय नीतिको तर्जुमा गरिने। | पटक | १ | | १ | | | | ५०० | " |
| ६ | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपलाईखोजी, प्रमाणीकरण र उपयोग गर्ने कार्यसञ्चालन गर्न सहजीकरण गरिने | जना | ४० | | १० | १० | १० | १० | १२०० | " |
| ७ | युवाहरूलाई खोज र नवप्रर्वतनका लागि प्रोत्साहन मूलक कार्यक्रमहरू सञ्चालन गरिने। | सङ्ख्या | ८० | | २० | २० | २० | २० | १२०० | " |
| ८ | प्राविधिक शिक्षा अध्ययनगरेका युवाहरूलाई उद्यमशीलता विकासको लागि सहयोग गरिने। | सङ्ख्या | २० | | ५ | ५ | ५ | ५ | २००० | " |
| ९ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन गरिने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | नगर शिक्षा समिति |
| १० | विद्यालयमा प्राविधिक तथा व्यासायिक तालिम संचालन | पटक | ५ | १ | १ | १ | १ | १ | ३५०० | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| | **अनुमानित बजेट** | | | | | | | | **१२०५०** | |

# परिच्छेदः४: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

## ४.१ शैक्षिक समता र समावेशीकरण

### ४.१.१ वर्तमान अवस्था

नेपालमा समावेशी शिक्षा संबन्धी नीति २०२८ सालबाट नै प्रयोगमा आएको भएतापनि व्यवहारिक रुपमा २०६२र०६३ को जनआन्दोलन पछि स्थापित भएको पाइन्छ। सोही अनुसार नेपालको अन्तरिम संबिधान, २०६३ मा आधारभूत शिक्षा मातृ भाषामा दिने र माध्यमिक तह सम्मको शिक्षा निशुल्क प्रदान गर्ने संबैधानिक व्यवस्था गरिएको पाइन्छ।शैक्षिक समता र समावेशीकरण अन्तर्गत लक्षित समूह महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय,कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका,आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितीमा परेका बालबालिकाहरूलाई शिक्षामा समतामूलक पहुँच पु-याउनु, सबै किसिमका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच सुनिश्चित गर्नु, अपाङ्गता भएका, भौगोलिक विकट अवस्थामा रहेका र सामाजिक रूपले पछि परेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा टिकाइ राख्नु, लक्षित समूहकोविद्यालयमा सहभागिता तथा उपलब्धि सुनिश्चितगर्नु, विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु, स्थानीय पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गर्नु र कुनै पनि प्रकारको विभेद, दुव्र्यवहार नहुने सुनिश्चिततासहित बालमैत्री विद्यालय बनाउनु जस्ता विषयहरूप्रमुख चुनौतिको रुपमा रहेका छन् ।नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोटका साथ आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क व्यवस्था, अपाङ्गता भएका एवम् आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था तथा राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गर्दै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ तथा दिगो विकास लक्ष्य ४ ले समावेशीता र समतालाई विशेष जोड दिएअनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरी लागू गर्दै जाने सन्दर्भमा सङ्घीय स्वरूप अनुसारको तीन तहको सरकारसँग अन्तर सम्बन्ध कायम राख्दै आफ्ना योजना र कार्यक्रम अनुसार शिक्षामा समता र समावेशीकरणमा सफलता हासिल गर्न सकिने अवसर रहेको समेत रहेको छ ।

नेपालमा विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छन् । दिवा खाजा, पाठ्यपुस्तक सहित निःशुल्क शिक्षा र अपाङ्गता भएका बालबालिकाहरू, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवासीय तथा गैर

आवासीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् । विद्यालय तहमा महिलालगायत शिक्षक नियुक्तिको समावेशी व्यवस्था, विद्यालय नर्सको प्रारम्भ, पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक, धार्मिक, जातजातीय सम्वेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ ।नगरपालिकामा आधारभूत तहको लैङ्गिक समता सूचक ०.९९ पुगेको छ भने माध्यमिक तहको लैङ्गिक समता सूचकसमेत ०.९९ मा पुगी सरदरको नजिक रहेको अवस्था छ। करिब सबै विद्यालयहरुमा महिला शिक्षकको उपस्थिति उल्लेखनीय रहेको छ । नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिमा महिलाको उपस्थिति करिब ४५ प्रतिशतको हाराहारीमा पुर्याउने कार्यलाई प्राथमिकतामा राखिएको छ । आधारभूत तहमा अध्ययन गर्ने सम्पूर्ण छात्राहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता प्रदान गरिएको छ । लैङ्गिकमैत्री वातावरण निर्माण गर्न माध्यमिक विद्यालयहरूमा छात्रा सुलभ शौचालय निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ । महिनावारी हुने सबै छात्राहरूलाई स्यानेटरी प्याडको निःशुल्क वितरण गरी विद्यालयले व्यवस्थापन गर्ने कार्य शैक्षिक सत्र २०७७ बाट शुरु गरिएको छ । छात्रामाथि हुन सक्ने दूव्र्यवहार, हिंसा विभेद आदिजस्ता कार्यलाई रोक्नका लागि प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति तोकी गुनासो सुनुवाई संयन्त्रको निर्माण एवम् परिचालन गर्ने कार्यलाई अगाडि बढाइएको छ ।

### ४.१.२ लक्ष्य

- विद्यालय तहको शिक्षामा समतामूलक एवम् समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने ।

### ४.१.३ उद्देश्य

- महिला, दलित,जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितीमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पु-याउनु ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु ।
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्दै जवाफदेही बनाउनु ।
- शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद,हिंसा र दुव्र्यवहार नहुने सुनिश्चितता गर्नु ।
- विद्यालयलाई मनोसामाजिक परामर्श तथा विद्यालयलाई बालमैत्री बनाउने ।

### ४.१.४ रणनीतिहरू

- घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइनेछ ।
- सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराइनेछ ।
- लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरू समेत विकास गरी पहुँच सुनिश्चित गरिनेछ ।
- सबै सामुदायिक आधारभूत विद्यालयहरूमा दिवा खाजा सहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिनेछ ।
- सिकाइलाई जीवनोपयोगी सीपसँग आबद्ध गरिनेछ ।
- आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइनेछ ।
- विद्यालयमा अभिभावकको संलग्नता सहितको लक्षित कराक्रम संचालन गरिनेछ ।
- विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गरिनेछ ।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ४.१.५.१ उपलब्धिः

विद्यालय शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ ।

#### ४.१.५.२ प्रमुख नतिजाः

- नगरपालिकास्तरमा सबै बालबालिकाहरू विद्यालय भर्ना भई शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार हुने ।
- विभिधता, समता एवम् सामावेशी शिक्षाका मूल्य, मान्यताअनुकूल शैक्षिक सुशासन कायम गर्न सबै संरचनाहरू जवाफदेही हुनेछन् ।
- विद्यालयमा सबै प्रकारको हिंसा, विभेद र दुर्व्यवहार समाप्त भई बालमैत्रीवातावरण सिर्जना हुनेछ।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता र समावेशिता अभिवृद्धि हुनेछ ।

## ४.१.५.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १. | विद्यालय उमेर समूहका बालबालिकाहरुको पहुँच सम्बन्धमा घरधुरी सर्वेक्षण गर्ने | पटक | ३ | १ | १ | १ | | | १५०० | विद्यालय र स्थानीय तह |
| २. | नगरपालिका स्तरमा शैक्षिक समता र समावेशीकरण कार्यान्वयनका लागि संयन्त्र विकास गर्ने | पटक | १ | | १ | | | | ३५ | विद्यालय र स्थानीय तह |
| ३. | विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन सुनिश्चित गर्नका लागि जनसहभागिता बढाउने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | " |
| ४. | समता र समावेशिताका विषयवस्तु समावेश गरी प्रधानाध्यापक,शिक्षक,कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ७५० | " |
| ५. | आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागीहरुको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि नगरपालिकाका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरुको क्षमता विकास गर्ने | पटक | २ | | १ | | १ | | १००० | " |
| ६. | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुरव्यवहार,हेपाइ नहुने सुनिश्चित गर्न घोषणा र कार्यान्वयन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ७५० | " |
| ७. | अपाङ्गमैत्री एवम् लैङ्गिक मैत्री वातावरण सिर्जनाका लागि वि.व्य.स.,शिक्षक कर्मचारी एवम् सरोकारवालाहरुको बैठक सञ्चालन गरिने | पटक | ८ | | २ | २ | २ | २ | १२० | " |
| ८. | शैक्षिक समता र समावेशीकरणका लागि विपन्न बालबालिकाका लागि शैक्षिक सामग्री एवम् स्टेशनरी पोशाक वितरण गरिने | पटक | ४ | | १ | १ | १ | १ | १२०० | " |
| ९. | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घ संस्थाहरुबिच जवाफदेहीता सहितको कार्यगत समन्वय गरिने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | " |
| १० | विद्यालयमा मनोसामाजिक परार्मश सहजकर्ताको व्यवस्थापन गर्ने | ओटा | १० | २ | २ | २ | २ | २ | २५०० | " |

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| | अनुमानित बजेट | | | | | | | | ८८५५ | |

# ४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

## ४.२.१ वर्तमान अवस्था

यस नगरपालिकाका पूर्व प्राथमिक देखि कक्षा ५ सम्मका २०८० सालका जम्मा भर्ना भएका २६०५ जना छात्रा र २८२० जना छात्र गरी जम्मा ५४२५ जना बालबालिकाहरूलाइ एक शैक्षिक सत्रमा बढीमा १८० दिनका लागि दैनिक रु. १५ का दरले रकमनिकासा भए कार्यक्रम कार्यान्वयन निर्देशिका र सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ । नगरपालिकाको सबै माध्यमिक र केहि आधारभूत विद्यालयहरूमा छात्र र छात्राका लागि अलगअलग शौचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा रहेका छन् । प्राथमिक विद्यालयको हकमा नगन्य रूपमा छात्रा शुलभ शौचालय रहेको अवस्था छ । कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि २०७७/२०७८ वर्षदेखि सुरु गरिएको निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई यस वर्षदेखि प्रभावकारी बनाउदै लगिएको छ । सवै विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस, कक्षा ६-१० का बालिकाहरूका लागि आइरन चक्की प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध छ भने १० वटा माध्यमिक विद्यालयमा नर्स कार्यक्रम सञ्चालन गरिएको र यसलाई प्रभावकारी बनाउने प्रयास गरिएको छ ।

सवै माध्यमिक विद्यालयहरुमा स्टाफ नर्सको व्यवस्था गर्ने, दिवा खाजा, स्वास्थ्य र सरसफाइ तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध सुनिश्चित गर्ने,उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने, दिवा खाजाका लागि खाना टोकरी तथा मेनु विकासलगायत पोषण तथा स्वास्थ्यको आधारभूत गुणस्तरका लागि विद्यालयको प्राविधिक क्षमता विकास गर्ने,विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने,विद्यालय खाजालाई सबै कक्षाका विद्यार्थीले प्राप्त गर्ने गरी कानुनी प्रबन्ध गर्ने,विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण तथा सफाइ तथा स्वच्छतासम्बन्धी कार्यलाई एकीकृत गर्ने तथा सवै विद्यालयमा वाश सुविधासहितको शुलभ शौचालय निर्माण एवं सञ्चालन गर्ने विषय चुनौतिपूर्ण छन् ।

नेपालको पन्ध्रौं योजनाका साथै १६ औं योजनाको अवधारणापत्रले पनि दिवा खाजा कार्यक्रमलाई रणनीतिक दस्तावेजमाराखी बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवाखाजा सहितको स्वास्थ्य र पोषण कार्यक्रमलाई अन्तरसम्बन्धित अवधारणाको रूपमा अघि सार्नु,सोहि योजनाले एक विद्यालय एक स्वास्थ्य

कार्यकर्ताको व्यवस्था गर्नु, विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४ ले उल्लेख गरेअनुसार सबै विद्यालयहरूमा हुनु पर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूमा स्वच्छ पिउने पानीसहित पर्याप्त पानी, विद्यार्थी सङ्ख्याअनुसार अलगअलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरणमैत्री शौचालय, वातावरणीय सरसफाइ,हरियाली वातावरण र स्वच्छता सुविधा,विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्साखाजा घर, विपद् जोखिम व्यवस्थापन,सरसफाइ तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्थाहरू गरिदै गएका छन् । बालबालिकाको विद्यालयमा पहुँच, भर्ना दर तथा लैङ्गिक समानता सूचकजस्ता सङ्ख्यात्मक शैक्षिक उपलब्धिहरूमा सुधार गरी विद्यार्थीको टिकाउ दर वढाउन सकिने उल्लेखित कार्यकलापले अवसर समेत प्रदान गरेको छ ।

### ४.२.२ लक्ष्य

विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, सिकाइमा सुधार, विद्यालयमा टिकाउ सहित सुरक्षित तथारमाइलो सिकाइ वातावरणको पूर्ण पहुँच तथा सहभागिता सुनिश्चित गर्ने ।

### ४.२.३ उद्देश्य

- पोषणयुक्त खाद्यान्नको अभाव पहिचान भएका विशेष क्षेत्रहरुका बालबालिकाहरुलाई लक्षित गरी शिक्षामा सुधार ल्याउने,विद्यालय उमेर समूहका बालबालिकाहरूको भर्ना दरमा वृद्धि गरी शिक्षाको पहुँचमा बृद्धि गर्ने,
- विद्यार्थीहरुको कक्षा दोह-याउने र कक्षा छाडने प्रवृत्तिमा कमी ल्याई विद्यार्थीहरुको कक्षा उपस्थिति दरमा वृद्धि गर्ने,
- विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
- विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु ।

### ४.२.४ रणनीतिहरू

- बालबालिकाको लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नका साथै खाजा भान्छा तथा भण्डार, भान्छामा प्रयोग हुने आवश्यक भाँडावर्तन र अन्य सामग्रीहरू तथा समूहमा हात धुने लगायतका सुविधा विस्तार गरिनेछ ।

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिनेछ । विद्यार्थीले दिवा खाजा पाउने कुरालाई अधिकारका रूपमा स्थापित गराइने कानुनी प्रबन्ध गरिनेछ ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गरिनेछ ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरण फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइनेछ ।
- विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषिक्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइनेछ ।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ४.२.५.१ उपलब्धिः

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ ।

#### ४.२.५.२ प्रमुख नतिजाः

- विद्यालय खाजा विद्यार्थीको अधिकारका रूपमा स्थापित भएको हुनेछ ।
- दिवा खाजालगायत स्वास्थ्य तथा पोषण तीनै तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयारभएको हुनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ५ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिकर स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त भएको हुनेछ ।
- सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरूले अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्तभएको हुनेछ ।

- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था भएको हुनेछ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्याबलेटहरू किशोरीहरूको मासिक महिनावारीमा स्यानेटरी प्याड वितरणभएको हुनेछ ।
- विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त भएको हुनेछ ।

### ४.२.६.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको व्य व्याबस्तापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००००० | संघ,प्रदेश, न.पा |
| २. | तालिम, प्रचार प्रसार र मेनु तयारी र अन्य क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | "" |
| ३. | एक विद्यालय एक स्थास्थयकर्मीको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३३७५० | "" |
| ४. | आवधिक स्वास्थ्य जाँच, जुकाको ओषधि र सूक्ष्म पोषक तत्व प्रदायक ट्याबलेटको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २५०० | "" |
| ५. | विद्यालयहरुलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५०० | "" |
| ६. | विद्यालयमा स्वास्थ्य, पोषण र किशोरीहरुका लागि महिनावारी स्वच्छतासम्बन्धी शिक्षा प्रदान | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५०० | "" |
| ७. | कक्षा ६ देखि १२ सम्मका किशोरीहरुलाई महिनावरी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था र वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १७५०० | "" |
| ८. | वर्षको २ पटक बालबालिकाको स्वास्थ्य परीक्षण | पटक | निरन्त र | निरन्त | निरन्त | निरन्त | निरन्त | निरन्त | ३००० | "" |
| | **अनुमानित बजेट** | | | | | | | | १६०२५० | |

# ४.३ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

## ४.३.१ वर्तमान अवस्था

प्रभावित बालबालिकाहरूलाई मनोसामाजिक परामर्श तथा आवश्यक मार्गदर्शन गर्न पनि आपतकालीन शिक्षाले सघाउँछ। आपतकालीन अवस्थामा पनि शिक्षा प्राप्त गर्ने नागरिकको अधिकारलाई प्रत्याभूत गराउन सक्दामात्र सरल र सहज जीवनयापनको अवस्था सिर्जना गर्न सकिन्छ। विपद् प्रभावित बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक, सम्वेगात्मक पक्षको समुचित ख्याल गर्दै मनोवैज्ञानिक सहजता कायम गर्न तथा सहज समायोजनको वातावरण निर्माण गर्न आपतकालीन शिक्षा महत्वपुर्ण हुने देखिन्छ। आपतकालीन अवस्थामा शिक्षा अन्तर सम्बन्धित विषयको रूपमा वा छुट्टै विधाको रूपमा सम्बोधन गर्ने, छुट्टै योजना बनाउने कि योजनाको हरेक अङ्गमा यस विषयको प्रत्याभूति गर्ने, प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित हुने कि महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने, अनुमान गर्न नसकिने घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्था कति गर्ने, कतिपय सङ्कट अन्तर्राष्ट्रिय,राष्ट्रिय, कतिपय स्थानीय तहका हुन्छन्, यसमा कुन सङ्कटलाई कुन तहमा कसरी सम्बोधन गर्ने र योजना कुन तहको बनाउने,योजना तत्कालिक बनाउने कि दीर्घकालीन तथा सङ्कटकालीन शिक्षा योजना निर्माणमासहभागी हुने र यसको प्रक्रिया के हुने भन्ने विषय नै चुनौतीको रूपमा रहेका छन् । चुनौतीहरूलाई विचार गरेर सबै प्रकारका सम्भावित सङ्कटकालीन अवस्थालाई व्यवस्थापन गर्ने गरी स्रोत, साधन र जिम्मेवारीको होसियारीपूर्वक सम्बोधन गर्दै योजना निर्माण गरी कार्यान्वयन गर्न पाउनु नगरपालिकाले अवसरकारूपमा लिनु पर्दछ ।

नेपालको संविधानमा गरिएको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा,निःशुल्कमाध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितता, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७, बालबालिकालाई शारीरिक सजाय, मानसिक तथा शारीरिक उत्पीडन तथा हेपाइ र यौन दुराचारबाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी निर्माण गरिएको भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७, विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वय निर्देशिका, २०६८ र बृहत् विद्यालय सुरक्षा गुरुयोजना तथा कार्यान्वयन कार्यविधिले विद्यालय सुरक्षाका विभिन्न मापदण्डहरू कार्यान्वयन गर्ने सम्बन्धमा मार्गदर्शन गर्दछन् । दिगो र अनुकूल सिकाइ वातावरण सुनिश्चित गर्न दिगो विकास लक्ष्य ४ को राष्ट्रिय कार्यढाँचाले सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरूको तय गरेको छ । कर्णाली प्रदेशको पहिलो आवधिक योजनामा प्राकृतिक प्रकोप व्यवस्थापन र उत्थानशीलताका लागि क्षमता विकास गर्ने छुट्टै अन्तरसम्बन्धित विषयको अध्याय उल्लेख गरिएको छ । विद्यालयमा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै अङ्गहरूलाई क्षमतावान बनाउने नीति अख्तियार गरी सुरक्षित विद्यालयको आधार तयार पारिनुलाई एक अवसरको रूपमा लिन सकिन्छ ।

शिक्षाका लागि न्यूनतम मापदण्ड पूर्व तयारी, प्रतिकार्य र सुधारका मार्ग पहिल्याउन आपतकालीनतथा संकटकालीन शिक्षा आवश्यक हुने भएकोले यस भेरीगंगा नगरपालिकाको स्थानीय विशिष्ट अवस्थाको जगमा यसको निर्माण वाञ्छनीय छ । यस नगरपालिकाको परिवेशमा घट्न सक्ने सम्भावित विपदहरू, त्यसको समाना गर्ने संयन्त्र निर्माण र प्रभावित बालबालिकाहरूको शिक्षा, स्वास्थ्य, पोषण र अनुकुलित वातावरण निर्माणका लागि सान्दर्भिक वैकल्पिक सिकाइ संयन्त्रहरूलाई उपयोगमा ल्याउनुपर्ने देखिएको हुदा यो नगर शिक्षा क्षेत्र योजना अन्तर्गत आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षालाई योजनाको उप-क्षेत्रको रुपमा यस क्षेत्रका लक्ष्य, उद्देश्य, रणनीतिहरू, उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप निम्न्नानुसर तय गरिएको छ ।

### ४.३.२ लक्ष्य

आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने।

### ४.३.३ उद्देश्य

- सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु ।
- सम्भावित सङ्कटको सामना गर्ने अर्थात उत्थानशील प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु ।
- सङ्कटको प्रतिकार्यको संयन्त्र र कार्यढाँचा तयार गर्नु ।
- अल्पकालीन र दीर्घकालीन पुनस्र्थापना गर्नु ।

### ४.३.४ रणनीतिहरू

- नगरपालिकाको शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा सङ्कटासन्नताको मूल्याङ्कन तथा विश्लेषण गरिनेछ ।
- सङ्कटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत्योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार गर्नेछन् ।
- शिक्षासम्बन्धी ऐन,कानुन, पाठ्यक्रम र शिक्षासम्बन्धी नीतिहरूको पुनरावलोकन गरी आवश्यकतानुसार परिमार्जन गर्दा विपद् तथा सङ्कटमा शिक्षा सम्बन्धमा विकास गरिएका मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरूलाई एकीकृत गरिनेछ ।
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनस्र्थापना गरिनेछ ।
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिनेछ ।

- विद्यार्थी, शिक्षक, अभिभावक तथा तीनै तहको सरकारको तयारी,रोकथाम, प्रतिकार्य, र पुनस्र्थापनाका लागि क्षमता विकास गरिनेछ ।
- विपद् व्यवस्थापनको तयारी, प्रतिकार्य, र पुनस्र्थापनामा गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरूको सहभागिता र सहयोगसमेत परिचालन गरिनेछ ।
- विपद् व्यवस्थापनका परम्परागत ज्ञान, सिप तथा अनुभवहरूलाई समयानुकूल पुनव्र्याख्या तथा प्रयोगमा ल्याइनेछ ।
- विपद व्यवस्थापन र सङ्कटकालमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका अन्य जिल्ला र स्थानीय तहहरूमा तथा अन्तर्राष्ट्रियस्तरमा गरिएका सफल अभ्यासहरूलाई स्थानीयकरण गरिनेछ ।
- विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन स्थानीय राजनीतिक दल, पेसागत सङ्घ सङ्गठन तथा विद्यार्थी क्लबहरू र अन्य सामुदायिक क्षेत्रबिच समन्वय सहकार्य गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाइनेछ ।
- प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याइनेछ ।

### ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ४.३.५.१ उपलब्धिः

आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित भएको हुने ।

#### ४.३.५.२ प्रमुख नतिजाः

- विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजनातथा क्षमता विकास भएको हुनेछ।
- भूकम्प प्रतिरोधी विद्यालय भवन र आपत्कालीन शैक्षिक योजना स्वीकृती र कार्यान्वयन भएको हुनेछ ।
- महामारीको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन सेवा प्रवाह र सिकाइको निरन्तरता भएको हुनेछ ।
- युद्ध, सामाजिक द्वन्द्व, हिंसा, बसाइँसराइ आदि भएको अवस्थामा पनि आधारभूत आवश्यकता सहित सिकाइको निरन्तरता भएको हुनेछ ।
- सिकाईका वैकल्पिक माध्यमहरूको उपयोग हुनेछ।
- डिजिटल सिकाई सामग्रीहरूको प्रयोग सवै बालबालिकाहरुको पहुँचमा पुगेको हुनेछ ।

### ४.३.६.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | नगरपालिका स्तरीय भूकम्प प्रतिरोधी विद्यालय भवन निर्माण निर्देशिका स्वीकृती र कार्यान्वयन गरिने | पटक | १ | | १ | | | | २५० | संघ,प्रदेश, न.पा तथा गै.स.स. साझेदारी |
| २ | शिक्षक तथा विव्यसका लागि विपद् व्यवस्थापन सम्वन्धी क्षमता विकास तालिम सञ्चालन | पटक | १० | २ | २ | २ | २ | २ | ३००० | संघ, न.पा तथा गै.स.स. साझेदारी |
| ३ | आपत्कालीन शिक्षण योजना निर्माण तथा कार्यान्वयन | वटा/ पटक | १/निरन्त र | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००० | न.पा तथा गै.स.स. साझेदारी |
| ४ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह (Self Learning Action Group) निर्माण र परिचालन गरिने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ७०० | संघ, न.पा तथा गै.स.स. साझेदारी |
| ५ | स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षक र कार्यकर्ताको व्यवस्था गरिने | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २५०० | न.पा तथा गै.स.स. साझेदारी |
| ६ | हरित,सफा,शान्त र सुरक्षित विद्यालय प्रवर्द्धन गरिने | विद्यालय | सबै | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | न.पा तथा विद्यालय |
| | **अनुमानित बजेट** | | | | | | | | **७९५०** | |

## ४.४ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.४.१ वर्तमान अवस्था

विद्यालयमा भौतिक पूर्वाधारको विकास र विस्तार मार्फत शिक्षण र सिकाइको गुणस्तर अभिवृद्धि गर्ने प्रयासका क्रियाकलापहरू संचालनभएतापनि अपेक्षित रूपमा पूर्वाधार पु-याउन सकिएको छैन । अर्कोतिर निर्माण भएका पूर्वाधारको समुचित प्रयोग, संरक्षण र मर्मतसम्भार नहुँदा निर्माण भएको छोटो समयमै जीर्ण भएर जाने तथा थप नयाँ पूर्वाधारका लागि माग गर्ने प्रवृत्ति बढ्दो छ । यसका लागि यस नगरपालिकाले राष्ट्रिय मापदण्डका आधारमा विद्यालयको पूर्वाधारको सर्वेक्षण गरी प्राथमिकताका आधारमा सबै विद्यालयमा आवश्यक न्यूनतम पूर्वाधार पुग्ने गरी पूर्वाधार निर्माण र विकासको कार्यलाई तीव्रता दिने र मर्मतसम्भारमा स्थानीय सरोकारवालाको संलग्नता र सहभागिता अभिवृद्धि र स्थानीय स्रोतको परिचालन गर्नु पर्ने देखिन्छ । यस नगरपालिकाका धेरै सामुदायिक विद्यालयहरूमा भवन र कक्षाकोठा अझैपनि अभाव देखिन्छ । कतिपय विद्यालयमा खेल्नका लागि खेलकुद मैदान, घेरावार, खानेपानी, पुस्तकालय, प्रयोगशाला, जिन्सी कोठा, बुक कर्नर जस्ता पूर्वाधार पुग्न सकेको छैन। कक्षाअनुसारको कक्षाकोठा, प्रशासन, लेखा, बैठक कक्ष जस्ता

सुविधाहरू अझै नपुग देखिन्छ। प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालय, बुक कर्नर समेत हालसम्म पूर्ण हुन सकेको छैन। कतिपय विद्यालयमा त सुरक्षित र स्वच्छ खानेपानीको व्यवस्था समेत छैन। भौतिक पूर्वाधारको सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरिए पनि प्राविधिक एवम् वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन । पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउने, सुरक्षित विद्यालयको लागि भौतिक पूर्वाधारका लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास गर्ने, पूर्वाधार विकास एवम् विस्तारका लागि गुरूयोजना निर्माण, आवश्यक स्रोतको प्रबन्ध, भौतिक पूर्वाधारहरू अपाङ्गतामेत्री, बालमैत्री तथा लैङ्गिकमैत्री बनाउने चुनौतीहरू विद्यमान छन् ।

### ४.४.२ लक्ष्य

सुरक्षित विद्यालयको अवधारणा अनुरूप सवै बालबालिकाहरूलाई उपलब्धी सुरक्षित र उपयुक्त भौतिकवातावरणसहितको विद्यालयमाअध्ययन गर्ने अवसर सुनिश्चितता गर्ने ।

### ४.४.३ उद्देश्य

- सुरक्षित विद्यालयको अवधारणाअनुरूप गुणस्तरीय विद्यालय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु।
- विद्यालय भौतिक पूर्वाधार विकास र विस्तारका लागि तोकिबमोजिमको मापदण्ड कार्यान्वयन गर्नु/गराउनु।
- पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरी भौतिक पूर्वाधार विकासका कार्यक्रमहरू सञ्चालन गर्नु।
- सबै विद्यालयमा पर्याप्त पूर्वाधारको विकासको कार्यमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय गैससहरूसँग लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन गर्नु ।

### ४.४.४ रणनीतिहरू

- विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने भौतिक पूर्वाधारको आँकलन गरिनेछ ।
- भूगोल, हावापानी, विद्यार्थी सङ्ख्या र लागतका आधारमा भौतिक पूर्वाधार विकास सम्बन्धी मापदण्ड यकिन गरिनेछ ।
- विद्यालयहरूको भौतिक पूर्वाधार विकासका लागि संघीय र प्रदेश सरकार तथा स्थानीय गैरसरकारी संघसंस्थाहरूसँग स्रोतव्यवस्थापनमा लागत साझेदारीको अवधारणा अपनाइनेछ ।
- एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माण गर्ने (Build Back Better-BBB) अवधारणा कार्यान्वयनको आरम्भ गरिनेछ ।
- पूर्वाधार विकाससँगै सुरक्षित विद्यालय, सामाजिक एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको रूपमा संस्थागत क्षमता सुदृढीकरण गरिनेछ ।

- सम्बन्धित सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधारको समुचित उपयोग सुनिश्चित गरिनेछ ।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ४.४.५.१ उपलब्धिः

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरण सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुने।

#### ४.४.५.२ प्रमुख नतिजाः

- विद्यालय भौतिक पूर्वाधार विकासको लागि पूर्वाधारको स्वरूप र मापदण्ड यकिन भएको हुनेछ ।
- भौतिक पूर्वाधारको लागि आवश्यकतापहिचान भएको हुनेछ ।
- स्रोत र जिम्मेवारी स्पष्ट निर्धारण भएकोहुनेछ।
- नगरपालिकाभित्रका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास रविस्तार भएको हुनेछ ।
- विद्यालयहरूको भौतिक वातावरणअपाङ्गतामैत्री, बालमैत्री रलैङ्गिकमैत्री भएको हुनेछ ।
- पूर्वाधार विकासका लागि आवश्यकविधि, मापदण्ड र स्तरीकरणका सूचक तयार भएको हुनेछ ।
- विद्यालय भौतिक सम्पत्तिको संरक्षण, सम्वर्द्धन र उपयोग एवम् निरन्तर मर्मत सम्भारका लागि पद्धतिको विकास भएको हुनेछ।

#### ४.४.६.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | भौतिक पूर्वाधार विकासको प्रक्रिया र मापदण्ड तर्जुमा | पटक | १ | | १ | | | | २५० | न.पा |
| २ | भौतिक पूर्वाधार विकासको लागि आवश्यक्तापहिचान | पटक | १ | | १ | | | | १५० | न.पा |
| ३ | संघीय र प्रदेश सरकार तथा गैरसरकारी संघसंस्थाहरूसँग लागत साझेदारी कार्यक्रम संचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३०००० | न.पा र साझेदारी, गै.स.स |
| ४ | मापदण्ड एवम् स्तरीकरणका सूचक अनुसार एक विद्यालय सम्पूर्ण पूर्वाधार विकासको अवधारणा कार्यक्रमको संचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०००० | न.पा |
| ५ | विद्यालयहरूमा निर्मित संरचनाको नियमित मर्मत सम्भार | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००० | न.पा |

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| ६ | विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको भौतिक सम्पत्तिको संरक्षण, सम्बर्द्धन र समुचित उपयोगको लागि जवाफदेही कार्यक्रम संचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ६०० | न.पा / गै.स.स |
| ७ | प्रत्येक वडामा १-१ नमुना विद्यालयअनुरूप भौतिक पूर्वाधार निर्माण गर्दै लैजाने | वटा | ५ | १ | १ | १ | १ | १ | ७५० | न.पा |
| | **अनुमानित बजेट** | | | | | | | | ८२७५० | |

## ४.५ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.५.१ वर्तमान अवस्था

भेरीगंगा नगरपालिकामा सञ्चालनमा रहेका करिब सबै माध्यमिक विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको सुविधा रहेको छ । विद्यालय क्षेत्र विकास योजनाको समयावधिमा प्रत्येक माध्यमिक विद्यालयमा एउटा सूचना प्रविधि ल्याब स्थापना गर्ने नीति अनुरूप हाल सम्म यस नगरपालिकाका आधाजति विद्यालयमा ल्याब स्थापना भइसकेको अवस्था छ । माध्यमिक तह सञ्चालन भएका र केही आधारभूत तहका संस्थागत विद्यालयहरूमा समेत कम्प्युटर तथा इन्टरनेटको सुविधामा विद्यार्थीको पहुँच पुगेको देखिन्छ । यस बाबजुत, अझै सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटी आदिको विस्तार तथा सबै विद्यालयहरूमा व्यवस्था गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याव, डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरणको व्यवस्था एवम् त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु, अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास गर्नु, विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुनेगरी सामग्री विकास र प्रयोग गर्नु, सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु, शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमासूचना प्रविधिको प्रयोगलाई सहज हुने गरी विस्तार गर्नु, विद्यालयहरूमा शिक्षक र कर्मचारीहरूको प्रविधिमा क्षमता विकास गरी प्रविधिमैत्री बनाउनु, सिकाइ सहजीकरणको वैकल्पिक उपायको रूपमा प्रविधिलाई प्रयोग गर्नु र नगरपालिका तथा इन्टरनेट प्रदायक संस्थाहरूका बिच समन्वय र सहकार्य व्यवस्थित गर्नु शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रमुख चुनौतीहरू हुन् ।

### ४.५.२ लक्ष्य

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइमा सुधार गरी, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गरी शैक्षिक व्यवस्थापन सुधार र सुशासन कायममा सुनिश्चितता गर्ने ।

### ४.५.३ उद्देश्य

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु ।
- डिजिटल डिभाइड कम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पु-याउनु ।
- शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज र छिटोछरितो र सस्तो बनाउनु ।
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु ।
- विपद् तथा सङ्कटको समयमासमेत विद्यालयका शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिनका लागिप्रविधिसँग सम्बन्धित संरचना र स्रोत व्यवस्थापन गर्नु ।

### ४.५.४ रणनीतिहरू

- सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ र सुरक्षित भौतिक र प्राविधिक प्रवन्ध मिलाइनेछ ।
- विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरूको विकास गरिनेछ ।
- विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गरिनेछ ।
- विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधा विस्तार मार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा विस्तार गरिनेछ ।
- IEMIS लाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली (SAS), शिक्षकको तलबी प्रतिवेदन पारित गर्ने जस्ता कार्यसमेत यस प्रणालीमा एकीकृत गरिनेछ । साथै शिक्षाका विभिन्न सेवा तथा व्यवस्थापन सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।
- सामुदायिक अध्ययन केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गरिनेछ ।

- संघ र कर्णाली प्रदेशसँग समन्वय गरी नगरपालिका र इन्टरनेट प्रदायक संस्थाहरूबिच समन्वय र सहकार्य वृद्धि गरिनेछ ।
- नगरपालिकामा सुविधा सम्पन्न डिजिटल सिकाइ केन्द्रको स्थापना गरिनेछ ।
- सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरूको आधारभूत सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित आधारभूत सिपमा क्षमता विकास गरिनेछ ।
- विद्यालय सुपरीवेक्षण, बैठक, गोष्ठी, कार्यशाला, तालिम, शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक प्रयोग गरिनेछ ।
- विद्यालयहरूमा प्रविधिसँग सम्बन्धित आधारभूत पूर्वाधार सुनिश्चित गर्न संघ र प्रदेश सरकारसँग सहकार्य र समन्वयात्मक ढङ्गले एकीकृत कार्यक्रम र बजेटको व्यवस्थापन गर्ने कार्यमा जोड दिइनेछ ।
- विद्यालयमा शिक्षक तथा कर्मचारीहरूलाई प्रविधिको बढीभन्दा बढी प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।
- विपद् तथा सङ्कटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी सिकाइका वैकल्पिक विधिको रूपमा प्रविधिलाई प्रयोग सक्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय संचार माध्यमको प्रयोग गरेर शैक्षिक कार्यक्रम नियमितरूपमा उत्पादन र प्रसारण गरिनेछ । विपद् र महामारीको समयमा समेत विद्यार्थीको सिकाइलाई सहजीकरण गर्नलाई रेडियो र टेलिभिजनको प्रयोगमा बढोत्तरी गरिनेछ ।
- सबै माध्यमिक विद्यालयहरूमा विद्युतीय हाजिरी र सि.सि. क्यामेराको व्यवस्था गरिनेछ ।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ४.५.५.१ उपलब्धिः

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्धन भएको हुने ।

#### ४.५.५.२ प्रमुख नतिजाः

- नगरपालिकामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका डिजिटल सिकाइ केन्द्र स्थापना र सञ्चालन भएको हुनेछ ।
- नगरपालिकाभित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको सहज पहुँच पुगेको हुनेछ ।

- विभिन्न कक्षा र विषयका लागि आवश्यक पर्ने अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच भएको हुनेछ ।
- सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधि सम्बन्धी आधारभूत सुविधामा पहुँच पुगेको हुनेछ ।
- सबै माध्यमिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुनेछन् ।
- सूचना प्रविधिमा आधारित सुपरीवेक्षण र शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएका हुनेछ।
- सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार भएका हुनेछ ।
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुधार भएको हुनेछ ।
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रविधिमैत्री भई लागत, जनशक्ति र समयको बचत भएको हुनेछ ।
- विद्यालयमा शिक्षक तथा कर्मचारीहरूबाट प्रविधिको बढीभन्दा बढी प्रयोग गरिएको हुनेछ ।
- विपद् तथा सङ्कटको समयमा समेत विद्यार्थीको सिकाइ सहजीकरण गर्ने कार्यमा निरन्तरता भएको हुनेछ ।
- सबै माध्यमिक विद्यालयहरूमा विद्युतीय हाजिरी र सि.सि. क्यामेराको प्रयोग गरिएको हुनेछ।

### ४.५.५.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | विद्यालयमा ICTसँग सम्बन्धित संरचना विस्तार (विद्यालय सङ्ख्या) | ओंटा | ३५ | ७ | ७ | ७ | ७ | ७ | ३५०० | सङ्घ र प्रदेश, स्थानीय तह |
| २ | प्रत्येक विद्यालयमा इन्टरनेट कनेक्टिभिटी विस्तार | ओंटा | सबै | सबै | सबै | सबै | सबै | सबै | ३०६० | नगरपालिका |
| ३ | विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि डिजिटल सिकाइ सामग्रीको उपलब्ध गराउने | विद्यार्थी | २५ | | १५ | | | १० | ७०० | नगरपालिका |
| ४ | नगरपालिकामा Education Portal को विकास | वटा | १ | | १ | | | | ५०० | सङ्घ र प्रदेश, स्थानीय तह |

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| ५ | पाठ्यक्रम तथा पाठ्यसामग्रीका डिजिटल कपि सबैलाई सहज रुपमा उपलब्ध गराउने | विद्यालयहरु | सबै | सबै | सबै | सबै | सबै | सबै | १५००० | सङ्घ र प्रदेश, स्थानीय तह |
| ६ | IEMIS लाई व्यवस्थित गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | १००० | नगरपालिका |
| ७ | शिक्षक र कर्मचारीलाई ICT सम्बन्धी क्षमता अभिवृद्धि गरिने । | शिक्षक र कर्मचारी | २५० | ५० | ५० | ५० | ५० | ५० | २००० | " " |
| ८ | सामुदायिक अध्ययन केन्द्रहरुको ICT सम्बन्धी क्षमता वृद्धि गरिने । | CLC | ४ | २ | १ | १ | | | ४०० | " " |
| ९ | विभिन्न कक्षाका लागि आवश्यक पर्ने डिजिटल सामग्री विकास गरिने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३०० | " " |
| १० | सञ्चालनमा रहेका CLC हरुमा डिजिटल सिकाइ केन्द्रको स्थापना गरिने । | सङ्ख्या | ४ | | १ | १ | १ | १ | ६०० | " " |
| ११ | शैक्षिक कार्यक्रममा स्थानीय रेडियो र टेलिभिजनको प्रयोग गरिने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | " " |
| १२ | सबै माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी र सि.सि. क्यामेरा जडान गरिने । | विद्यालय | सबै | २ | ३ | ३ | ३ | २ | ५००० | " " |
| १३ | Digital Learning Centre को स्थापना | वाट | २ | | १ | | १ | | २५०० | " " |
| | **अनुमानित बजेट** | | | | | | | | **३५०६०** | |


# परिच्छेदः५ःसुशासन तथा व्यवस्थापन

## ५.१संस्थागत क्षमता विकास

### ५.१.१ वर्तमान अवस्था


यस नगरको शिक्षा क्षेत्रको विकासको लागि संस्थागत विकास तथा सुशासनको स्थानीयस्तरबाट थुप्रै प्रयासहरु भएका छन् तथापी यसमा अपेक्षित सुधार भएको महशुस गर्न सकेका छैनन् । संस्थागत विकास तथा सुशासनका लागि तीन वटै तहका सरकारबाट भएका प्रयासहरुमा यस सम्बन्धी नीति तथा कानून तर्जुमा र कार्यान्वयनमा सहयोगको माध्यमबाट सुशासनका आधारभूत सिद्धान्त तथा मान्यताहरुलाई व्यवहारमा उतार्ने प्रयास हुँदै आएको छ । संस्थागत विकास तथा सुशासन संबन्धी उपलब्ध नीति, ऐन, नियम तथा निर्देशिकाले कार्यान्वयन तहमा सुशासनको अभ्यासको आधार तयार गरेकाछन् । यस नगरपालिकाको हकमा नगरको संगठन विकास सम्बन्धी अध्ययनको समीक्षा गरी विद्यमान संगठन संरचनाको समयानुकुल परिमार्जन, मानव संसाधन योजना तर्जुमा र संगठन विकास सम्बन्धी कार्ययोजना परिमार्जन गरी लागू गर्नु पर्ने देखिन्छ । यसैगरी स्थानीय आन्तरिक श्रोतका क्षेत्रहरुको पहिचान तथा संभाव्यता अध्ययन, राजस्व परिचालन सन्बन्धी अध्ययन तथा सरोकारवाला बीच छलफल आवश्यक रहेकोछ ।

**शिक्षा, युवा तथा खेलकुद शाखाको नयाँ प्रस्तावित कर्मचारी संरचनाः**




यस नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन, नियमन गर्न तथा युवा, खेदकुद तथा अतिरिक्त क्रियाकलापको समन्वय गर्न नगरपालिकामा शिक्षा सेवा दशौं /नवौं तहका एकजना अधिकृतको नेतृत्वमा शिक्षा, युवा तथा खेलकुद शाखा रहनेछ । यस शाखा मातहत देहायका इकाईहरु रहने गरी दरबन्दी संरचना प्रस्ताव गरिएको छ ।

**स्थानीय तहमा शिक्षाको वर्तमान संस्थागत संरचनाः**




वर्तमान अवस्थामा यस नगरपालिकालेशिक्षा ऐन तर्जुमा गरि कार्यान्वयको चरण रहेकोछ ।आधारभूत शिक्षा (कक्षा ८) परीक्षा सञ्चालन, व्यवस्थापन र नियमन कार्यविधि, प्रारम्भिक बालविकास नीतिर स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि तर्जुमा गरि कार्यान्वयनमा ल्याउने योजना रहेको छ । विद्यालय शिक्षाको सुदृढीकरणको लागि शिक्षा नियमावली लगायत अन्य आवश्यक निर्देशिका र कार्यविधिहरू आवश्यक छन् । संघीय शिक्षा ऐनको अभावमा स्थानीय तहबाट तर्जुमा गरिएका शिक्षा ऐन तथा नियमावली कार्यान्वयनका सन्दर्भमा अलग अलग धारणा र विश्लेषण भइरहेका छन् । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लय र गतिमा तर आ-आफ्ना भिन्नभिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत संरचना, क्षमता विकास र सोअनुसार प्रभावकारी कार्यान्वयन गर्ने थप प्रयास गर्नुपर्ने देखिन्छ ।यस सम्बन्धमा विगतमा पनि खासै कार्यक्रम र पहल नभएको अवस्था देखिएको छ । तसर्थ यस

योजनामा संस्थागत क्षमता विकासका क्षेत्रलाई विशेष ध्यान दिने रणनीति तथा कार्यनीति अवलम्बन गरिएकोछ ।

## ५.१.२ लक्ष्य

स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रर्वधन गर्ने ।

## ५.१.३ उद्देश्य

- संघ र प्रदेश सरकारसँगको समन्वय, सहअस्तित्व र सहकारिताका आधारमा विद्यालय शिक्षाको गतिविधि सञ्चालन गर्न संस्थागत व्यवस्था गर्ने ।
- कार्यसम्पादनमा उत्तरदायी र नतिजाप्रति जवाफदेही संयन्त्रको व्यवस्थामार्फत शासकीय प्रबन्ध मिलाई विद्यालय शिक्षामा सुशासन अभिवृद्धि गर्ने ।
- विद्यालय शिक्षासम्बन्धी आवश्यक कानुन तर्जुमा र कार्यान्वियन गरी संस्थागत संरचना मजवुत बनाउने,
- विद्यालयका विभिन्न समितिमा समावेशितालाई प्रोत्साहित गर्ने ।
- विद्यालयका शिक्षक, प्रधानाध्यापक र विभिन्न समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- प्रधानाध्यापकको छनौट र नियुक्ति प्रक्रियामा कार्यसम्पादन करार गरी विद्यालयको व्यवस्थापकीय पक्षमा सुधार ल्याउने ।

## ५.१.४ रणनीतिहरू

- संघ र प्रदेश सरकारसँगको समन्वय, सहअस्तित्व र सहकारिता प्रवर्द्धन गरिनेछ ।
- प्रधानाध्यापकसंग कार्यसम्पादन करार गर्ने अभ्यासको थालनी गर्नुका साथै प्रधानाध्यापकलाई शिक्षक सहायता प्रणालीप्रति जिम्मेवार बनाइनेछ ।
- विद्यालयका शिक्षक, कर्मचारी र विभिन्न समितिका पदाधिकारीहरूको क्षमता विकास गरिनेछ ।
- विद्यालय शिक्षा सम्बद्ध मुख्य जिम्मेवार व्यक्ति तथा पदाधिकारीहरूलाई कार्यसम्पादनमा उत्तरदायी र नतिजाप्रति जवाफदेही बनाइनेछ ।
- विद्यालयको सर्बाङ्गीण विकासको लागि वास्तविक विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयनमासहजीकरण गरिनेछ ।

## ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### ५.१.५.१ उपलब्धिः

विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायीप्रणालीको विकास भएको हुने छ ।

### ५.१.५.२ प्रमुख नतिजाः

- विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना र जनशक्ति तयार हुने ।
- विद्यालय शिक्षाको शासकीय र व्यवस्थापनमा सहभागी हुने सबै निकाय एवम् व्यक्तिहरूको दायित्व र अधिकार स्पष्ट हुने ।
- विद्यालय शिक्षा सम्बद्ध व्यक्ति, नियका र जनशक्तिको क्षमता सुधारका साथै शिक्षासम्बन्धी कानुन तर्जुमा भईकार्यान्वयन हुने ।

### ५.१.५.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | विद्यालय शिक्षासम्बन्धी आवश्यक कानुन तर्जुमा | ओटा | आवश्यकता अनुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २५० | सङ्घ र प्रदेश, स्थानीय तह |
| २ | प्रधानाध्यापकसंग कार्यसम्पादन करार गरी नतिजाप्रति उत्तरदायी र जिम्मेवार सम्बन्धि कार्यक्रम संचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५३० | " " |
| ३ | शिक्षक सहायता प्रणालीको विकास तथा परिचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५०० | " " |
| ४ | विद्यालय शिक्षा सम्बद्ध निकाय तथा पदाधिकारीहरूको क्षमता विकास तालिम | पटक | १० | २ | २ | २ | २ | २ | १५०० | " " |
| ५ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | वटा | १/ निरन्त | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५०० | " " |
| ६ | विद्यालय शिक्षा सम्बद्ध सरोकारवालाहरूको अधिकार, जिम्मेवारी र कामको बाँडफाँड | पटक | १ | १ | | | | | ५०० | " " |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने | ओटा | २६० | ५२ | ५२ | ५२ | ५२ | ५२ | ७५० | " " |
| ८ | संस्थागत विद्यालयको वर्गीकरण र स्तरीकरण गरिने | ओटा | १५ | ३ | १० | २ | | | ३५० | " " |
| ९ | CLC लाई प्रभावकारी रुपमा संचालन र नियमन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००० | " " |
| | अनुमानित बजेट | | | | | | | | ८८३० | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ वर्तमान अवस्था

भेरीगंगा नगरपालिकाको शिक्षा क्षेत्र योजनाको कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति,प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन्। नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील हुनुका सतही केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने देखिन्छ । शिक्षा क्षेत्रयोजनानिर्माण पश्चात यो योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक जनशक्ति व्यवस्थापन, कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता, तीन तहका सरकार बीचको समन्वय र सहकार्य, वार्षिक रणनीतिक योजना र कार्यान्वयन,योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिकाको तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण लाई मध्यनजर गरी यो योजना तयार गरिएको छ ।

यस भेरीगंगा नगरपालिकामा कार्यरत जनशक्तिको विवरणः

| क्र.स | नाम/थर/ पद | क्र.स | नाम/थर/ पद |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद पोखरेल, प्रमुख प्रशासकीय अधिकृत | २० | चित्रके.सी सव.इन्जिनियर खानेपानी सरसफाई तथा वातावरण शाखा |
| २ | मानबहादुर ठाडा, लेखा अधिकृत (आर्थिक प्रशासन शाखा) | २१ | सविताराणा महिला विकास निरीक्षक पाँचौ |
| ३ | गजेन्द्रकुमार जि.सी.,शाखा अधिकृत शिक्षा,युवातथा खेलकुद शाखा | २२ | युवराजदेवकोटा लेखापाल,आर्थिक प्रशासन शाखा |
| ४ | सीताकुमारी खत्री (गिरी)शाखा अधिकृतप्रशासन शाखा | २३ | राजकुमार चालिसे पशु स्वास्थ्य प्राविधिक पाँचौ |
| ५ | नेत्रबहादुर देवकोटा अधिकृत,स्वास्थ्य शाखा प्रमुख | २४ | हेमागुरुङ सहायक स्तर पाँचौ |
| ६ | विमलरावत सि.अ.हे.ब.छैटौं | २५ | भीमकुमारी अधिकारी कृषि प्राविधिक पाँचौकृषि वि शाखा |
| ७ | पीताम्बर पौडेल, अधिकृत | २६ | डम्बरढकाल सव.ओभरसियर |
| ८ | शिशिरकुमार खड्का अधिकृतस्तर छैटौं | २७ | डिकेन्द्र पौडेल अमिन |
| ९ | देविकुमारीराना अधिकृतस्तर छैटौं | २८ | उज्जवल रावत सव.ओभरसियर |
| १० | टेकपालनेपालीअधिकृतस्तर छैटौं | २९ | लाल बहादुर बुढा सव.ओभरसियर |
| ११ | भोजप्रसाद चपाईपशु विकास अधिकृत छैटौं | ३० | रत्ना उपाध्याय मुखीया |
| १२ | अर्जुनचपाई जनस्वास्थ्य नीरिक्षक छैटौं | ३० | विण्णु प्रसाद भट्टराई सई |

| | | | |
|---|---|---|---|
| १३ | कुलबहादुर खड्का नासु | ३१ | पुस्कर रोका |
| १४ | मोतिलालप्रसाद सव.इन्जिनियर प्राविधिक | ३२ | वलबहादुर डि.सी. सव.ओभरसियर |
| १५ | गणेश कार्की सई | ३३ | सविना रेग्मी असई |
| १५ | चित्राडाँगी सहायक स्तर पाँचौ | ३४ | कृष्णबहादुर शाही का.स. |
| १७ | बिजयकुमार खत्री इन्जिनियर | ३५ | केशरबहादुर नेपाली का.स |
| १८ | कृष्णप्रसाद शर्मा अधिकृतस्तर छैटौं | ३६ | बेल बहादुर डाँगी का.स. |
| १९ | प्रकाश पौडेल रोजगार संयोजकरोजगार सेवा केन्द्र | ३७ | कृष्टीथापा कम्प्युटर अपरेटर |

अन्य स्थानीय तह जस्तै यस नगरपालिकामा पनि टुक्रे आयोजनाको बाहुल्य रहने गरेको छ । यस्तो अवस्थामा बजेटको आधारमा लागत अनुमान तयार गर्ने कि कार्यको आवश्यकताको आधारमा गर्ने दोधार एकातिर रहेने गैरेको छ ।विशेषगरी नागरिकको सबैभन्दा नजिकको सरकारका रूपमा रहेको स्थानीय तहको बजेट तर्जुमा कार्यमा आम स्थानीय सरोकारवाला व्यक्ति, नागरिक समाज, स्थानीय संघ, संस्था, स्थानीय बुद्धिजीवी एवं स्थानीय राजनीतिक दलको महत्वपूर्ण चासो र निगरानी हुने गर्दछ । स्थानीय तहमा बजेट कस्तो बन्यो भन्दा पनि बजेट कसरी बनिरहेको छ भन्ने विषयमा आमनागरिकको ध्यान केन्द्रीत हुने गरेको पीएको छ ।त्यस्तै विषयगत समितिको आयोजना तथा कार्यक्रम छनोट प्रक्रियामा समेत सरोकारवाला निकायको सहभागिता सुनिश्चित हुन सकेको देखिँदैन यसतर्फ पनि ध्यान दिन आवश्यक छ । विशेषगरी कृषि, शिक्षा, पशु,स्वास्थ्य, लक्षितवर्ग समुदायको कार्यक्रम तर्जुमा गर्दा सरोकारवाला पक्षको सहभागिता सुनिश्चित हुन सक्नुपर्छ । स्थानीय तहको बजेट तर्जुमा गर्दा अर्को महत्वपूर्ण पक्ष भनेको राजस्व परामर्श समितिको प्रतिवेदन रहेको छ । स्थानीय तहले धेरै कर लगाए भन्ने व्यापक जन गुनासो रहेको सन्दर्भमा प्रत्येक वर्षको सुरुवाती चरणदेखि नै राजस्व सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ भने बजेट तर्जुमा दिग्दर्शनमा व्यवस्था भएअनुसार पौष १५ गतेभित्र नै कार्यपालिकामा राजस्व अध्ययन प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था भए तापनि यस विषयले प्राथमिकता पाउन सकेको छैन हतार हतार अन्तिम समयमा गर्ने प्रचलन देखिएको छ ।

अतः प्रत्येक वर्ष वार्षिक बजेटको क्यालेन्डर तयार गरी सोही अनुसार बजेटका सबै चरणमा घनिभूत छलफल, अन्य स्थानीय तहका अनुकरणीय अभ्यास, सरोकारवाला निकायको सहभागिता सुनिश्चित गर्दै नागरिकका वास्तविक समस्या, स्थानीय आवश्यकताअनुसार योजना तथा बजेट तर्जुमा गर्नु आजको आवश्यकता रहेको छ ।

### ५.२.३ लक्ष्य

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.४ उद्देश्य

- स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढीकरण गरी शिक्षा क्षेत्र योजनालाई प्रभावकारी बनाउन सरोकारवालाहरूलाई सुसूचित गर्नु ,
- शिक्षा क्षेत्र योजना अन्तर्गतका स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाइ उपलव्धी सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धिको लागि आवश्यक सहजिकरण गर्नु,
- शिक्षा क्षेत्र योजनाका उप-क्षेत्र अन्तर्गत तर्जुमा गरिएका कार्यक्रमको कार्यान्वयनमा एकरूपता कायम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न मदत पुर्याउनु ,
- वार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न सम्बन्धित तह/ निकायको भूमिका स्पष्ट गरी अपेक्ष नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु,
- वार्षिक कार्यक्रम कार्यान्वयन र स्रोत परिचालन एवम् प्रतिवेदन पद्धतिलाई दिशा निर्देश गर्नु /गराउनु,

### ५.२.५ रणनीतिहरू

- संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
- विद्यालय व्यवस्थापनलाई सवल,सक्षम र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
- अभिभावक तथा सरोकारवालाहरूको सहभागितामा अन्तरक्रिया वैठक भेला तथा स्वमुल्यांकन र सामाजिक परीक्षण गराउने ।

### ५.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### ५.२.६.१ उपलब्धिः

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

### ५.२.६.२ प्रमुख नतिजाः

- विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक भएको हुनेछ ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूकालागिसाक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा कार्य सम्पादन भएका हुनेछन् ।
- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संगको सहाकार्य बाट विद्यालय सुधार योजना तर्जुमा भई र कार्यान्वयनमा सहजीकरण भएको हुनेछ ।

### ५.२.६.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | ५ | १ | १ | १ | १ | १ | १५० | न.पा |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | | १ | | | | १५० | " " |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधिकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | " " |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | | | | | १००० | विद्यालय |
| ५ | एकिकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २५०० | विद्यालय |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ४५०० | नपा, विद्यालय |
| ७ | अनौपचारिकशिक्षारजीवनपर्यन्तसिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | २००० | " " |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरुलाई थप सहजीकरण गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५०० | नपा, विद्यालय |
| | **अनुमानित बजेट** | | | | | | | | १२३०० | |

## ५.३ अनुगमन तथा मूल्यांकन

### ५.३.१ वर्तमान अवस्था

विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि नियमित अनुगमन र सुपरीवेक्षण अपरिहार्य हुन्छ । मुलुक सङ्घीय प्रणालीमा प्रवेश गरेसँगै विद्यालय अनुगमन, नियमन र सुपरीवेक्षणको जिम्मेवारी स्थानीय तहमा कायम रहेकोछ ।शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी,नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।विद्यालय सुपरिवेक्षणमा कतै रिक्तता त कतै अन्योलताको अवस्था देखिन्छ। सर्वप्रथम यसका लागि राष्ट्रिय मापदण्डको तर्जुमा हुनु आवश्यक रहेकोछ । उक्त मापदण्डअनुरूप स्थानीय तहले आ-आफ्नो क्षेत्रमा योजनाबद्ध रूपले विद्यालयमा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोग, शिक्षण सिकाइ क्रियाकलापको सञ्चालन, विद्यार्थी मूल्याङ्कन, विद्यालयको सूचना र अभिलेख व्यवस्थापन, शिक्षक र कर्मचारीको परिचालन, आर्थिक कारोबारको लेखा र लेखापरीक्षणलगायतको नियमन तथा शैक्षणिक योजना निर्माण, शिक्षण सामग्रीको निर्माण र प्रयोगको सुपरिवेक्षण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा शिक्षकलाई पेसागत सहयोग गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

योजनाको कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरण गर्न प्रयाप्त जनशक्ति नहुनु, जनशक्तिको अभाव हुनु, भएका जनशक्तिमा पनि यस्तो ज्ञान सीप र क्षमता प्रयाप्त नहुनु अनुगमन र मूल्याङ्कनलाई प्राथमिकतामा नराखिनु, कार्यक्रम कार्यान्वयन गर्न अनुगमन तथा मूल्याङ्कन गर्न स्रोत सामग्री र आर्थिक अभाव हुनु, कार्य मूल्याङ्कनका आधारमा राम्रो गर्नेलाई प्रोत्साहन, मूल्याङ्कन र पुरस्कृत गर्न र अनुचित गर्नेलाई दण्डित गर्न नसक्नु यस क्षेत्रका समस्या र चुनौती हुन भने, स्थानीय पालिकावाट नै विद्यालय शिक्षाको योजना कार्यान्वयन, प्रशासन, मूल्याङ्कन,अनुगमन र सहजीकरण हुनु, उक्त सहजीकरण र अनुगमन गर्न सक्ने दक्ष पाका अनुभवी शिक्षकहरु रहनु स्थानीय वडा र नगरपालिकावाट योजना कार्यान्वयन, अनुगमन मूल्याङ्कनका लागि बजेट र कार्यक्रम छुट्याइ कार्यान्वयन हुनु विभिन्न कार्यविधिहरु बन्नु, संघ संस्था निकाय, समुदाय र वि.व्य.स.को सहयोग रहनु यस क्षेत्रका अवसरहरुको रुपमा रहेका छन् ।

### ५.३.३ लक्ष्य

शैक्षिक योजना तथा कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन भइ गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने ।

### ५.३.४ उद्देश्य

- अनुगमन तथा मूल्याङ्कनकालागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु ।
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

### ५.३.५ रणनीतिहरू

- प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने ।
- शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।
- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गर्ने
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।
- योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

### ५.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### ५.३.६.१ उपलब्धिः

अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भई नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन भएको हुनेछ ।

#### ५.३.६.२ प्रमुख नतिजाः

- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ ।
- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

### ५.३.६.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | अनुगमन तथा मुल्यांकन मार्गदर्शन निर्माण | पटक | १ | | १ | | | | १०० | न.पा., गै.स.स |
| २ | नतिजामा आधारित अनुगमन तथा मुल्यांकन प्रणाली कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | न.पा. |
| ३ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अध्यावधिक गर्ने | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | न.पा. |
| ४ | नगरशिक्षाले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५० | न.पा. |
| ५ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००० | न.पा. |
| ६ | स्थिति प्रतिवेदन तयार गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | न.पा. |
| ७ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | न.पा. |
| ८ | विद्यालय कार्यसम्पादन एवम् स्व मूल्यांकन गर्ने, गराउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २५०० | न.पा. |
| | **अनुमानित बजेट** | | | | | | | | ५७५० | |

# परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन

## ६.१ वर्तमान अवस्था

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण तथा उन्नत समाज विकासका लागि सरकार तथा समुदायले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । भविष्यका लागि गुणस्तरीय मानव संसाधनको विकास गर्न शिक्षामा लगानी गरिन्छ। त्यसैले बालबालिकाको शिक्षामा गरिने लगानी व्यक्ति, समाज रराज्यको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ। राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रूप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनुपर्दछ। ती तीन पक्षहरूमा पहिलो, राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, दोस्रो, सहभागी भई सकेकालाई उचितर गुणस्तरीय शिक्षाको सुनिश्चितता र तेस्रो, स्रोतको समतामूलक वितरण र उपयोग रहेका छन्।नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकाङ्क्षा तथा आवश्यकता, विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, अन्तर्राष्ट्रिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापनगरिँदै आएको छ । यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन् । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन-२०७५ जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली-२०७७ पनि स्वीकृत गरेको छ। संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीयशिक्षा प्रदान गर्नका लागि आवश्यक स्रोतको खोजी,प्राथमिकीकरण,स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ ।संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजीक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ। नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा उल्लेख गरेको पाइन्छ। समानीकरण अनुदानको हकमा प्राकृतिक तथा वित्त आयोगको सिफारिसमा संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । विशेष अनुदान र समपूरक अनुदानको राष्ट्रिय योजना आयोगबाट वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्थापन हुँदै आएको छ । सशर्त अनुदान सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्रक्रिया पूरा गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा स्थानीय र प्रदेश तहबाट हाल अभ्यास भएको देखिँदैन । सङ्घीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न

किसिमका अनुदान वाहेक स्थानीय तथा प्रदेश तहको आफ्नै स्रोतमा आधारित बजेट पनि शिक्षा क्षेत्रमा सम्बन्धित तहले विनियोजन गर्न सक्दछ । शिक्षामा राज्यको पर्याप्त लगानी समतामूलक र न्यायपूर्ण समाज व्यवस्था विकासका लागि महत्वपूर्ण पक्ष हो ।

भेरीगंगा नगरपालिकाको सन्दर्भमा यहाँको शिक्षा क्षेत्रको विकासका लागि सङ्घीय सशर्त बजेटबाट नै प्राप्त हुने गर्दछ। केही रकम नगरपालिकाले वित्तीय समानीकरण अनुदानबाट विनियोजन गर्दछ भने थोरै मात्रामा कर्णाली प्रदेश सरकारबाट शिक्षा क्षेत्रको लागि बजेट प्राप्त भएको अवस्था छ । वर्षेनी बजेट अपर्याप्त हुँदा शिक्षक र कर्मचारीको समेत तलब भत्ता निकासा गर्न समेत मुस्किल परिरहेको अवस्था छ । सङ्घीय सरकारबाट प्राप्त हुने बजेट करिब ९९ प्रतिशत रकम तलब भत्ता र अनुदान रहेकाले नगरपालिकाको शैक्षिक गुणस्तर उन्नयनको पाटोमा उक्त रकम निशर्त परिचालन गर्न सक्ने अवस्था रहदैन । नगरपालिकाले पनि कुल बजेटको करिब १० प्रतिशतको हाराहारीमा शिक्षा क्षेत्रको लागि वर्षेनी बजेट विनियोजन गरिरहेको छ । उक्त रकमध्ये ७५ प्रतिशत बजेट नगरपालिकाले सिर्जना गरेको स्वयंसेवक शिक्षक, बालविकासका सहजकर्ताको पारिश्रमिक तथा प्रधानाध्यापक र कर्मचारीको प्रोत्साहनमा खर्च हुने गरेको छ । नगरपालिकाको समग्र शैक्षिक गुणस्तरमा अपेक्षा गरेबमोजिम लगानी गर्न सकिएको अवस्था देखिदैन ।लगानी तथा श्रोत व्यवस्थापनमा यस पालिकामा देखिएका चुनौती तथा अवसरहरुलाई यस प्रकार प्रस्तुत गरिएको छ ।

१. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी बृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने,

२. संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने,

३. संवैधानिक मार्गदर्शन तथा नीतिअनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने,

४. सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने, वैदेशिक सहायता प्राप्ति, परिचालन र त्यसको दिगोपना सुनिश्चित गर्नु, आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्नु,

५. प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना निर्धारण गर्नु,

६. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्नु,

७. शिक्षामा समता तथा समावेशीता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्नु,

८. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्नु, जस्ता विषयहरू अझ पनि चुनौतिको रूपमा रहेका छन् ।

तीन तहको सरकार अनुसार संघ, प्रदेश र स्थानीय तहको लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक बनाउने भन्ने विषय पनि शिक्षामा लगानीका सम्बन्धमा अहम् महत्वको विषय बनेको छ । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष हुन् । पहिचान गरिएका माथि उल्लेखित चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आँकलन तथा व्यवस्थापन गरी तीनै तहको सरकारवाट गुणस्तरीय शिक्षा प्राप्तिकोलागि लगानी बढाउने अवसर समेत छ ।

### ६.३ लक्ष्य

विद्यालयमा गुणस्तरीय शिक्षाको पहुँचका लागि शिक्षामा लगानीको सुनिश्चितता गराउनु ।

### ६.४ उद्देश्य

- योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
- विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।
- खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।
- गुणस्तरीय तथा जीवनपयोगी शिक्षाका लागि थप लगानी र स्रोत परिचालन गर्नु ।
- विद्यार्थी टिकाउ दर र कक्षा छाड्ने दरमा उल्लेख्य सुधार गर्नु।

### ६.५ रणनीतिहरू

- विद्यालय शिक्षामा कानुनमा तोकिएबमोजिम संघीय र प्रदेश सरकारसँग लागत साक्षेदारीमा आर्थिक दायित्व व्यहोरिनेछ ।
- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी नगरपालिकाको भएकोले शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न जवाफदेही हुने पद्धतिको विकास गरिनेछ ।
- स्रोतको उपयोग गर्ने प्रमुख इकाई विद्यालय हुने भएकाले गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयबाट निर्वाह हुने व्यवस्था गरिनेछ ।
- सुत्र र नतिजामा आधारित स्रोत विनियोजन पद्धतिलाई अङ्गीकार गरिनेछ ।
- वित्तीय व्यवस्थापन प्रणाली र सार्वजनिक खरिद प्रणालीक दृढताका साथ परिपालना गरिनेछ ।
- शिक्षा बजेटमा हुने न्यूनता पूरा गर्नका लागि विकास साझेदारहरू सहकार्य गरिनेछ ।

- सार्वजनिक सेवा, सामाजिक दायित्व र सेवामूलक व्यवसायका रूपमा विद्यालय सञ्चालन गर्ने निजी विद्यालयहरूलाई प्रोत्साहित गरिनेछ ।
- अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, सशर्त र विशेष अनुदानको अवलम्बन गरिनेछ ।
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ ।
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सुदृढ गरिनेछ।

## ६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### ६.६.१ उपलब्धिः

विद्यालय शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच,समता, गुणस्तर रक्षमता विकासमा सुधार हुने।

### ६.६.२ प्रमुख नतिजाः

- विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान रपरिचालन हुने ।
- विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने ।
- मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास हुने ।
- निजी शिक्षण संस्थाहरूले सार्वजनिक सेवा, सामाजिक दायित्त्व र सेवामूलक व्यवसायको रूपमा विद्यालय सञ्चालनगरेको हुने ।
- स्रोत व्यवस्थार परिचालनमा समुदाय र गैससहरूसँगको साझेदारी विकासभएको हुने ।
- सबै शिक्षण संस्थाहररूको सामाजिक परीक्षण भएको हुने ।

### ६.६.३ प्रमुख क्रियाकलाप र लक्ष्य योजना तालिकाः

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | विद्यालयहरूमा लेखासम्बन्धी सफ्टवेयर व्यवस्था | पटक | ४ | | १ | १ | १ | १ | १५०० | " " |
| २ | लगानीको लागि स्थानीय गैससहरूसँग साझेदारी | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ४५०० | " " |
| ३ | नतिजामा आधारित स्रोत विनियोजन पद्धतिविकास तथा कार्यान्वय | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००० | " " |
| ४ | विद्यालयको लेखा प्रणाली सुदृढीकरणको लागि लेखासम्बन्धी तालिम सञ्चालन | पटक | १० | २ | २ | २ | २ | २ | १५०० | " " |

| क्र स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | बजेटरू | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| ५ | विद्यालयहरूबाट शिक्षा ऐन नियम र आर्थिक ऐन नियमको परिपालना र दोहोरो लेखा प्रणाली अवलम्बन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५०० | " " |
| ६ | सबै शैक्षिक संस्थाहरूको स्वमुल्यांकन सहित सामाजिकपरीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | १००० | " " |
| ७ | योजनामा आधारित स्रोत बाँडफाँड र लगानी गर्ने प्रणालीको स्थापना | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ६०० | " " |
| | **अनुमानित बजेट** | | | | | | | | १०१०० | |

## ६.७ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

योजनामा शिक्षाका सबै क्षेत्र अन्तर्गत प्रस्ताव गरिएका कार्यक्रम अनुसार बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ भने प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम सक्षमताका मापण्ड पूरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्नका लागि आवश्यक हुने गरी लगानीमा वृद्धि गर्नुपर्ने आवश्यकतालाई ख्याल गरेर लगानी वृद्धि गरिएको छ । माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यावसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ । योजनाको दश वर्षमा करिब ८० प्रतिशत आधारभूत र माध्यमिक तह सञ्चालन भएका विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताका मापदण्ड पूरा गर्ने गरी बजेट प्रस्ताव गरिएको छ । विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ । पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा स्थानीय पाठ्यक्रमको विकास, परिमार्जन र कार्यान्वयनमा प्रभावकारीता अभिबृद्धि गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, निरन्तर शिक्षा र खुला सिकाइलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने, माध्यमिक तहसँग उच्च शिक्षाको सम्बन्ध स्थापित गर्न नगरपालिका क्षेत्रमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाको संस्थागत क्षमता विकासमा सहयोग गर्ने, आधारभूत तहसम्म दिवा खाजाको प्रबन्ध गर्ने, समता तथा समावेशीतामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमध्ये केहीलाई आवासीय प्रबन्ध सहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्ति प्रदान गर्ने प्रयोजनका लागि पनि उल्लेख्य बजेट प्रस्ताव गरिएको छ ।

आगामी ५ वर्ष यो नगर शिक्षा क्षेत्र योजना अन्तर्गतका गतिविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न र सेवा प्रवाहलाई प्रभावकारी र सयम सापेक्ष बनाउन स्थानीय सरकार, विषयतगत कार्यालय, विकास साझेदार, निजी क्षेत्र तथा समुदाय समेतको साझेदारीमा जम्मा रु. ८३ करोड ६६ लाख ५५ हजार श्रोत परिचालनको लागि तपसिल वमोजिमको प्रस्ताव गरिएको छ ।

| क्र.सं. | शिक्षा योजनाका उप-क्षेत्रहरू | प्रस्तावित बजेट(रु.हजारमा) | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास रशिक्षा | ७६६० | ०.९१ | |
| २ | आधारभतू शिक्षा | २६०२५० | ३१.१० | |
| ३ | माध्यमिक शिक्षा | १५९२०० | १९.०२ | |
| ४ | पाठ्यक्रम र मूल्यांकन | १५३५० | १.८३ | |
| ५ | शिक्षक व्यवस्थापन रविकास | ३७८०० | ४.५१ | |
| ६ | अनौपचारिक शिक्षा रजीवनपर्यन्त सिकाइ | १२५०० | १.४९ | |
| ७ | प्राविधिक तथाव्यावसायिक शिक्षा | १२०५० | १.४४ | |
| ८ | अन्तरसम्बन्धित विषयतथा क्षेत्रहरु | २९४८६५ | ३५.२४ | |
| ८.१ | शैक्षिक समता रसमावेशीकरण | ८८५५ | १.०५ | |
| ८.२ | दिवा खाजासहितस्वास्थ्य तथा पोषण कार्यक्रम | १६०२५० | १९.१५ | |
| ८.३ | आपतकालीन तथासंकटकालीन अवस्थामा शिक्षा | ७९५० | ०.९५ | |
| ८.४ | विद्यालय भौतिकपूर्वाधार विकास | ८२७५० | ९.८९ | |
| ८.५ | विद्यालयमा सूचना तथासञ्चार प्रविधि | ३५०६० | ४.१९ | |
| ९ | सुशासन तथा व्यवस्थापन | २६८८० | २.९५ | |
| ९.१ | संस्थागत क्षमता विकास | ८८३० | १.०५ | |
| ९.२ | स्थानीय शिक्षा योजनाकार्यान्वयनको प्रबन्ध | १२३०० | १.४७ | |
| ९.३ | अनुगमन तथा मूल्यांकन | ५७५० | ०.६८ | |
| १० | लगानी र स्रोतव्यवस्थापन | १०१०० | १.२० | |
| | कुल जम्मा रकम(रु.हजारमा) | ८३६६५५ | १००.०० | |

# परिच्छेद ७: मुख्य उपलब्धी सूचकहरु

## ७.१ मुख्य मुख्य कार्यसम्पादनका सूचकहरु

| क.सं. | सूचकहरू | ५ वर्षे अपेक्षित उपलब्धि लक्ष्यसूचक | | १० वर्षको |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | पहिलो ३ वर्ष | अन्तिम २ वर्ष | उपलब्धिसूचक |
| १.१ | कुल भर्ना दर (GER) | ९८.५० | १०० | १०० |
| १.२ | खुद भर्ना दर (NER) | ८७.२२ | ९०.८५ | १०० |
| १.३ | लैङ्गिक समता सूचक (GPI) | ०.९३ | ०.९८ | १०० |
| १.४ | प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा भर्नाहुने बालबालिकाको प्रतिशत | ९०.१३ | ९६.४४ | १०० |
| १.५ | निर्धारित योग्यता पुगेका शिक्षक प्रतिशत | १०० | १०० | १०० |
| १.६ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० |
| २ | आधारभूत शिक्षा (कक्षा १-८) | | | |
| २.१ | कुल प्रवेश दर/ (GIR) (कक्षा १) | १०५.५८ | १०२ | १०० |
| २.२ | खुद प्रवेश दर (NIR) (कक्षा १) | ९७.८६ | ९९.८२ | १०० |
| २.३ | कुल भर्ना दर/ (GER) (कक्षा १-५) | १०८.२३ | १०२ | १०० |
| २.४ | खुद भर्ना दर (NER)(कक्षा १-५) | ९९.०० | १०० | १०० |
| २.५ | कुल भर्ना दर(GER) (कक्षा ६-८) | ११०.०० | १०० | १०० |
| २.६ | खुद भर्ना दर (NER) (कक्षा ६-८) | ९८.०० | १०० | १०० |
| २.७ | कुल भर्ना दर(GER) (कक्षा १-८) | १११.०० | १०८ | १०५ |
| २.८ | खुद भर्ना दर (NER) (कक्षा १-८) | ९८.०० | ९९ | १०० |
| २.९ | खुद भर्ना दरमा लैङ्गिक समता सूचक (GPI)(कक्षा १-८) | १०० | १०० | १०० |
| २.१ | विद्यार्थी टिकाउ दर (कक्षा ८) | ९३.९५ | ९९ | १०० |
| २.११ | आधारभूत तह पुरा गर्ने दर | ७९ | ८५ | ९५ |
| २.१२ | विद्यार्थी उतीर्ण दर (कक्षा १-५) | ९६ | ९८ | १०० |
| २.१३ | विद्यार्थी उतीर्ण दर (कक्षा ६-८) | ९४ | १०० | १०० |
| २.१४ | कक्षादोहो-याउने दर (१-५) | २.५ | २.०० | 0 |
| २.१५ | कक्षादोहो-याउने दर (६-८) | ४.५ | ३.०० | 0 |
| २.१६ | विद्यालय छाड्ने दर कक्षा (१-५) | १.५० | १.२५ | 0 |

| | | | | |
|---|---|---|---|---|
| २.१७ | विद्यालय छाड्ने दर कक्षा (६-८) | १.५ | १ | ० |
| **३** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | |
| ३.१ | कुल भर्ना दर (कक्षा ९-१०) | ११० | १०७ | १०४ |
| ३.२ | खुद भर्ना दर (कक्षा ९-१०) | ८६.३२ | ९४.९६ | ९८ |
| ३.३ | कुल भर्ना दर (कक्षा ९-१२) | ८०.७० | ९०.३८ | १०० |
| ३.४ | खुद भर्ना दर (कक्षा ९-१२) | ७९.२४ | ८८.७५ | ९९.४० |
| ३.५ | कुल भर्ना दर (कक्षा ११-१२) | ७९.२३ | ८०.८२ | ९० |
| ३.६ | खुद भर्ना दर (कक्षा ११-१२) | ४६.३६ | ४७.२८ | ५० |
| ३.७ | खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (कक्षा ९-१२) | १००.०० | १०२.५० | १०० |
| ३.८ | उतीर्ण दर (कक्षा ९-१०) | ९७.५ | ९९.०३ | १०० |
| ३.९ | कक्षा दोहो-याउने दर (९-१०) | १.५ | १ | ० |
| ३.१ | विद्यालय छाड्ने दर (कक्षा ९-१०) | १ | ०.५ | ० |
| ३.११ | उतीर्ण दर (कक्षा ११-१२) | ९९.४६ | ९९.९६ | १०० |
| ३.१२ | कक्षा दोहो-याउने दर (कक्षा ११-१२) | ०.३ | ०.०० | ० |
| ३.१३ | विद्यालय छाड्ने दर (कक्षा११-१२) | ०.५१ | ०.४० | ० |
| **४** | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | ९३.०० | ९५.०० | १०० |
| ४.२ | १५-२४ को साक्षरता दर | ९६.०० | ९८.०० | १०० |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ९७.०० | ९९.०० | १०० |
| **५** | **न्यूनतम सक्षमता अवस्था (PMEC) पूरा गरेका विद्यालय प्रतिशत** | | | |
| ५.१ | प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्र प्रतिशत | ५० | ८० | ९५ |
| ५.२ | आधारभूत विद्यालय प्रतिशत (कक्षा १-८) | ५० | ७० | ९० |
| ५.३ | माध्यमिक विद्यालय प्रतिशत (कक्षा ९-१२) | ६० | ८५ | १०० |
| **६** | **कुल बजेटमा शिक्षा क्षेत्रमा बजेठ** | | | |
| ६.१ | नगरपालिका बजेटमा शिक्षामा बिनियोजित बजेट प्रतिशत | १५ | १८ | २० |

# अनुसूचीहरू

## (Appendices)

### अनुसूची १

भेरीगंगा नगरपालिकाका जनप्रतिनिधिहरूको विवरण

| क.स | पदाधिकारीको नार थर | प्द | सम्पर्क नं. |
|---|---|---|---|
| १ | यज्ञ प्रसाद ढकाल | नगर प्रमुख | ९८५८०६४११० |
| २ | धनसरा बोहरा | नगर उप प्रमुख | ९८५८०६४११२ |
| ३ | दिनेश पुलामी मगर | बडा अध्यक्ष १ | ९८६४९३८२२७ |
| ४ | चिरन्जिवि बुढा | वडा अध्यक्ष २ | ९८५८०४८५१८ |
| ५ | जीत बहादुर सुनार | वडा अध्यक्ष ३ | ९८६८१६९५६१ |
| ६ | गंगा बहादुर खत्री | बडा अध्यक्ष ४ | ९८४८०८५६५५ |
| ७ | प्रेम बहादुर सारु | वडा अध्यक्ष ५ | ९८६३१४१३९५ |
| ८ | लालसिङ बुढाक्षेत्री | बडा अध्यक्ष ६ | ९८४८०३२६६४ |
| ९ | कर्ण बहादुर मिजार | बडा अध्यक्ष ७ | ९८४८०९४५३४ |
| १० | पुसे कामी | बडा अध्यक्ष ८ | ९८५८०६७३३२ |
| ११ | प्रेम बहादुर आग्री | बडा अध्यक्ष ९ | ९८४८२९८६८७ |
| १२ | विर बहादुर बस्नेत | वडा अध्यक्ष १० | ९८४८०४७८९७ |
| १३ | जय बहादुर नेपाली | बडा अध्यक्ष ११ | ९८४८१९१८४४ |
| १४ | राम बहादुर डांगी | बडा अध्यक्ष १२ | ९८४१३८८९७५ |
| १५ | गणेशबहादुर भण्डारी | बडा अध्यक्ष १३ | ९८४८१९२८३७ |
| १६ | शेर बहादुर कामी | कार्यपालिका सदस्य | ९८६३१२२५४० |
| १७ | सहविर महर | कार्यपालिका सदस्य | ९८६८९०५१४० |
| १८ | मानसिङ परियार | कार्यपालिका सदस्य | ९८४८११३७२४ |
| १९ | पवित्रा घर्ति | कार्यपालिका सदस्य | ९८६७१८४२८५ |
| २० | गौमाया खत्री | कार्यपालिका सदस्य | ९८४८२१४२१९ |
| २१ | ओविसरा बस्याल | कार्यपालिका सदस्य | ९८००५३२०६७ |
| २२ | खगीसरा पुन मगर | कार्यपालिका सदस्य | ९८४८२९२७४९ |
| २३ | अमृता वि.सी (विष्ट) | महिला सदस्य | ९८४८२८५३०९ |
| २४ | रमेश कार्की | खुला सदस्य | ९४४२३५५५७८ |
| २५ | टोप बहादुर गुरुङ | खुला सदस्य | ९८२९६०५५५९ |
| २६ | तुलसरा नेपाली | दलित महिला सदस्य | ९८४०७६५३३६ |

| क.स | पदाधिकारीको नार थर | प्द | सम्पर्क नं. |
|---|---|---|---|
| २७ | दुर्ग बहादुर सारु मगर | खुला सदस्य | ९८२२४८०५१२ |
| २८ | माग्ले बुढा | खुल्ला सदस्य | ९८४२७५२५१२ |
| २९ | हरिमाया नेपाली | दलित महिला सदस्य | ९८६६७००१२४ |
| ३० | संतोषी खत्री | खुल्ला सदस्य | ९७४९९५५७४३ |
| ३१ | श्याम बहादुर खड्का | खुल्ला सदस्य | ९८४८२०४७०१ |
| ३२ | सीता खत्री | महिला सदस्य | ९८२९६७३३२१ |
| ३३ | एलिना वि.क | दलित महिला सदस्य | ९८६८११८७४१ |
| ३४ | दरिमान सार्की | खुल्ला सदस्य | ९८४८०४०३०२ |
| ३५ | विर बहादुर खड्का | खुल्ला सदस्य | ९८६६२३१४२३ |
| ३६ | लिलादेवी डांगी | महिला सदस्य | ९८१९५९३२१४ |
| ३७ | बृहस्पती कामी | दलित महिला सदस्य | ९७४२८९८१८० |
| ३८ | गोरख बहादुर खड्का | खुल्ला सदस्य | ९८६८११८९१९ |
| ३९ | लोक बहादुर घर्ति | खुल्ला सदस्य | ९८६६१६४०६० |
| ४० | रुपमाया वली | महिला सदस्य | ९८४१८६३५२३ |
| ४१ | खगीसरा नेपाली | दलित महिला सदस्य | ९८४८२९०४६३ |
| ४२ | सन्त बहादुर डांगी | खुल्ला सदस्य | ९८१५५६४७८८ |
| ४३ | गन बहादुर वली | खुल्ला सदस्य | ९८६८११८५१७ |
| ४४ | सरीता वि.क | खलित महिला सदस्य | ९८१६५७८६५० |
| ४५ | सेर बहादुर कार्की | खुल्ला सदस्य | ९८२२५०७६४५ |
| ४६ | रतीसरा वि.क | खुल्ला सदस्य | ९८२४५९५३०३ |
| ४७ | मनकली बुढा मगर (खड्का) | महिला सदस्य | ९८४५३०९९४२ |
| ४८ | झुपाराम खत्री | खुला सदस्य | ९७४८१५९९४ |
| ४९ | झुपलाल सुनार | खुला सदस्य | ९७४८४८४४५८ |
| ५० | देउकली सुनार | दलित महिला सदस्य | ९८६८६५०७५४ |
| ५१ | ईश्वरी पोखरेल | खुला सदस्य | ९८५८०५३१७५ |
| ५२ | धन बहादुर कामी | खुला सदस्य | ९८४८०९७७७९ |
| ५३ | गंगा रोकाय | महिला सदस्य | ९८४८१९०६२१ |
| ५४ | लक्षीमा कामी | दलित महिला सदस्य | ९८२०४७५३७८ |
| ५५ | नोख बहादुर रोका | खुला सदस्य | ९८४८०६३५५९ |
| ५६ | गोपाल बनगाडी | खुला सदस्य | ९८२३२४५७५५ |
| ५७ | लालमति कामी | दलित महिला सदस्य | ९७४५५०३१६० |
| ५८ | छविलाल सुनार | खुला सदस्य | ९८४८०९७५१७ |

| क.स | पदाधिकारीको नार थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| ५९ | अम्मर चन्द ठकुरी | खुला सदस्य | ९८२३४४३३१ |
| ६० | बलिसरा खत्री | महिला सदस्य | ९८४८२७६९८१ |
| ६१ | भिमा वि.क | दलित महिला सदस्य | ९८४४८७३५९४ |
| ६२ | हरि प्रसाद सुवेदी | खुला सदस्य | ९८४८१२०२९८ |
| ६३ | इन्द्रलाल गिरी | खुला सदस्य | ९८४८११६४८३ |
| ६४ | इन्द्र कुमारी खड्का | महिला सदस्य | ९८६६८१४९९८ |
| ६५ | देवी चुनारा | दलित महिला सदस्य | ९८१२४५२९२४ |
| ६६ | डिल बहादुर थापा | खुला सदस्य | ९८०३२४१८३२ |
| ६७ | खड्क बहादुर थापा | खुला सदस्य | ९८२२४४५१८८ |
| ६८ | सीता शर्मा | महिला सदस्य | ९८४८०५०५७१ |
| ६९ | मान कुमारी नेपाली | दलित महिला सदस्य | ९८४२२४६३०७८ |

## अनुसूची २

सामाजिकविकास समितिकापदाधिकारीहरू

| क्र.सं. | नामथर | पद |
|---|---|---|
| १ | लालसिंह वुढा क्षेत्री | संयोजक |
| २ | गंगवहादुर खत्री | सदस्य |
| ३ | खगीसरा पुन | सदस्य |

## अनुसूची : ३

भेरीगंगा नगरपालिकानगरकार्यपालिकाकापदाधिकारीहरू

| क्रस | नाम थर | वडा नं | पद |
|---|---|---|---|
| १ | यज्ञ प्रसाद ढकाल | - | नगर प्रमुख |
| २ | धनसरा वोहरा | - | नगर उप-प्रमुख |
| ३ | दिनेश पुलामी | १ | वडा अध्यक्ष |
| ४ | चिरन्जिवि वुढा | २ | वडा अध्यक्ष |
| ५ | जित वहादुर सुनार | ३ | वडा अध्यक्ष |
| ६ | गंगावहादुर खत्री | ४ | वडा अध्यक्ष |
| ७ | प्रेमवहादुर सारु | ५ | वडा अध्यक्ष |
| ८ | लालसिंह विसी | ६ | वडा अध्यक्ष |
| ९ | कर्णवहादुर मिजार | ७ | वडा अध्यक्ष |
| १० | पुसे कामी | ८ | वडा अध्यक्ष |
| ११ | प्रेमवहादुर आग्री | ९ | वडा अध्यक्ष |
| १२ | विरवहादुर वस्नेत | १० | वडा अध्यक्ष |
| १३ | जयवहादुर नेपाली | ११ | वडा अध्यक्ष |
| १४ | रामवहादुर डाङी | १२ | वडा अध्यक्ष |
| १५ | गणेश वहादुर भण्डारी | १३ | वडा अध्यक्ष |
| १६ | शेरवहादुर कामी | - | कार्यपालिका सदस्य |
| १७ | मानसिंह दमाई | - | कार्यपालिका सदस्य |
| १८ | गौमाया खत्री | - | कार्यपालिका सदस्य |
| १९ | ओविसरा वस्याल | - | कार्यपालिका सदस्य |
| २० | पवित्रा घर्ती | - | कार्यपालिका सदस्य |
| २१ | खगीसरा पुलामी | - | कार्यपालिका सदस्य |
| २२ | अमृता विसी विष्ट | - | कार्यपालिका सदस्य |
| २३ | सहविर सुनार | - | कार्यपालिका सदस्य |

# अनुसूची ३

नगर शिक्षा समितिकापदाधिकारीहरू

| क्र.सं. | नामथर | प्द |
|---|---|---|
| १ | यज्ञ प्रसाद ढकाल | अध्यक्ष |
| २ | धनसरा वोहरा | सदस्य |
| ३ | कृण्णप्रसाद पोखेल | सदस्य |
| ४ | लालसिंह वुढाक्षेत्री | सदस्य |
| ५ | गणेश वहादुर भण्डारी | सदस्य |
| ६ | गंगा रोकाय | सदस्य |
| ७ | खगीसरा नेपाली | सदस्य |
| ८ | भक्त वहादुर रावत | सदस्य |
| ९ | दिपक कुमार वली | सदस्य |
| १० | पदम वहादुर खत्री | सदस्य |
| ११ | भुपेन्द्र वहादुर सिंह | सदस्य |
| १२ | नोख वहादुर खत्री | सदस्य |
| १३ | गजेन्द्रकुमार जिसी | सदस्य सचिव |

## अनुसूची ४

शिक्षा क्षेत्र योजना निर्माण प्राविधिक समितिमा सहभागी भएकाहरुको नामावली

| सिनं | सहभागीको नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | कृण्ण प्रसाद पोखेल | प्रमुख प्रशासकीय अधिकृत | भेरीगंगा नगरपालिका सुर्खेत |
| २ | गजेन्द्रकुमार जिसी | शाखा अधिकृत (आठौं) | भेरीगंगा नगरपालिका सुर्खेत |
| ३ | जितेन्द्रराज वली | प्रधानाध्यापक | शारदा मावि छिन्चु |
| ४ | लालवहादुर खड्का | शिक्षक | शारदा मावि छिन्चु |
| ५ | दयाराम आचार्य | शिक्षक | जनज्योति मावि झिङ्नी |
| ६ | प्रेमवहादुर थापा | प्रधानाध्यापक | लालीगुरांस मावि रामघाट |
| ७ | भिमवहादुर रावत | प्रधानाध्यापक | सामुदायिक मावि मोहटी |
| ८ | भक्तवहादुर रावत | अध्यक्ष | नेपाल शिक्षक महासंघ भेरीगंगा |
| ९ | भानुप्रसाद शर्मा | प्रधानाध्यापक | नेरामावि लोदे |
| १० | मानवहादुर वली | प्रधानाध्यापक | जनज्योति मावि झिङ्नी |
| ११ | भुपेन्द्र वहादुर सिंह | प्रधानाध्यापक | प्रभात मावि थानिचौर |
| १२ | टेकपाल नेपालि | अधिकृत (छैटौं) | भेरीगंगा नगरपालिका सुर्खेत |
| १३ | जनक वहादुर सिंह | प्रधानाध्यापक | शिखर मावि रामघाट |
| १४ | हुमलाल खत्री | प्रधानाध्यापक | चन्द्रोदय मावि काशिपुर |
| १५ | नमकली नेपाली | प्रधानाध्यापक | भवानी मावि चिउरीगैरा |
| १६ | मदन वहादुर पुन मगर | शिक्षक | शिखर मावि रामघाट |
| १७ | जयवहादुर खड्का | अध्यक्ष | नेपाल राष्ट्रिय शिक्षक संगठन भेरीगंगा |
| १८ | डा वावुराम भुषाल | प्रधानाध्यापक | छिन्चु इ वो स्कूल छिन्चु |
| १९ | कुल वहादुर वली | अध्यक्ष | नेपाल शिक्षक संघ भेरीगंगा |
| २० | हरिवहादुर नेपाली | अध्यक्ष | सामुदायिक सिकाइ केन्द्र छिन्चु |
| २१ | पुस्पाकुमारी खड्का | शिक्षक | सूर्यज्योति मावि हर्रे |
| २२ | भिमवहादुर वुढा | प्रधानाध्यापक | श्री जनज्योति मावि काल्पानी |

अनुसूची ५

| | |
|---|---|
| दस्तावेज | शिक्षा क्षेत्र योजना (२०८१/२०८२ - २०८५ /२०८६)<br>भेरीगंगा नगरपालिका<br>शिक्षा, युवा तथा खेलकुद शाखा, सुर्खेत<br>कर्णाली प्रदेश, नेपाल |
| समन्वय तथा सहकार्य | केयर नेपालको आर्थिक सहयोग तथा आवाज संस्थाको सहजीकरण |
| प्राविधिक सहयोग | श्री जीत बहादुर शाह<br>श्री ललित जंग शाही<br>सानिध्य कन्सल्टिंग प्रा. लि. वीरेन्द्रनगर सुर्खेत |
| मितिः | २०८१ |